# काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र

सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह

(एम.ए.) द्वितीय वर्षको दसौं पत्रको

प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

**सीता काफ्ले**

रोल नं. ९६२००८९

त्रि.वि. दर्ता नं. ९-१-२४५-२०३-२०००

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर- २०७०**



काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन

सीता काफ्ले

२०७०

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागकी दोस्रो वर्षकी छात्रा सीता काफ्लेले प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार गर्नु भएको हो । परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म सिफारिस गर्दछु ।

मिति : २०७१/०२/२५

.............................................

(डा.जीवेन्द्र देव गिरी)

प्राध्यापक, नेपाली केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय , कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा **सीता काफ्ले**ले स्नातकोत्तर तह, दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १.प्रा.डा.देवी प्रसाद गौतम<br>(विभागीय प्रमुख) | ...................... |
| २.प्रा.डा.जीवेन्द्र देव गिरी<br>(शोधनिर्देशक) | ....................... |
| ३.प्रा.डा.जयराज पन्त<br>(बाह्यपरीक्षक) | ........................ |

# कृतज्ञता-ज्ञापन

**काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफनो कार्य व्यस्तताका हुँदा हुँदै पनि मेरा लागि समय निकालेर अत्यन्त सौहार्द ढङ्गले परामर्श र उचित मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु प्रा. डा. जीवेन्द्रदेव गिरीज्यूले लगाउनु भएको गुण सदा सस्मरण रहिरहने छ ।

मलाई यस अवस्थामा ल्याइ पुऱ्याउन हरेक क्षेत्रबाट आफ्नो दायित्व निर्वाह गर्नु हुने बुबा बलराम काफ्ले र आमा गङ्गा काफ्लेप्रति म सधैँ ऋणी रहनेछु ।

यसरी नै लोकगीतहरु सङ्कलन गर्ने क्रममा पटक पटक खनालथोक गइ रहँदा सहयोगी भावना बोकेर सहयोग गर्नु हुने काभ्रेको भकुन्डे क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण बुबाआमा, दाजुभाइ तथा दिदी बहिनीहरुप्रति पनि म आभार प्रकट गर्दछु । साथै भकुन्डे क्षेत्रको सांस्कृतिक, आर्थिक र शैक्षिक गतिविधि जस्ता विविध पक्षबारे जानकारी गराउने जि.वि.स. काभ्रे, जि.शि.का. काभ्रेको सहयोगलाई सम्भनु पनि मैले आफ्नो कर्तव्य ठानेकी छु ।

यसरी नै मलाई अध्ययनका निम्ति उचित वातावरण तयार पारि दिनु हुने श्रीमान् कुलचन्द्र खनाल, आमाबुबा हिरादेवी र अग्निधर खनाल, दाइदिदी सुदर्शन खनाल र कमला खनाल लगायत अन्य परिवारका सदस्यहरु यन्त्रनाथ, रुकु,विन्दा, सागर, हेमन्त, अच्युत, शरद , कुशल र कुसुम खनालको गुण पनि कहिल्यै बिर्सने छैन ।

यस शोध पत्रलाई यथासम्भव शुद्ध र स्पष्टताका साथ टङ्कण गर्न सहयोग गरि दिनु हुने श्री जनहित उ.मा.वि.का शिक्षक मङ्गलबहादुर बि.क. र अन्य काममा सहयोग पु-याउनु हुने सम्पूर्ण शिक्षक शिक्षिकाज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई शुद्धताका साथ टाइप-प्रिन्ट गरिदिनुहुने जगवैदेश्वर टाइप प्रिन्ट कम्प्यूटर इन्सिच्युटका शिव चिमौरियालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रमा समावेश भएका सम्पूर्ण लोकगीतहरु सी.डी.मा सुरक्षितसाथ सङ्ग्रह गरिराखेको जानकारी गराउँदै यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.क्याम्पस नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७०/०२/२४/

......................

सीता काफ्ले

त्रि.वि.वि.

नेपाली केन्द्रीय विभाग, काठमाडौँ

शैक्षिक वर्ष (२०६७-२०६८)

# सङ्क्षेपीकृत शब्दसूची

**काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको अध्ययनमा प्रयोग भएका सङ्क्षिप्त शब्दहरुः**

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| इ.बो. | : | इङ्गलिस बोर्डिङ |
| क्र.सं. | : | क्रमसङ्ख्या |
| गा.वि.स | : | गाउँ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डि.से | : | डिग्री सेन्टिग्रेट |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नं. | : | नम्बर |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| पृ. | : | पृष्ठ |
| मि. | : | मिटर |
| सम्पा. | : | सम्पादक |
| सा.सं. | : | सातौं संस्करण |
| वि.सं. | : | विक्रम संवत् |

# विषय सूची


| विषय | पृष्ठ नं. |
|---|---|
| सोधनिर्देशको मन्तव्य | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| सङ्क्षेपीकृत शब्दसूची | |
| **परिच्छेद एक : शोध परिचय** | |
| १.१. विषय परिचय | १ |
| १.२.समस्या कथन | १ |
| १.३. शोधपत्रका उद्देश्यहरु | २ |
| १.४.पूर्वकार्यको समीक्षा | २ |
| १.५. शोधपत्रको औचित्य | २ |
| १.६. अध्ययनको सीमाङ्कन | ३ |
| १.७. शोधविधि | ३ |
| १.८.शोधपत्रको रूपरेखा | ३ |
| **परिच्छेद दुई : काभ्रेको भकुन्डे क्षेत्रको संक्षिप्त परिचय** | **५-९** |
| २.१. ऐतिहासिक पृष्ठभूमि | ५ |
| २.२. भौगोलिक परिचय | ५ |
| २.२.१.प्राकृतिक स्वरूप | ५ |
| २.२.२.हावापानी | ५ |
| २.२.३.नदीनाला | ६ |
| २.२.४.वनजङ्गल | ६ |
| २.३. सामाजिक तथा सांस्कृतिक अवस्था | ६ |
| २.३.१. जातजाति | ६ |
| २.३.२. धार्मिक अवस्था | ६ |
| २.३.३. भाषिक अवस्था | ६ |
| २.३.४.शैक्षिक अवस्था | ६ |

२.३.५.स्वास्थ्य अवस्था ६

२.३.६.साहित्यिक अवस्था ७

२.४. आर्थिक अवस्था ७

२.४.१.उद्योगधन्दा ७

२.४.२.खेतीपाती ९

२.४.३.रोजगारी ९

२.५. निष्कर्ष ९

**परिच्छेद तिन : लोकगीतको सैद्धान्तिक परिचय १०-१८**

३.१. लोकगीतको परिचय १०

३.२. लोकगीतको वर्गीकरण १२

३.३. लोकगीतको विशेषता १५

३.४. निष्कर्ष १८

**परिच्छेद चार : काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरुको सङ्कलन १९-५४**

**४.१. बाह्रमासे गीत १९-४२**

४.१.१. घाँसे गीत १९

४.१.२. छोरीका पीडा २१

४.१.३. दोहोरी गीत २२

४.१.४. सानोमाया २३

४.१.५ चेलीको बिलौना २३

४.१.६. झम्के फुली २४

४.१.७. दाजु र भाइ २५

४.१.८. बाह्रमासा २५

४.१.९. डाँडा र माथिका भरिला जुन २६

४.१.१०.सबाई २७

४.१.११.छोरीको बिलौना २८

४.१.१२.युवायुवतीका पीडा ३०

४.१.१३. बालगीत ३१

४.१.१३.१.यो घर कसको ३१

४.१.१३.२.बस बस मौरी ३१

४.१.१३.३.ढुकुमुकु ३१

४.१.१३.४.एलहरे ३२

४.१.१३.५.आमाबुबा थिएनन् ३३

४.१.१३.६.के कसरी कराउँछ ? ३३

४.१.१३.७. घामपानी ३४

४.१.१३.८.कुखुरी काँ ३४

४.१.१३.९.चीँ मुसी चीँ ३५

४.१.१३.१०.ताराबाजी लै लै ३५

४.१.१३.११.जब पुग्यो ३६

४.१.१३.१२.बाबा र ज्यूको त्यो टारी खेत ३७

४.१.१३.१३.टपटप टोपी ३८

४.१.१३.१४.काफल पाक्यो ३९

४.१.१३.१५.मसी पोखेँ मैले ३९

४.१.१३.१६.मेरी हजुर आमा ४०

४.१.१३.१७.अस्ताएका घाम ४१

४.१.१३.१८.झ्याइँझ्याइँ बाजा ४१

४.१.१३.१९.पानी प-यो झमझम ४२

४.१.१३.२०.आयो जुरेली ४२

**४.२. पर्वगीत ४३-५२**

४.२.१. तिजे गीत ४३

४.२.१.१. भुरुरु मैना चरी ४४

४.२.१.२. नपढेकी चेली ४५

४.२.१.३. वर्ष दिनको तिजमा ४५

४.२.१.४.बिहानै उठ्छिन् ४६

४.२.१.५.सासूको बिलौना ४६

४.२.२. भैलो गीत ४७

४.२.३. देउसी गीत ५०

४.२.४. मालसिरी ५२
**४.३. कर्म गीत ५३**
४.३.१ असारे गीत ५३
४.३.२. दाइँ गीत ५५
४.३.२.१.दाइँ गरिदेऊ ५५
४.३.२.२.खलो भरिदेऊ ५६
**४.४. संस्कार गीत ५७-६३**
४.४.१. रत्यौली गीत ५८
४.४.१.१.बाटोमाथि बाटोमुनि ५८
४.४.१.२.खोजी खोजी ले लाटा ५८
४.४.२. सिलोक ५९
४.४.२.१.विवाहमा गाइने सिलोके प्रश्नोत्तर ५९
४.४.२.२.जन्ती पक्षले घर गाउँलेसँग सवाल गर्दै गाउने सिलोक ६०
४.४.२.३.गणित सम्बन्धी सिलोक ६१
४.४.३. खाँडो ६२
४.४.४. धामी गीत ६३
**४.५. धार्मिक गीत ६४-६७**
४.५.१. भजन ६४
४.५.१.१. हरेराम ६४
४.५.१.२. भजमन राम ६५
४.५.१.३. पूजा प्रारम्भ गीत ६५
४.५.१.४. हरि भजन ६५
४.५.२. बालन ६६
**परिच्छेद पाँच : काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको वर्गीकरण र विश्लेषण ६८-९८**
**५.१. लोकगीतको वर्गीकरण ६८-७५**
५.१.१. आकारका आधारमा लोकगीतको वर्गीकरण ६८
५.१.१.१.लघुतम लोकगीत ६८

५.१.१.२.लघु लोकगीत ६९
५.१.२. सहभागिताका आधारमा लोकगीतको वर्गीकरण ६९
५.१.२.१. एकल गीत ६९
५.१.२.२. दोहोरी गीत ७०
५.१.२.३.समूह गीत ७०
**५.१.३. उमेरका आधारमा लोकगीतको वर्गीकरण ७१**
५.१.३.१. बालगीत ७१
५.१.३.२. युवा गीत ७१
५.१.३.३. प्रौढ गीत ७२
५.१.४. लिङ्गका आधारमा लोकगीतको वर्गीकरण ७३
५.१.४.१.पुरुषले गाउने लोकगीत ७३
५.१.४.२.महिलाले गाउने लोकगीत ७४
**५.१.५. प्रस्तुतिका आधारमा लोकगीतको वर्गीकरण ७४**
५.१.५.१.नृत्यवाद्यरहित गीत ७४
५.१.५.२.नृत्यवाद्य गीत ७५
**५.२. विश्लेषण ७६-९८**
५.२.१. विषय वस्तुका आधारमा लोकगीतको विश्लेषण ७६
५.२.१.१.सामाजिक दृष्टिले लोकगीतको विश्लेषण ७६
५.२.१.२.धार्मिक दृष्टिले लोकगीतको विश्लेषण ९०
५.२.१.३.प्राकृतिक दृष्टिले लोकगीतको विश्लेषण ९१
५.२.२. लय वा भाकाका दृष्टिले लोकगीतको विश्लेषण ९३
५.२.२.१.असारे लय वा भाका ९३
५.२.२.२.तिजे लय वा भाका ९३
५.२.२.३. मालसिरी लय वा भाका ९४
५.२.२.४.देउसी-भैलो लय वा भाका ९४
५.२.३ झ्याउरे लय ९५
५.२.४. विविध लय वा भाका ९६
५.२.५. भाषिक दृष्टिले विश्लेषण ९७

५.२.६.  मौलिकताका दृष्टिले लोकगीतको विश्लेषण ९८

**परिच्छेद छ : उपसंहार** **९९ -१०१**

६.१.  सारांश ९९

६.२.  प्राप्ति १०१

६.३.  भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरु १०१

**परिशिष्ट खण्ड** **१०२-१०४**

**सन्दर्भ कृति सूची** **१०५**

# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

भकुन्डे बागमती अञ्चलको काभ्रेपलान्चोक जिल्लामा पर्दछ । भकुन्डे क्षेत्रमा मेथिनकोट, खनालथोक र फुलबारी गा.वि.स. पर्दछन् । यो ठाउँ धुलिखेलबाट २२ कि.मि. पूर्वमा पर्दछ ।

लोक साहित्यका विभिन्न विधाहरुमध्ये लोकगीत पनि एक हो । भकुन्डे क्षेत्रमा विभिन्न लोकगीतहरु प्रचलित छन् । चाडबाड, विवाह, व्रतबन्ध, रोपाइँ, दाईं आदिमा छुट्टाछुट्टै प्रकारका लोकगीतहरु गाएर रमाइलो गर्दै आनन्द लिने प्रचलन रहेको छ । यस्ता गीतहरुमा स्थानीय लोकजीवनका विशुद्ध अभिव्यक्ति प्रकट भएका हुन्छन् । लोकगीतहरुले यहाँको मौलिकतालाई पनि झल्काएको पाइन्छ ।

हाल आएर आधुनिक सञ्चार माध्यमका साथसाथै नेपालमा भित्रिएका हिन्दी, अङ्ग्रेजी गीतका प्रभावले गर्दा स्थानीय मूल्य मान्यता र परम्परालाई प्रतिविम्बित गर्ने लोकगीतहरु ओझेलमा पर्न थालेका छन् । यसको प्रभाव काभ्रेको भकुन्डे क्षेत्रमा पनि परेको छ  जसले गर्दा यहाँका लोकगीतहरुमा मौलिकताको कमी हुन थालेको छ । यस्तो स्थितिमा यहाँका लोकगीतहरुको अध्ययन, संरक्षण र संवर्द्धन गर्नु आवश्यक छ । त्यसैले प्रस्तुत अध्ययनको आवश्यकता अनुभव गरी यो शोध पत्र तयार गरिएको हो ।

## १.२ समस्याकथन

काभ्रेको भकुन्डे क्षेत्रमा विभिन्न प्रकारका लोकगीतहरु पाइन्छन् तर तिनका बारेमा व्यवस्थित किसिमले हालसम्म अध्ययन भएको पाइँदैन । त्यसैले निम्न लिखित समस्याहरुमा केन्द्रित भई प्रस्तुत अध्ययन गरिएको छ :-

१.काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरु के कस्ता रहेका छन् ?

२.काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई केकति आधारमा वर्गीकरण गर्नसकिन्छ ?

३.काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधपत्रका उद्देश्यहरु

उपर्युक्तसमस्यामा केन्द्रित रही गरिने यस अध्ययन प्रतिवेदनका उद्देश्यहरु यस प्रकार छन् :-

१) काभ्रे जिल्लाको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन गर्नु ।

२) काभ्रे जिल्लाको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको वर्गीकरण गर्नु ।

३)    काभ्रे जिल्लाको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

पराजुली (२०६४) ले**नेपाली लोकगीतको आलोक** भन्ने पुस्तकमा काभ्रे जिल्लाका केही लोकगीतहरुको चर्चागरेका छन् तर उनको अध्ययन भकुन्डे बेसीमा केन्द्रित छैन ।

बन्धु (२०५८) ले**नेपाली लोकसाहित्यमा** नेपालका लोकगीतहरुको अध्ययन गरेका छन् । त्यहाँ काभ्रेमा प्रचलित केही लोकगीतहरुको चर्चा गरिएको छ तापनि त्यो नगन्य रूपमा रहेको पाइन्छ । पद्मकन्या क्याम्पसकी छात्रा मेनुका राईले काभ्रेका लोकगीतहरुको अध्ययन भन्ने शीर्षकमा आफ्नो शोधपत्र तयार पार्नु भएको छ तर त्यहाँ भकुन्डे क्षेत्रका गीतहरु समेटिएको पाइँदैन ।

यी बाहेक कतिपय पूर्वाध्यनहरुमा यस जिल्लामै केन्द्रित भएर यहाँ प्रचलित लोकगीतहरुको विस्तृत रुपमा अध्ययन गरेको पाईदैन त्यसमा भकुन्डे क्षेत्रका लोकगीतहरुको त अध्ययन कसैले पनि गरेको पाइएको छैन । त्यसैले भकुन्डेमा केन्द्रित भएर लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी तयार पारिएको प्रस्तुत अध्ययन पहिलो प्रयास हो ।

## १.५ शोधपत्रको औचित्य

लोकगीतमा लोकजीवनका सुखदुख, आँसुहाँसो, तितामिठा अनुभव, धर्मसंस्कृति जस्ता कुराहरु अभिव्यक्त भएका हुन्छन् । आजको पश्चिमी सभ्यता, संस्कृति र आधुनिक सञ्चार माध्यमको विकास सँगसँगै स्थानीय मूल्य र मान्यतालाई झल्काउने लोकगीतहरु ओझेलमा पर्दै गएका अवस्थामा लोकगीतको अध्ययन, अनुसन्धान र संवर्द्धन गरिनु अत्यन्त आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखी काभ्रेको भकुन्डे क्षेत्रमा लोक जीवनमा छरिएर रहेका लोकगीतहरुलाई प्रस्तुत अध्ययनले प्रस्तुत गरेको छ ।

ती लोकगीतहरुको वर्गीकरण र विश्लेषण समेत गरिएको प्रस्तुत अध्ययन प्रतिवेदनले लोकसाहित्यका अध्येता एवं लोक साहित्यप्रति रूचि राख्नेहरुलाईआवश्यकसामग्री उपलब्ध गाराउनेछ। साथै यसबाट नेपालका विभिन्न क्षेत्रका लोकगीतहरुको तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीतको अध्ययन अध्यापन कार्यमा समेत केही सहायता मिल्ने हुनाले प्रस्तुत शोधपत्रको प्राज्ञिक औचित्य एवं महत्त्व देखिन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

काभ्रे जिल्लाको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुमा मात्र यो अध्ययन सीमित रहेको छ । यसका साथै त्यहाँ प्रचलित विभिन्न भाषाका लोकगीतहरुमध्ये नेपाली भाषाका लोकगीतहरुलाई मात्र यहाँ समेटिएको छ । त्यसैले काभ्रेका भकुन्डे क्षेत्रभित्र पर्नेफुलबारी, मेथिनकोट र खनालथोक गा.वि.स. मा प्रचलित लोकगीतमा मात्र यो अध्ययन सीमित रहेको छ ।

## १.७ शोध विधि

प्रस्तुत अध्ययनका निम्ति सामग्री सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमानै गएर स्थानीय व्यक्तिहरुबाट सूचना प्राप्त गरिएको छ । यसका साथै सम्बन्धित क्षेत्रका गायकहरुको गीत श्रवण गर्ने र स्थानीय व्यक्तिहरुसँग छलफल गर्ने काम पनि अध्ययनका क्रममा गरिएको छ । कतिपय गीत गायनसँगै गरिएको नृत्यको प्रस्तुति पनि अवलोकन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणको आधारका निम्ति वर्णनात्मक विधिलाई अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत अध्ययन प्रतिवेदनलाई व्यवस्थित र सङ्गठित रूप दिन निम्न लिखित ६ परिच्छेदमा विभाजन गरिएको छ । ती ६ परिच्छेदमा पनि आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षक राखी विषयवस्तुलाई विभाजन गरिएको छ। प्रस्तुत अध्ययन प्रतिवेदनको रूपरेखा यसप्रकार छ :-

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : काभ्रेको भकुन्डे क्षेत्रको परिचय

परिच्छेद तीन : लोकगीतको सैद्धान्तिक परिचय

परिच्छेद चार : काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित नेपालीलोकगीतहरुको सङ्कलन

परिच्छेद पाँच : काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरुको वर्गीकरण र विश्लेषण

परिच्छेद छ : उपसंहार

# परिच्छेद दुई

# काभ्रेको भकुन्डे क्षेत्रको संक्षिप्त परिचय

## २.१ ऐतिहासिक पृष्टभूमि

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने बागमती अञ्चलको काभ्रेपलान्चोक जिल्लामा भकुन्डे क्षेत्र पर्दछ ।भकुन्डे यस भेगको प्रमुख बेसी र मुख्य बजार हो । यस वरपरका गा. वि. स.का निवसीहरुको सरसम्पर्क र व्यापारिक कार्य यहाँबाट सम्पन्न हुन्छन् । त्यसैलेभकुन्डे क्षेत्र भनेर भकुन्डे बजार र यसका वरपरका गा.वि.स. हरु मेथिनकोट, फूलबारी, डराउनेपोखरी र खनालथोक का केही वडाहरु चिनिन्छन् ।

भकुन्डेको नाम कसरी भकुन्डे रह्यो भन्ने सन्दर्भमा एउटा भनाइ प्रसिद्ध छ । त्यस अनुसार पहिले यो एउटा राज्य थियो । त्यस बेला भकुन्डेमा भकुन्डो खेल्न लायक एउटा ठुलो चउर थियो । त्यही चउरलाई भकुन्डो खेल्ने चउर भन्दा भन्दै पछि आएर यहाँको नाम नै भकुन्डे रहेको हो भन्ने भनाइ रहेको छ ।

## २.२ भौगोलिक परिचय

काभ्रेको भकुन्डे क्षेत्रको भौगोलिक अवस्था  प्राकृतिक स्वरूप, हावापानी,नदीनाला, वनजङ्गल आदिको स्थिति निम्न अनुसार रहेको छ ।

### २.२.१ प्राकृतिक स्वरूप

भकुन्डे क्षेत्रमा समथर भू-भाग रहेको छ । वरपर रहेका फराकिला फाँटको चारैतिर विस्तारै बेसीबाट उठ्दै गएका गगनचुम्बी डाँडाहरु रहेका छन् । तिनीहरु मेथिनकोट, फुलबारी, दाप्चा, कानपुर, तिमाल आदि हुन् । भकुन्डे बजार चाहिँ खनालथोक र फुलबारी गा.वि.स.मा अवस्थित छ ।

### २.२.२ हावापानी

भकुन्डे क्षेत्रमा मध्यम किसिमको हावापानी रहेको छ । यहाँ न त हिमालको जस्तो जाडो हुन्छ न त तराईको जस्तो गर्मी नै हुन्छ । पहिलेको तुलनामा अहिले प्रदूषण र घना बस्तीले गर्दा तापक्रम बढ्दै गएको पाइन्छ । ग्रीष्ममा यहाँको तापक्रम २० देखि २५ डिग्री से.को बिचमा रहेको पाइन्छ ।

### २.२.३ नदीनाला

भकुन्डे क्षेत्र सुक्खा क्षेत्र हुन थालिसकेको छ । भकुन्डेको पूर्वमा सोती र पश्चिममा दाप्चे खोला रहेका छन् । दाप्चे खोलामा सोतीको भन्दा पानीको मात्रा बढी हुने हुँदा सिंचाइको लागि सहजबनेको छ । सोतीमा वर्षा हुँदा मात्र पानी हुने हुँदा पूर्वमा रहेका फँाटहरु हिउँदमा प्राय सिंचाइ

गर्न नपाएर सुक्खा रहने गर्दछन् । वर्षा भएन भने किसानहरु एक बालीमा मात्रै सीमित रहनु परेको छ ।

### २.२.४ वनजङ्गल

वनजङ्गल प्राकृतिक स्रोत हो । वलजङ्गलले प्रकृतिमा हरियालीपूर्ण वातावरण सिर्जना गरेको हुन्छ । यस्ता सानासाना वनजङ्गल भकुन्डे क्षेत्रमा पनि रहेका छन् । भकुन्डेको पश्चिममा सानो वन रहेको छ । त्यहाँ सल्ला, साल, चिलाउने, उत्तिस लगायत विभिन्न ससाना बुट्यानहरु रहेका छन् । उत्तरमा चरुवा वन रहेको छ जहाँ ठुलाठुला रुखहरु छन् जुन् फर्निचरको लागि उपयुक्त हुने गर्दछन् ।

## २.३.सामाजिक तथा सांस्कृतिक अवस्था

नेपाल धार्मिक तथा सामाजिक विविधताले भरिपूर्ण देश हो । त्यस्तै भकुन्डे क्षेत्रमा पनि छुट्टै किसिमको सामाजिक तथा सांस्कृतिक अवस्था छ । सामाजिक तथा सांस्कृतिक पक्षमा जातजाति, धर्म, भाषा, शिक्षा र स्वास्थ्य आदि पर्दछन् । तिनीहरुको वर्णन निम्नानुसार गरिएको छ :-

### २.३.१ जातजाति

भकुन्डे क्षेत्रमा बसोबास गरेका मानिसहरुमा जातिगत विविधता पाइन्छ । भकुन्डे चउरको नामले चिनिने ठाउँमा पहिले औलोको डरले गाउँतिर बस्ने मानिसहरु पनि अहिले औलो उन्मूलन र बनेपा बर्दिबासको बाटो खुले पछि सेवा सुविधा बढेकाले भकुन्डे बेसीमा झर्न थालेका छन् । अन्य ठाउँबाट व्यापार व्यवसाय गर्ने उद्देश्यले पनि यहाँ विभिन्न जातजातिका मानिसहरु थपिएका छन् ।यसरी भकुन्डे क्षेत्रमा विभिन्न जातका मानिसहरु बसोबास गर्न पुगेका छन् । तिनीहरुमा बाहुन, छेत्री , नेवार, तामाङ, मधेसी , कामी, दमाई, सार्की आदि रहेका छन् ।

### २.३.२ धार्मिक अवस्था

भकुन्डे क्षेत्रमा धार्मिक विविधता पाइन्छ । यो ठाउँ बजारमा परिणत भएकाले विभिन्न ठाउँबाट विभिन्न धर्म मान्ने मानिसहरु यहाँ बसाइ सराइ गरेर आउने क्रम जारी रहेको छ । यहाँ हिन्दु , बुद्ध, क्रिस्चियन, वैष्णव, ओम शान्ति आदि धर्म मान्ने मानिसहरु रहेका छन् ।

त्यस्तै गरी उनीहरुका धर्म अनुसार मन्दिर, गुम्बा, चर्च आदि धार्मिक विविधता झल्काउने धार्मिक स्थलहरु पनि छुट्टाछुट्टै छन् ।

### २.३.३ भाषिक अवस्था

भकुन्डे क्षेत्रमा पहिलेदेखि बस्तै आएका बासिन्दाहरु नै धेरै छन् । विभिन्न सुविधाका कारण यहाँ अन्य ठाउँबाट आउनेको सङ्ख्या नगन्य रहेको पाइन्छ । यहाँ नेपाली भाषा बोल्ने मानिसहरु धेरै छन् । अन्य भाषाभाषीहरुमा नेवार, तामाङ, हिन्दी, मैथिली, र अङ्ग्रेजीका वक्ताहरु छन् ।

### २.३.४ शैक्षिक अवस्था

यहाँको शैक्षिक अवस्था पनि राम्रै देखिन्छ । तिन वटा निजी क्षेत्रका विद्यालय र एउटा सरकारी विद्यालय यस क्षेत्रमा रहेका छन् । उच्च शिक्षाका लागि एउटा बहुमुखी क्याम्पस रहेको छ जसले गर्दा यहाँका बासिन्दाले आफ्नो क्षमता अनुरूप आआफ्ना सन्तानलाई शिक्षाको अवसर दिन पाएका छन् । उच्च शिक्षाको लागि पनि यहीँ क्याम्पस भएकाले सहरसम्म धाउनुपर्ने समस्या देखिँदैन । पहिले-पहिलेका बूढापाका बाहेक सबै मानिसहरु यस क्षेत्रमा शिक्षित रहेका छन् । यहाँका सबै मानिसहरुले शिक्षाको महत्त्व बुझेका छन् । त्यसकारण यहाँका बालबालिकाहरुले शिक्षाको अवसरबाट बञ्चित हुनुपरेको छैन ।

### २.३.५ स्वास्थ्य अवस्था

यस क्षेत्रमा एउटा जिल्ला अस्पताल र केही औषधी पसल रहेका छन्  जसले गर्दा मान्छेका आधारभूत आवश्यकताहरुमध्येको एक महत्त्वपूर्णआवश्यकता पूर्ति गर्ने काम भएको पाइन्छ । त्यसैले स्वास्थ्य अवस्था पनि राम्रै देखिन्छ । आफ्नो र आफ्ना परिवारका सदस्यहरुको स्वास्थ्यमा गडबडी भएमा धामी झाँक्री भनेर नबसी स्वास्थ्य संस्थामा जाने चेतना यस क्षेत्रका बासिन्दामा विकास भएको छ ।

### २.३.६ साहित्यिक गतिविधि

काभ्रे जिल्लाको भकुन्डे क्षेत्रको लोकजीवनमा प्रचलित संस्कृति र सामाजिक रहनसहन विभिन्न संस्कार र चाडपर्वहरु तथा मानवीय सुखदुःख र हाँसोआँसु एवं हर्षपीडाका अनुभूतिहरुले भावुक बनाउँदा मान्छेहरु आफ्ना अन्तरमनका अभिव्यक्तिहरुलाई व्यक्त गरेर मन बहलाउने काम गर्दछन् । बालबालिका, युवायुवती र बुढाबुढी समेत समय समयमा लोकगीत, लोकगाथा, लोक नाटक, उखान, टुक्का र गाउँ खाने कथाद्वारा मनोरञ्जन गर्दै सामाजिक कुरीति र विसङ्गतिप्रति व्यङ्ग्य

प्रहार गर्दछन् । लोक साहित्यले यहाँको हर्ष, बिस्मत, सुखदुःख, व्यथा, चिन्तन र चेतनालाई अभिव्यक्त गरेको पाइन्छ ।

यहाँ एउटा साहित्यिक संस्था रोसी वाङ्मय प्रतिष्ठान रहेको छ । त्यसको प्रतिनिधित्व यही क्षेत्रका साहित्यकार गोविन्द बहादुर थापाज्यूले गर्नु भएको छ । मासिक रूपमा "रोसी वाङ्मय" भन्ने पत्रिका निस्कने गर्दछ जसले गर्दा यहाँका व्यक्तिहरुलाई आफ्ना भावनाहरु उजागर गर्ने अवसर प्राप्त भएको पाइन्छ ।

## २.४ आर्थिक अवस्था

भकुन्डे क्षेत्रका मानिसहरुको आर्थिक अवस्थामा असमानता पाइन्छ । कोही धनी छन् भने कोही आफ्ना आधारभूत आवश्यकता पुरा गर्न पनि धौधौ पर्ने खालका छन् । कोही मध्यमवर्गीय पनि रहेकाछन् । आर्थिक पक्षमा पर्ने उद्योग धन्दा, खेतीपाती, रोजगारी आदिको वर्णन निम्नानुसार गरिएको छ :-

### २.४.१ उद्योगधन्दा

भकुन्डे क्षेत्रमा भर्खरै मात्र यातायातको सुविधा आएकाले ठुला उद्योगहरु खुल्न सकेका छैनन् । उद्योगहरुमा इँटा उद्योग, टायल उद्योग, फर्निचर उद्योग, दुग्ध संस्थान आदि खुलेका छन् । ससाना घरेलु उद्योग पनि फाट्टफुट्ट रहेका छन् । यस्ता उद्योगहरुले गर्दा भकुन्डे बासीको आर्थिक अवस्थामा केही सुधार आउने देखिन्छ ।

### २.४.२ खेतीपाती

भकुन्डे क्षेत्रको बेसीमा समथर फाँट रहेको छ । माथिमाथि बारीहरु रहेका छन् । सिंचाइ प्रशस्त हुने ठाउँमा तिन चार बाली लगाइन्छ । अन्य ठाउँमा एक वा दुई बाली मात्र लाग्ने गर्दछ । यहाँ धान, मकै, कोदो, फापर जस्ता खाद्यबालीका साथै तोरी, सर्सिउँ, तेलहन, मास, बोडी, मुसुरो, मस्याङ जस्ता दलहनको खेती हुन्छ । कसैले सिंचाइ प्रशस्त भएको ठाउँमा तरकारी खेती पनि गरेको पाइन्छ ।

### २.४.३ रोजगारी

भकुन्डे क्षेत्रका मानिसहरुका मुख्य पेसा भनेको कृषि हो । त्यसका साथै यहाँका बासिन्दाले पशुपालन, व्यापार , सेवा आदिलाई पनि पेसाकै रूपमा लिएका छन् । अन्य पेसा नहुनेले कृषि वा पशुपालनमा नै आफ्नो दिनचर्या बिताइरहेकाछन् । यसैबाट आएको आयआर्जनले उनीहरुले आफ्ना आर्थिक समस्या सुल्झाएका छन् ।

## २.५. निष्कर्ष

भकुन्डे काभ्रेपलान्चोक जिल्लाको खनालथोक र फुलबारी गा.वि.स. मा रहेको छ। भकुन्डे क्षेत्र भनेर भकुन्डे बजार र वरपरका फुलबारी, खनालथोक र मेथिनकोट गा.वि.स.का केही वडालाई लिइन्छ। प्राचीन कालमा भकुन्डो खेन्ले चउरका नामले चिनिएको ठाउँलाई अहिले भकुन्डे भनिन्छ। वि.सं. २०५८ देखि यही बजार भएर बनेपा वर्दिबासको बाटो गएको छ  जसले गर्दा यो ठाउँ र यसका वरपरका गा.वि.स. हरुमा विकासका काम हुन लागेका छन्।

भकुन्डेमा ससाना उद्योगहरु खुलेका छन्। त्यसकारण यहाँका मानिसहरुले आफ्ना वरपरका कच्चा पदार्थ प्रयोग गरी आर्थिक अवस्थामा सुधार ल्याउनुको साथै जीवनपद्धतिमा पनि परिवर्तन ल्याएका छन्। यहाँका मानिसहरु सचेत भएकाले बालबच्चाको शिक्षादीक्षाको राम्रो व्यवस्था गर्न सक्ने भएका छन्।

अधिकांश भकुन्डेबासीहरुले कृषि पेसा व्यवसाय अपनाएको पाइन्छ। यसका अतिरिक्त  कोही व्यापार, सेवा, ठेक्कापट्टा आदि काम गर्ने गरेको पाइन्छ। यहाँ सेनाको वाहिनी  भएकाले शान्तिसुरक्षाको अवस्था पनि राम्रै देखिन्छ। खेतीपाती गर्ने प्रशस्त ठाउँ भएकाले यहाँका मानिसहरु प्राय आफ्नै खेतीपातीबाट आएको अन्न, सागपात र फलफुल खाएर स्वस्थ रहेका छन्। वरपर केही ससाना जङ्गल भएकाले यहाँको वातावरण पनि स्वच्छ र स्वस्थ रहेको छ।

# परिच्छेद तिन

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ लोकगीतको परिचय

'साहित्य' शब्द 'लोक' पूर्वपद मिलेर 'लोकसाहित्य' शब्द बनेको हो । 'लोक' शब्दको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ । वैदिक कालमा 'लोक' भनेर दिव्य र पार्थिव दुबैलाई लिइएको बुझिन्छ । *(थापा, २०३० : १३)* /लोक' शब्द संस्कृतको 'लोकेदर्शने' धातुमा 'घञ्' (अ) प्रत्यय लागेर बनेको हो । सामान्यत : लोकसाहित्यमा 'लोक' शब्दले जन वा संसार भन्ने अर्थ ग्रहण गर्दछ । शब्दकोशमा 'लोक' शब्दका विभिन्न अर्थ लगाइएका छन्, जस्तै : समाज, जनता, जगत, दुनियाँ, प्राणी आदि । *( शर्मा, २०५८: ११७४ ।)* हिन्दी साहित्कोश अनुसार 'लोक'भनेको मानव समाजको त्यो वर्ग हो, जो आभिजात्य संस्कार, शास्त्रीय पाण्डित्य चेतना र पाण्डित्यको अहङ्कारले शून्य हुन्छ र जो एक परम्पराको प्रवाहमा जीवित रहिरहन्छ । *( वर्मा र अन्य, २०१६: ६८५-८६ ।)* त्यस्तै 'साहित्य' शब्द 'सहित' मा 'ष्यञ्' (य) प्रत्यय लागेर बनेको छ, जसको तात्पर्य शब्द र अर्थकोसहभाव वा जनतका कल्याणका भावनाले प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने हुन्छ । लोक साहित्यलाई ग्राम्यसात्यि, जनसाहित्य, अशिष्ट साहित्य पनि भन्ने गरेको पाइन्छ ।

आधुनिक सभ्यताको प्रभावबाट टाढा रहने लोक साहित्यमा मानवका सांस्कृतिक अवशेषसमेत प्राप्त गर्न सकिन्छ । लोकसाहित्यले लोकसंस्कृतिको वाहकको समेत काम गर्दै आएको छ । कुनै पनि जातिको लोकसाहित्यको विस्तृत रूपमा अध्ययन गरेपछि त्यस जातिको सभ्यता र संस्कृतिको परिचय पाउन सकिन्छ । समाजको सामूहिक सृजनाका रूपमा रहने लोकसाहित्यमा जनमानसको सहज तथा स्वस्फूर्त अभिव्यक्ति प्रकट भएको हुन्छ । लोकसाहित्य कुनै व्यक्ति विशेषले रचना गरे तापनि त्यो रचना उसको वैयक्तिक सृजना नभई समग्र लोकको साझा हुन्छ । त्यसैले लोकसाहित्यमा रचयिताको त्यति महत्त्व रहँदैन । यसमा जन मानसका हर्षबिस्मात, सुखदुःखका भावना सहज र स्वाभाविक रूपमा व्यक्त भएका हुन्छन् । लोकसाहित्यमा पाइने यस्तै आफ्नोपन र मौलिकताले गर्दा नै यसलाई लोकजगत्मा युगौंदेखि हुर्काउँदै ल्याइएको छ र कालान्तरसम्म यसको अस्तित्व रहिरहने देखिन्छ । *(पराजुली, २०५७: ३०) ।*

लोकजीवनका छायाँमा अङ्कुरित हुने हुँदा लोकसाहित्यले लोक जवीनको क्षेत्रविशेषको संस्कृति, मनोविज्ञान, चेतनाको स्तर, रहनसहन, चिन्तन प्रक्रिया आदिको ज्ञान गराउँछ ।*(घिमिरे, २०५४: ८७)* /लोकमानसको सामूहिक भावभूमिलाई अभिव्यक्ति दिने लोकसाहित्यमा राष्ट्रियता समेत प्रतिविम्बित भएको हुन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मौखिक रूपमै जीवित रहि

आएको लोक साहित्य निरन्तर गतिशील हुन्छ । समग्रमा भन्नुपर्दा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोकसाहित्य हो ।*(त्रिपाठी, २०३२:३)।* यसलाई लिखित वा शिष्ट साहित्यको पनि आधारशिला मानिन्छ ।

लोकगीत लोकसाहित्यका विविध विधा (लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, लोकोक्ति) मध्येको प्रमुख विधा हो । यो लोकको सबैभन्दा प्रचलित र लोकप्रिय विधाका रूपमा रहेको छ । मानव समाजको विकाससँग सँगै प्रारम्भ भएर हालसम्म लोकप्रिय र व्यापक रुपमा फैलिएको लोकगीतमा लोक जीवनका दुःखसुख, आँसुहाँसो, तितामिठा अनुभव, धर्म, संस्कृति जस्ता कुरा प्रकट भएका हुन्छन् । लोकमा परम्परादेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्ता, एक गलाबाट अर्को गलामा सबै, जीवित रहँदै आएका लोकगीतहरु समग्र लोकको साझा सम्पत्तिका रूपमा रहेका हुन्छन् ।

लोकगीतलाई विभिन्न विद्वान्, लोकसाहित्यका अध्येताहरुका साथै विभिन्न कोशहरुमा पनि परिभाषित गर्ने प्रयास गरिएको छ । यसैक्रममा 'हिन्दी साहित्यकोश' मा लोकगीतका तिन अर्थ लगाइएका छन् - १) लोकमा प्रचलित गीत, २) लोक निर्मित गीत ३) लोकविषयक गीत । *( वर्मा, र अन्य:७५०)* ।

'नेपाली बृहत् शब्दकोश' मा लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत हो भनी अर्थ्याइएको पाइन्छ । *( पोखरेल र अन्य, २०४०: ११८८)।*

लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले लोकगीतको परिभाषा गर्दै भनेका छन् - 'लोकगीत भनेको त्यो संङ्गीत वा गीत हो जुन कि मानव समाजमा मातृभाषाको नाताले मानिसहरुमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयमेव उद्गारको रूपमा लयदार तरङ्गमा काव्यमय शैली झैं निस्किन्छन् ।' *(जोशी,२०१३:१४५)।*

लक्ष्मण लोहनीका अनुसार लोकगीत भनेको हरेक समाजको दुःखसुखको अनुभूतिले भरिएको एक मौखिक इतिहास हो । *(लोहनी,२०२२:१)।* लोकसाहित्यका अध्येता कालीभक्त पन्तका अनुसार लोकगीत भनेका जीवनगीतका आदिम स्रोत हुन् । *( पन्त,(२०२८:२८) । नेपाली लोकगीतका अध्येता र सङ्कलनकर्ता धर्मराज थापाले लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरुलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तत गर्दछ भनेका छन ।*

प्राध्यापक ठाकुरप्रसाद पराजुलीले लोकगीतलाई चिनाउने क्रममा "काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयकर्षक शैली र कोमल पदरचनाले गर्दालोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन्" भनेका छन् । *( पराजुली,२०४५:८६)* । कृष्णप्रसाद पराजुलीले "लोकगीत

भनेको नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निसक्न्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्रं मानव समाजलाई नै शीतलता दिने काम गरिरहन्छ" भनेका छन् । *(पराजुली, पूर्ववत्, पृ. ४३) ।*

यसरी विभिन्न विद्वान् तथा लोकसाहित्यका अध्येताहरुले आ-आफ्नो किसिमले लोकगीतलाई परिभाषित गरेको पाइन्छ ।यी परिभाषाहरुका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने लाकगीत भनेको सभ्यताको सुरुवातदेखि नै मौखिक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्ता एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै आएको तथा आधुनिक सभ्यता र संस्कृतिबाट टाढै रहेको सरल, सहज, सुमधुर र स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा सामान्य अशिक्षित ग्रामीण जनताका आडम्बरविहीन अभिव्यक्ति प्रस्फुटित भएका हुन्छन् । यसले मानवजीवनका सुखदुःख, हर्षपीडा, आँसुहाँसो, मिलनबिछोडजस्ता विविध अनुभूतिहरुलाई सहज र हृदयग्राह्य रूपमा प्रकट गर्न मद्दत गर्दछ । स्वतन्त्र रुपमा लोक जीवनका तितामिठा अनुभव लोकगीतमा समेटिएका हुन्छन् । यिनै विविध कारणले गर्दा लोकगीत लोक साहित्यको मात्र नभई समग्र साहित्यकै आधारशिला बन्न पुगेको हो ।

## ३.२ लोकगीतको वर्गीकरण

लोकगीत निरनतर रूपमा चलि रहने गतिशील विधा हो । यसलाई स्वदेशी तथा विदेशी विद्वानहरुले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । यस सन्दर्भमा लोकसाहित्यका अध्येता कालीभक्त पन्तले लोकगीतका ९ प्रकार देखाएका छन् *(पन्त, कालीभक्त, पूर्ववत्, पृ.१४८-१५०)*

(१) राष्ट्रिय गीत

(२) जिल्ला स्तरीय गीत - जुम्ली, जनकपुरे

(३) ग्रामस्तरीय गीत - बलाम्पुरे, मिक्लुङ्गे, मुगाली

(४) जातिस्तरीय गीत - बाहुनगीत : भजन चुट्का र रोइला, कुमालगीत

(५) भाषास्तरीय गीत - नेवार, तामाङ, सेर्पागीत

(६) कार्यस्तरीय गीत - असारे, दाइँ

(७) लोकनाट्यस्तरीय गीत - बालन, कौरा, घाटु, सोरठी

(८) पर्वस्तरीय गीत - मालश्री, भैलो, तीजे, महाल, रत्यौली

(९) ऋतुस्तरीय गीत - फगुवा, वासन्ती

चूणामणि बन्धुले नेपाली लोक गीतलाई सामान्य र विशिष्ट गीतमा बाँड्दै निम्नानुसारथप वर्गीकरण गरेका छन् (बन्धु,२०६६:१२१-१२२) ।

(१) सहभागिताका आधारमा -एकल, दोहोरी, समूह गीत

(२) लय वा भावका आधारमा- स्थान, जात विशेषका गीत

(३) प्रकार्यका आधारमा

(क) धार्मिक गीतहरु- फाग, भजन, धमारी, माँगल, भोलाउलो

(ख) अनुष्ठानमूलक तथा संस्कार गीत- माँगल, फाग, खाँडो, रत्यौली, करात, आशिका

(ग) श्रतु तथा पर्व गीत- जेठे, असारे, भदौरे, वसन्त, फागु, मालसिरी, भैलो, देउसी, सराए, गौरा, तिज

(घ) कर्म गीत-रोपाइँ, दाइँ

टेकबहादुर खत्रीले नेपाली लोकगीतलाई निम्नलिखित सात वर्गमा विभक्त गरेका छन् : *( खत्री, २०३२:१७ )।*

(१) वीररस र करुण रसका - लोकगीत कर्खा

(२) घटनाप्रधान लोकगीत, सिलोक - सवाई

(३) चाडपर्वका लोकगीत - भैलो, देउसी

(४) विवाहपर्वमा गाइने लोकगीत - खाँडो, रत्यौली

(५) नृत्यगीतहरु - देउडा, घाटु

(६) भजनका रूपमा गाइने लोकगीत - बालन, सँगिनी

(७) दोहोरी लोकगीत - घाँसीगीत, असारे गीत

दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण यसरी गरेका छन् : *( श्रेष्ठ 'सम्भव', २०३८:१५ )।*

(१) संस्कार सम्बन्धी लोकगीत

(२) ऋतुकालीन लोकगीत

(३) क्रिया सम्बन्धी लोकगीत

(४) विविध

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई सात वर्गमा विभक्त गरेका छन् : *(थापा, रसुवेदी, २०४१:८२ )।*

(१) सामान्य गीत

(२) संस्कार गीत

(३) ऋतु वा ब्रतसम्वन्धी गीत

(४) कर्मगीत

(५) पर्वगीत

(६) लोकनृत्य गीत

(७) विविध

नेपाली लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतका आठ प्रकार देखाएका छन् : *(जोशी, २०४१:१४५)*।

(१) भजनका रूपमा गाइने लोकगीत-चुड्का, बालन ।

(२) नृत्यसँग गाँसिएका लोकगीत - सोरठी, मारुनी, घाटु

(३) प्रेममय जीवनसँग समन्वय भएका लोकगीत - सोरठी

(४) चाडबाडसँग समन्वय भएका लोकगीत-सँगिनी, देउसुरे

(५) सामयिक लोकगीत - मालश्री, दाइँगीत

(६) युद्धक्षेत्रमा प्राणसञ्चार गर्ने लोकगीत-कर्खा

(७) कथा गाँसिएका लोकगीत-चरित्र

(८) उत्सवमा झिकिने गीत-चरित्र, रत्यौली

त्यस्तै शम्भुप्रसाद कोइरालाले लोकगीतलाई आठ प्रकारमा वर्गीकरण गरी त्यसको उदाहरणसहित चर्चागरेका छन्:

(१) बाह्रमासे गीत

(२) ऋतु सम्बन्धी गीत

(३) ब्रत सम्बन्धी गीत

(४) संस्कार गीत

(५) नृत्यगीत

(६) श्रम सम्बन्धी गीत

(७) पर्वगीत

(८) विविध

यसरी अनेक स्वदेशी तथा विदेशी लोकसाहित्यविद्हरुले विभिन्न आधारमा लोकगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् । लोकगीतको वर्ग विषय अत्यन्तै व्यापक र विस्तृत हुन्छ । यस कारण यसको सर्वसम्मत र सर्वमान्य वर्गीकरण गर्नु अत्यन्त कठिन कार्य मानिन्छ । त्यसैले उपर्युक्त वर्गीकरणहरु मध्ये कुनै एउटालाई सर्वसम्मत मान्न सकिन्न । लोकगीत निरन्तर गतिशील विधा हो । यति हुँदा हुँदै पनि विभिन्न विद्वान्हरुले गरेको लोकगीतका उपर्युक्त वर्गीकरणलाई आधार बनाएर निम्नानुसार लोकगीतको वर्गीकरण गर्न सकिन्छ :

(१) बाह्रमासे लोकगीत - एकोहोरी गीत, दोहोरी गीत,बालगीत ।

(२) कर्मगीत - असारे गीत, दाइँ गीत ।

(३) पर्वगीत - देउसी, भैलो, तिजे आदि ।

(४) संस्कारगीत - रत्यौली, सिलोक, खाँडो ।

## ३.३ लोकगीतको विशेषता

लोकगीत लोकसाहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसमा जन मानसका सुखदुःख, आँसुहाँसो, हर्षपीडा, मिलनबिछोड, आशानिराशाका साथै लोकका चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरुको समेत चित्रण भएको हुन्छ । मानव समाजको विकास सँगसँगै अस्तित्वमा आई एक गलाबाट अर्को गला र एक स्थानबाट अर्को स्थानमा सर्दै जाने क्रममा लोकगीतमा अनेक परिवर्तन हुँदै आएको पाइन्छ । यसरी प्राचीन समयदेखि अर्थात् मानव समाजको विकास सँगसँगै प्रारम्भ भई हालसम्म पनि विस्तृत परिवेश ओगट्न सफल लोकगीतका प्रकृति र विशेषता विविध हुन सक्छन् । यहाँ लोकगीत विधाका त्यस्ता प्रकृति र विशेषताहरुको पहिचान गरी उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

लोकगीतका अध्येताहरुले लोकगीतका विशेषताहरु पनि औंल्याएका छन् । यसै क्रममा नेपाली साहित्यका अध्येता धर्मराज थापाले लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् । *( थापा,१०)। ती हुन् :*

(१) भनाइमा तीव्रता हुनु

(२) प्रवाहमयता र गेयात्मकता हुनु

(३) सरलता र सहजतासँग मितेरी लाएको हुनु

(४) स्वाभाविकताले भरपुर हुनु

(५) प्रकृतिसँग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्नु

(६) हृदयबाट उद्गारित भई उत्तराधिकारी (लय-भाका) सिर्जना गरी विस्तारै पुरानो बन्नु

(७) समसामयिक वातावरण वा स्थानीय परिचयका साथै अलापिएको हुनु ।

लोकगीतका यी विशेषताहरु सङ्केतका रूपमा मात्र आएका छन् । यी विशेषताका बारेमा विस्तृत व्याख्या र विवेचना गरिएको छैन । जनमानसमा लोकप्रिय रहको लोकगीतका विशेषता औँल्याउने क्रममा शम्भुप्रसाद कोइरालाले नेपाली लोकगीतका निम्नलिखित विशेषता देखाई तिनको संक्षिप्त व्याख्या पनि गरेका छन् : *(कोइराला,२०५५:३६)* ।

(१) श्रुतिस्मृतिपरम्परा

(२) लयात्मक तीव्रता

(३) स्वतः स्फूर्त प्राकृत अभिव्यक्ति

(४) स्थान र सामयिकताको प्रभाव

(५) सरल एवं स्वाभाविक गेयता

(६) प्रभावपूर्ण स्थूल चित्रण

त्यस्तै लोकसाहित्यका अध्येता कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् र तिनको चर्चा समेत गरेका छन् : *(पराजुली,१३८-१४०)* ।

(१) अज्ञात रचयिता

(२) सामूहिक भावभूमि

(३) सहजता र स्वभाविकता

(४) मौखिक परम्परा

(५) मौलिकता र सरलता

(६) कथन विविधता

(७) स्वच्छन्दता

यसरी विभिन्न अध्येताहरुले विभिन्न किसिमले लोकगीतका विशेषताहरु औँल्याएका छन् । सहज, सृजनशील र निरन्तर गतिशील लोकगीतका प्रमुख विशेषता सरलता, सहजता, स्वभाविकता, स्वच्छन्दता, साङ्गीतिकता आदि मानिन्छन् ।

लोकगीत लोकको उकालीओराली, घाँसदाउरा, मेलापात, लेकबेसी गर्दा समय कटाउने रमाइलो साधन हो । हाम्रा गाउँघरमा केटाकेटी, युवायुवती, बुढाबुढी सबैका कण्ठकण्ठबाट लोकगीतका भाका गुन्जने गर्दछन् । ग्रामीण बासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त

गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तितामिठा भावनाहरु व्यक्त भएका हुन्छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण र समाजमा हुने विविध व्यवहारको बयान समेत गरिएको हुन्छ ।

लोकगीत लोकको साझा सम्पत्ति हो । सुरुमा कुनै एक व्यक्तिले मात्र गाए तापनि लोकगीत उसको निजी हुँदैन । त्यसलाई लोकले सहज रूपमा अपनाउँछ र त्यो समग्र लोककै साझा सम्पति बन्न पुग्दछ । यसरी लोकगीतका अनेक विशेषताहरु छन् तापनि समग्रमा लोकगीतका विशेषताहरुलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(१) अज्ञात रचनाकार

(२) मौलिकता र स्वतःस्फूर्तता

(३) सरलतार सहजता

(४) श्रुतिस्मृति परम्परामा जीवित

(५) पुनरावृति र थेगोको प्रयोग

(६) स्थानीय भाषिकाको प्रभाव

## ३.४ निष्कर्ष

काभ्रे जिल्लामा प्रचलित लोकगीतको सैद्धान्तिक परिचयमा विभिन्न विद्वान्हरुका परिभाषाहरु प्रशस्तै प्रयोग भएका छन् । यसको परिभाषा दिने क्रममा पनि यथा सम्भव विद्वान्हरुको सहयोग लिने प्रयास गरिएको छ र ती विद्वान्हरुका कृति प्रकाशन वर्ष स्थान समेत समावेश गर्ने प्रयास भएको छ । वर्गीकरण गर्ने क्रममा यथाशक्य सम्पूर्ण विद्वान्हरुको वर्गीकरण समावेश गर्ने जमर्को गरिएको छ ।

लोकगीत लोकको उकालीओराली, घाँसदाउरा, मेलापत, लेकबेसी गर्दा समय कटाउने रमाइलो साभन भएकाले हाम्रा गाउँघरमा केटाकेटी,युवायुवती, बुढाबुढी सबैका कण्ठ-कण्ठबाट लोकगीतका भाका गुञ्जने गर्दछन् ग्रामीण बासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तिता-मिठा भावनाहरु व्यक्त भएका छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण, समाजमा हुने विविध व्यवहारको वयान समेत गरिएको छ ।

# परिच्छेद चार

# काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन

नेपालको मध्माञ्चल विकास क्षेत्रमा अवस्थित काभ्रे जिल्लाको भकुन्डे क्षेत्र सांस्कृतिक विविधताले भरिपूर्ण ठाउँ हो । भकुन्डे क्षेत्र भनेर भकुन्डे बजार र यसकाआसपासका गा.वि.स.हरु फुलबारी, खनालथोक, मेथिन्कोट र डराउनेपोखरीलाई चिनिन्छ ।यहाँका मानिसहरुको आआफ्नै किसिमको संस्कृति, रीतिरिबाज र जीवनशैली रहेको छ । विविध सुविधाले गर्दा यहाँको जनजीवन क्रमशः आधुनिकतातर्फ ढल्किदै गएको भए तापनि परम्परागत लोकसंस्कृति जीवन्त रहेको छ । यहाँ घाँस, दाउरा, मेलापात र विभिन्न पर्वहरुमा गाइने गीत बेग्लाबेग्लै किसिमका छन् । तिनीहरु सङ्कलन स्रोतसहित यहाँ प्रस्तुत गरिएका छन् :

## ४.१  बाह्रमासे गीत

बाह्रै महिना वा विभिन्न ऋतुमा गाइने लोकगीतलाई बाह्रमासे गीत भनिन्छ । भकुन्डे क्षेत्रमा गाइने बाह्रमासे गीत आफ्नै प्रकारका छन् । यी गीतहरु बाह्रै महिना  घाँसदाउरा, मेलापात र उकालीओराली गर्दा गाउने गरिन्छन् । ती गीतहरु तल प्रस्तुत गरिएका छन् :

### ४.१.१ घाँसे गीत

हाम्रो जीवन रहेछ कस्तो कस्तो
पूर्णिमामा उदाउने जुन जस्तो
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो  आइपुग्यो सरर नेपालथोकको बस ।

पानी पर्‍यो दरर दर्केर दर्केर
गयो जीवन आउँदैन फर्केर
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो  आइपुग्यो सरर नेपालथोकको बस ।

घर त हाम्रो भकुन्डे बजार बजार

आउन भेटौँ घुमौँन सरर
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

म ता रैछु गरिबकी छोरी छोरी
भयो जीवन आँधी र भुमरी
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

यो मनमा पिर परी परी
हिड्न पाइँन उज्यालो शिर गरी
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

दुःखसुख जे भए पनि पनि
बसिरैछु कसैलाइ नभनी
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सररनेपालथोकको बस ।

न्याउली जस्तै म  कराइ रनी रनी
दिदी बहिनी भेट कहिल्यै नहुनी
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

भगवानको सहारा पाएर पाएर
बसिरैछु गुजारा गरेर
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो  सरर नेपालथोकको बस ।

कस्तो जीवन सोच्याथी मैले ता मैले त
सपनी झै भयो नि अहिले त
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस

स्रोत : कमला खनाल, वर्ष , ४५
खनालथोक- ५

**४.१.२ छोरीका पीडा**

पानी पर्योहरियो हुनदाई
कुहिरो झर्‍यो मन मेरो रुनलाई
ककाटे खरु पलाउला बरु
नपलाए मन मेरो के गरुँ ।
घाँसै काटेँ बारीको अर्मले
पारी ल्यायो अभागी कर्मले ।
खोलाखाली पलायो निउँरो
पलाएन ममाथि मन तिम्रो ।
दाजु भाइलाई आई.ए.र बी.ए.पास
म छोरीलाई रातोदिन दाउरा घाँस ।
स्रोतः बिन्दा खनाल, वर्ष ,२२
खनालथोक - ६

**४.१.३. दोहारी गीत**

केटा : दहीको ठेकी चामलको रेखी
किन माया तर्कन्छौ म देखी?
केटी : पहरालाई खन्तीले खन्छ र ?
दाइले मलाई के भन्ने मन छ र ?
केटा : तिम्रो माया यति छ भनी
छाती चिरी देखाउन नहुनी

केटी : माछो मिठो अमिलो चुकले

ठिक्क पाछौं बेसारे मुखले

केटा : घाँस काटौं खोलाको राइदाने

झुटो बोले पोडे हो गाई खाने ।

केटी : सर सर मदानी सर

बेमानीको भर पर्नु के छ र ?

केटा : गरिबको कहाँ छ र घर ?

तिमी जस्तो बेमानी म हो र ?

केटी : पानी पर्‍यो चैतको तोरीलाई

लाऊँ न माया जिन्दगी भरीलाई

केटा : हिमालमा हिउँ झुसी झुसी

त्यसो भए मेरो नि मन खुसी ।

केटी : हिमालमा घाम अस्ते अस्ते

जाने बेला सबैलाई नमस्ते।

स्रोत : मीरा प्याकुरेल, वर्ष,३५

फुलबारी - ६

**४.१.४.सानो माया**

राजाको हात्ती फुकेछ राती

पुगेछ बाग्मती सानो माया

पुगेछ बाग्मती

बिरानो देशमा मै मरेँ भने

को देला दागबत्ती ? सानो माया

को देला दागबत्ती ?

बिरानो देशमा मै मरेँ भने

कसरी बिताउँछौ जिन्दगी?सानो माया

बिताउँछौ जिन्दगी?

स्रोत : राधा खनाल,वर्ष , ३५

खनालथोक - ६

### ४.१.५. चेलीको बिलौना

बसेर रोयौ किन हो चेली कपाल फुकाई?
गाजल टीका लत्पतिएछ अनर्थ भयो कि ?
सासूले सधैँ वचनता तिर रोपेको हुन्छ रे
आँसुले सधैँ परेली तिम्रो भिजेको हुन्छ रे
सुनको काइँयो , सुनको थाको , सुनौली मेरो केश
न्याउली बास्ता नरोए आमा म काट्छु माइती देश
देउराली पुगी फर्केर हेर्छु माइतीको देशतिर
आमाको छेउमा झार्दिन आँसु झार्दिन्छु परतिर
दाइलाई भेटे दुई थोपा आँसु दिएर पठाउँछु ।
भाइलाई भेटे मनको बह खोलेर पठाउँछु ।

जन्मघर छोडी पराई घर गई जिन्दगी बिताउँछु ।
सुख र दु :ख जे भए पनि आफ्नो मन बुझाउँछु ।
श्रद्धाले डाके दाजु र भाइले चाडबाडमा फर्कन्छु
सम्झेनन् भने जसरी पनि आफ्नो मन सम्हाल्छु ।

स्रोत : राधा खनाल,वर्ष , ३५
खनालथोक - ६

### ४.१.६. झम्के फुली

आलुकाटी थालैमा चकाना
चिठी हेर्दा मुटुमै भकाना
झम्के फुली नाकैमा बुलाकी
यसपालि त घरबार होला कि ?

घर त मेरो पातीले बारेको
नरोऊ नरोऊ कर्मैले हारेको
झम्के फुली नाकैमा बुलाकी
यसपालि त घरबार होला कि?

घर त मेरो यहाँ होइन रानी गाउँ
तिर्खा लाग्यो एक लोटा पानी खाऊँ
झम्के फुली नाकैमा बुलाकी
यसपालि त घरबार होला कि ?

गाईको बाच्छो भिरैमा चर्दैन
चरे पनि लडेर मर्दैन
झम्के फुली नाकैमा बुलाकी
यसपालि त घरबार होला कि ?
घर त मेरो यहाँ होइन तिरतिरे
डाँडो काट्यो यो नयाँ पिर्तीले
झम्के फुली नाकैमा बुलाकी
यसपालि त घरबार होला कि ?

स्रोत :हिरा कुमारी खनाल
खनाल थोक-५

### ४.१.७. दाजु र भाइ

दाजु र भाइलाई स्कुल पठाउने
म छोरीलाई घाँस दाउरा कटाउने
मिठो खाना दाइभाइलाई खुवाउने
म छोरीलाई ढिँडो नि नपाउने
छोरालाई भने कापी कलम किन्दिने
मलाई भने डोको नाम्लो बुन्दिने
छोरा खेल्छन् जुवा र तास

छोरीलाई घरधन्दा मेलापात
सानैदेखि पढाइद्या भए
खान्थेँ तलब महिनाको नौ सय

स्रोत : गीता श्रेष्ठ ,वर्ष , ३१
फुलबारी- ६

**४.१.८.बाह्रमासा**

चैत वैशाख वसन्तमा
फुल्छन फुलैफुल
जेठ असार गीष्म ऋतु
रुन्छन् काकाकुल

साउन भदौ वर्षा ऋतु
पानी झमझम
असोज कार्तिक शरदमा
न जाडो न घाम ।
मङ्सिर पुस हेमन्तले
अन्न थन्क्याउँछ
माघ फागुन शिशिरले
धर्ती नङ्ग्याउँछ ।

स्रोत : प्रमिला कुइँकेल, वर्ष , १६
खनालथोक-४

**४.१.९.डाँडा र माथिका भरिला जुन**

डाँडा र माथिका भरिला जुन
घाम जस्ता होइन रहेछन्
शिव शिव नारायण होइन रहेछन्
घरैमा जाँदा नि ससुरा बा
बाबा जस्ता होइन रहेछन्
शिव शिव नारायण होइन रहेछन् ।

डाँडा र माथिका भरिला जुन
घाम जस्तो होइन रहेछन्
शिव शिव नारायण होइन रहेछन्
घरैमा जाँदा नि सासू रहिछन्
आमा जस्ती होइन रहिछन्
शिव शिव नारायण होइन रहेछन्
डाँडा र माथिका भरिला जुन
घाम जस्तो होइन रहेछन्
शिव शिव नारायण होइन रहेछन्
घरैमा जाँदा नि जेठाजु रहेछन्
दाजु जस्ता होइन रहेछन्
शिव शिव नारायण होइन रहेछन् ।

घरैमा जाँदा नि जेठानी रहिछिन्
भाउजू जस्ती होइन रहिछिन्
शिव शिव नारायण होइन रहिछिन्
घरैमा जाँदा नि आमाजू रहिछिन्
दिदी जस्ती होइन रहिछिन्
शिव शिव नारायण होइन रहिछिन्
घरैमा जाँदा नि देवर रहेछन्
भाइ जस्ता होइन रहेछन्
शिव शिव नारायण होइन

स्रोत :सीता प्याकुरेल,वर्ष ,७८
फुलबारी - ४

**४.१.१०. सबाई**

सासू भन्छे बुहारी बुहारी भन्छे जिउ
कसले खायो सिङमाङको घिउ?
खानु न पिउनु त्यसै मलाई दोष

चाहिँदैन सासू बजै तिम्रै छोरो पोस
नन्द आमाजूको गोडा मिच्नु पर्ने
नमिच नमिच भन्छन् ठन्टी पार्छन् कोला कोला
लामा लामा दारी जुँगा लोग्ने बुढो हुन्छ
त्यो केटीको उमेरमा त्यो त मरिजान्छ
कर्कली झैँ गलिसक्यो पिँडुलीको मासु
भित्र सड्न नता सकी  बाहिर आउँछ  आँसु ।

स्रोत : हिरादेवी काफ्ले,वर्ष , ८७
मेथिन्कोट - ८

**४.१.११. छोरीको बिलौना**

पढ्न पाइन  दुःखले गर्दा
जीवनभरि भैरेछु नार्मद
दाजुभाइलाई स्कुल पढाउने
म छोरीलाई दाउरा घाँस कटाउने
छोरी पनि सन्तान हैनन् र ?
छोरी पढ्ने अधिकार छैन र?
बगिरछन् आँसुका धारा
पढ्छु भन्दा पाइन सहारा
पढ्नी छोरी मन्त्रिणी भाका छन्
नपढ्नेले कहाँ सुख पाका छन्
नदी बग्यो आँसुको भेलले
पढ्न पाइन कर्मको खेलले ।
दाइलाई पनि म बैनी धेर
पढाएनन् छोरीलाई हेपेर
घरको पिर हेरेर रुनी छु
मनको पिर आँसुले धुनीछु
आमा म त भैरछु कस्तो
हावा लाग्दा झरनी पात जस्तो

मरि सक्यो यो मनको आस
लाग्छ मलाई सारै नै निराश
लाग्छ पिर मलाई किन
संसार छोडी जानु छ एक दिन
मरि जानी जिन्दगी हाम्रो
कहिल्यै पनि नहोस् है नराम्रो
हरे शिव के कर्म रहेछ
जन्म दिने दैव कहाँ गएछ
छोरा पाए डाँढाको बतास
छोरी पाए दुःखी घर कता छ ?
खुसी छैन मन मेरो हेर
जन्म दिने आमालाई सम्झेर
आउँछ दिन बस्तैन पर्खेर
हुन्न शीतल अमृत छर्केर
छैन भाग्य म पापी जस्ताको
सपनीमा देख्छु घाम अस्ताको
चिन्ता मात्र लाइरन्छ खाली
बसिरैछु यो मनलाई सम्हाली

आयो तिज हित पुऱ्याई नाच्नलाई
अब हाम्रो धेर छैन बाँच्नलाई
गाई त मरे बाघले खाला
मै त मरे यो जीवन कहाँ जाला?
सम्झी ल्याउँदा अति मन रुन्छ
बाँचुन्जेली दुःखैमा जुग जान्छ
सबले छोरी पढाउन हेर
आफ्नो दुःख नदोर्योस् भनेर ।
स्रोत : बिन्दा अधिकारी, वर्ष,२२

फुलबारी- ५

### ४.१.१२. युवायुवतीको पीडा

कमेराले सिँगारेको तुलसीको मोठ
झकमक्क फुलिसक्यो झुसेतिलको बोट
फाँटभरि झल्याक झुलुक झल्किसके धान
यसै वेला पऱ्यो मैले मलायामा जान
भन्न थाले साइँला दाइले साइँलीतिर हेरी
विरहका भक्कानालाई दबाएर फेरि
तिमी मात्रै बस है साइँली जान्छु म त मलाया छाउनीमा

माइती जाऊँ डाँडापारी घरमा सौते गाँठो
कतै पनि छैन मलाई मन बुझाउने बाटो
यता हेऱ्यो उता हेऱ्यो सबै मेरा सत्तुर
छैन आधार दुखिनीको थाप्लोमाथि फत्तुर
बाँच्नुभन्दा मर्नु निको बरु वैरागीले जहर पिएर
वारिपारि दुई मुड दुईतिर मेरो आँसु आइरहेछ बर्बर

बहर गोरु दाउने हो न है चिठी आउने हो ।
न है माया लाउने हो न है दर्शन पाउने हो ।
सिरुपाते खुकुरी फुक्लेर गयो लाहा छैन ।
चिठी र पत्र आउँदैन मरेको ज्युँदो थाहा छैन ।

स्रोतः राधा खनाल,वर्ष,३५
खनालथोक - ६

### ४.१.१३ बाल गीत

१६ वर्ष मुनिका केटाकेटीहरुलाई बालबालिका भनिन्छ । यस उमेरका बालबालिकाहरुले गाउने गीत बालगीत हुन् ।काभ्रेको भकुन्डे क्षेत्रका बालबालिकाहरुले गाउने बालगीतहरु तल प्रस्तुत गरिएका छन् :

#### ४.१.१३.१ यो घर कसको

यो घर कसको आलेको
भित्र बाहिर टालेको
बिजुली बत्ती बालेको
भोटे कुकुर पालेका

स्रोत :रमा श्रेष्ठ, वर्ष ,१३
खनालथोक - ५

#### ४.१.१३.२ बसबस मौरी

बसबस मौरी
बुधबार जाउली
फुलैफुलको कचौरीमा
मह तिमी खाउली

स्रोत :कुसुम खनाल, वर्ष , ९
खनालथोक - ५

#### ४.१.१३.३ ढुकुमुकु

ढुकुमुकु ढुकुमुकु कसको हात ? राजाको ।
ढुकुमुकु ढुकुमुकु कसको हात ? रानीको ।
ढुकुमुकु ढुकुमुकु कसको हात ? काजीको ।
ढुकुमुकु ढुकुमुकु कसको हात ? मुखियाको ।
ढिकिले कुट्दा भएन
जाँतोले पिँद्धा भएन
ढुङ्गाले थिच्दा भएन

इँटाले पोल्दा भएन

मुसलीले चुट्दा भएन

झिरले छेड्दा भएन

खोरमा थुन्दा भएन

चुकुल लाउँदा भएन

आग्लो लाउँदा भएन

बिरे  आग्लो लाउँदा भएन

भोटे ताल्चा लाउँदा भएन

सङ्लाले बाँध्दा भएन

पर्खालले छेक्दा भएन

मुढाले थिच्दा भएन

राजाको भोटे कुकुर फुक्यो ।

स्रोतः बिनीता वि.क, वर्ष ,

डराउने पोखरी - ६

**४.१.१३.४.ए लहरे**

ए लहरे

के पहरे?

तेरो गोरुले धान खायो

कति मुरी?

बिस मुरी

कति गोब्र्यायो?

थप्राकथुप्रुक

स्रोत : कुशल खनाल, वर्ष , ६

खनालथोक-५

कति मुत्यो?

तेलको धारा तुरुरु ।

**४.१.१३.५.आमा बाबु थिएनन्**

ओखर बोटे बरबोटे

बरबोटेमाथि देवी थान

तिमी त रछ्यौ रूपले

कसले दियो कन्यादान

आमा बाबु थिएनन्

बिहे गरी दिएनन्

देउरालीमा फुल चढाई

आएँ आफैं गड्गडाई

स्रोत : हेमन्त खनाल, वर्ष , २०

खनाल थोक - ५

**४.१.१३.६. के कसरी कराउँछ** ?

कुकुर भुक्छ ह्वाङ ह्वाङ

बिरालो कराउँछ म्याउँ म्याउँ

चरो कराउँछ चीँ चीँ

घोडा हिनहिनाउँछ हीँ हीँ

मने कराउँछ म्याँ म्याँ

भेडो कराउँछ भ्या भ्या

गाई राम्छ बाँ बाँ

गोरु डुक्रन्छ होक्काँ

काग कराउँछ का का

हाँस कराउँछ स्वाइँ

सुँगुर कराउँछ घुँकघुँक

भैंसी कराउँछ वाइँ

स्रोत : सुशीला तामाङ, वर्ष , १४

मेथिन्कोट - ४

४.१.१३.७.**घामपानी**

घामपानी घामपानी
स्यालको बिहे
कुकुर जन्ती
बिरालो बाहुन
बिरालाले पकाएको
सबैले खाउन्
जन्तीमन्ती जम्मै
अन्त नजाऊन् ।

स्रोत : माधव प्रसाद खनाल,वर्ष , ५०
खनालथोक - ५

४.१.१३.८.**कुखुरी काँ**

कुखुरी काँ
बासी भात खाँ
खोइ मेरो बासी भात ?
बिरालाले खायो
खोइ बिरालो ?
मुसो मार्न गयो
खोइ मुसो?
दुलोभित्र पस्यो
खोइ दुलो?
गाईले कुल्च्यो
खोइ गाई?
पानी खान गयो

स्र
ो
त

खोइ पानी?

स्याप्पै सुक्यो ।

**४.१.१३.९.चीँ मुसी चीँ**

चीँ मुसी चीँ

ओखल बियाँ धान

काट बिरालीका कान

तिम्रा बाबा मेरा बाबा

माछा मार्न गए

तिमीलाई टाउको मलाई पुच्छर

बराबरी भए ।

स्रोत : प्रदिप कुइँकेल, वर्ष , १०

डराउने पोखरी- ५

**४.१.१३.१०.तारा बाजी लै लै**

तारा बाजी लै लै

मामा आए घोडा

माइजू आइन् डोली

पापा ल्याइन् सोली

बुबुमाम सुपुक्क

काफल गेडी कुटुक्क

निदाइ जाऊ लुटुक्क

बिरालो भन्छ म्याउँम्याउँ

अगुल्टो भन्छ उछिट्याउँ ।

स्रोत :अञ्जु वि.क, वर्ष , १४

खनालथोक - ५

### ४.१.१३.११.जब पुग्यो

जब पुग्यो एक भुइँमा खुट्टा टेक

जब पुग्यो दुई, चढ मेरो बुई

जब पुग्यो तिन, छेपारो छिन

जब पुग्यो चार, अब पाइला सार

जब पुग्यो पाँच, घर घर नाँच

जब पुग्यो छ, पढ्न लाग्यो क ,ख

जब पुग्यो सात, घोक्न लाग्यो पाठ

जब पुग्या आठ, परिपाठ

जब पुग्यो नौ, अनि पऱ्यो धौ

जब पुग्यो दश, खेल्नमा रस

जब पुग्यो एघार, गयो दिन बेकार

जब पुग्यो बाह्र, अनि पस्यो दार

जब पुग्यो तेह्र, जताततै हेर

जब पुग्यो चौध, बनो अब जोद्धा

जब पुग्यो पन्ध्र, शिरमा चन्द्र

जब पुग्यो सोह्र, मादर मोर

जब पुग्यो सत्र, पऱ्यो अलपत्र

जब जव पुग्यो अठार, जुँघा मुठार

जब पुग्यो उन्नाइस, गीत गाइस्

जब पुग्यो बिस, बिहे गरिस्

जब पुग्यो तिस, जहान बच्चा पालिस्

जब पुग्यो चालिस, मनमा कुरा हालिस्

जब पुग्यो पचास, पेटमा बतास

जब पुग्यो साठी, हातमा लाठी

जब पुग्यो सत्तरी, हिँड्दाखेरि थरथरी
जब पुग्यो नब्बे, हब्बे न कब्बे
जब पुग्यो सय, यमराजको भय

स्रोत : बिन्दा काफ्ले, वर्ष , १३
मेथिन्कोट- ५

**३.१.१३.१२. बाबा र ज्यूको नि त्यो टारी खेत**

बाबा र ज्यूको नि त्यो टारी खेत
घर केटो हेरेउन
सुरीमा सुरी नि बिरालो चढ्यो
सुरिलो रुखैमा
बाबाको घर नि चन्चेली सिरी
मै चेली दःुखैमा है बाबा
मै चेली दःुखैमा ।
आमाले देको नि साटनाको चोली
मायाले फटाइन् है बाबा
मायाले फटाइन् ।
दाजु र भाइ घरैमा अट्छन्
मै चेली अटाइन है बाबा
मै चेली अटाइन
गोठाला दाइले नि कुराउनी ल्यायो
पातैको सोलीमा है बाबा
पातैको सोलीमा

सात डाँडापारि नि दिनुभो बाबा
अन्माई डोलीमा है बाबा
अन्माई डोलीमा ।

स्रोत : बिमला खनाल, वर्ष, ६०

खनालथोक-७

### ४.१.१३.१३ टपटप टोपी

टपटप टोपी लेतकी ताना
परबाट आए कुम्भै राना
कुम्भै राना ऐरी गए ।
ऐरीबाट मुसो मारी ल्याए ।
मुसो मैलो चिललाई दिएँ ।
चिलले मलाई प्वाँख दियो ।
प्वाँख मैले दमाईंलाई दिएँ ।
दमाईंले मलाई टोपी दियो ।
टोपी मैले गोठालालाई दिएँ ।
गोठालाले मलाई हँसिया दियो ।
हँसियाले मैले घाँस काटेँ ।
घाँस मैले गाईलाई दिएँ ।
गाईले मलाई दूध दियो ।
दुध मैले गङ्गामा डोलेँ ।
गङ्गाले मलाई सहर दिइन् ।
सहर मैले राजालाई दिएँ ।

स्रोत : प्रमिला कुइँकेल, वर्ष,

१३

खनालथोक-४

राजाले मलाई घोडा दिए ।

घोडा गयो तिरैतिर

मैले खाएँ खिरैखिर

**४.१.१३.१४ काफल पाक्यो**

काफल पाक्यो

चरीले डाक्यो

जाऊँ कि नजाऊँ ?

झरेका काफल

नमिठा हुन्छन्

खाऊँ कि नखाऊँ ?

चढेर माथि

रुखको डाली

म छुन सक्दिनँ

टुप्पामा फल्छन्

काफल गेडी

म टिप्न सक्दिनँ

महुरी रानी

तिमीलाई पनि

चरीले बोलाई

काफल खाऊ

म बस्छु टोलाई

स्रोतः रमा खनाल, वर्ष, ११

खनालथोक-८

**४.१.१३.१५ मसी पोखेँ मैले**

मसी पोखेँ मैले

नजानेर ऐले

गरुँ अब कसो

पाइन मैले मेसो

सिरक भो दागी

डसना भो दागी

तकिया भो दागी

मै भएँ बैरागी

मेरा राम्रा नाना

पुस्तकका पाना

भए टाटेपाटे

आँसु झर्नै आँटै

ओछ्यानमा बसी

नहाल्नू है मसी

नहुँदा त्यो याद

मैले पाएँ स्वाद

स्रोतः करुणा खनाल, वर्ष ,१०

खनालथोक-५

**४.१.१३.१६मेरी हजुरआमा**

मेरी हजुरआमा जाती हुनुहुन्छ ।

मेरी हजुरआमा बाठी हुनुहुन्छ ।

सधैँ मिठा मिठा पापा दिनुहुन्छ ।

उचालेर मलाई काखमा लिनुहुन्छ ।

कथा भन्नु हुन्छ सधैँ एकादेशमा

राजकुमार र राजकुमारीका

बेलुका म हजुरआमासित सुत्छु ।

**स्रोत : बिन्दा खनाल, वर्ष**

बिहान म हजुरआमासित उठ्छु ।

हजुरआमा हाँस्ता हाँस्न मन लाग्छ ।

हजुरआमा रुँदा रुन मन लाग्छ ।

### ४.१.१३.१७. अस्ताएका घाम

अस्ताएका घाम
हरे राम राम
अन्धकार झऱ्यो
बत्ती बाल्नु पऱ्यो ।

हेर माथि माथि
आकाशको छाती
कालो निलो भयो
उज्यालो दिन गयो
अब भित्र पसौँ
आफ्नो कम्मर कसौँ

कापी कलम लिई
छिटै पढ्न बसौँ ।

स्रोत :रविना श्रेष्ठ, वर्ष ,१२
डराउने पोखरी - ७

### ४.१.१३.१८. भ्याइँ भ्याइँ बाजा

बजे पारितिर भ्याइँ भ्याइँ बाजा
सुनकेस्रा नानी खोज्दै आएँ राजा
दिन पनि आज कति घमाएको
बाजा बज्दाखेरि झनै रमाइलो
हेर्न जाऊँ आओ सुनकेस्राका जन्ती
जन्ती कति होलान् सकले गरोस् गन्ती
सुनकेस्रा मैयाँ ऐले कहाँ होलिन्?
आफ्नै दरबारमा ती लुकेकी होलिन् ।
डोली चढ्दाखेरि ती हाँस्लिन् कि रोलिन्?

एकैछिन् रोलिन् पछि हाँसिरलिन् ।

स्रोत : हेमन्त खनाल, वर्ष , २०

खनालथोक-५

### ४.१.१३.१९. पानी पऱ्यो झमझम

पानी पऱ्यो झमझम
कसरी म घर जाम् ।
गर्छ खोलो दङदङ
चल्न थाल्यो मलाई जङ ।

बाछिटाले भिजेँ म
चिबेसरि रुझेँ म
पानी खाए जुत्ताले
दुःख पाए खुट्टाले

कुबेलाको पानी यो
छैन कत्ति ज्ञानी यो
बिदो हुने छैन छाँट
आएन खै हिँड्ने आँट ।

स्रोत : कुसुम खनाल, वर्ष, ९

खनालथोक-५

### ४.१.१३.२०. आयो जुरेली

आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्क्याएको हेर परेली
जुरेलीको गुँड छ वनको झाङमा
लुगा उसको पँखेटा आफ्नै आङमा
आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्क्याएको हेर परेली

स्रोत :कुशल खनाल, वर्ष ,५

खनालथोक-५

### ४.२. पर्वगीत

विभिन्न चाडपर्वमा गाइने गीत पर्व गीत अर्न्तगत पर्दछन् । प्रत्येक समुदायका व्यक्तिहरुले जीवनका बोझ हलुकाएर आनन्द लिन चाहन्छन् । ईश्वरप्रति भक्तिभाव दर्साउने र आध्यात्मिक पक्षलाई उजिल्याउने आकाङ्क्षा राख्दछन् र आफ्ना मन मस्तिष्कलाई ताजा तुल्याउन खोज्दछन् । त्यस्तै गरी भकुन्डे क्षेत्रका मानिसहरुलेपनि समाजमा उत्सव मनाउने , पूजाआजा गर्ने,जाग्राम बस्ने रमेलामा रमाउने गर्दछन् ।यहाँका मानिसहरुमा विभिन्न चाडपर्वहरुमा आफन्त वा इष्टमित्रहरुसँग बसेर उत्सव मनाएर आनन्द दिने , मिठो मिठो खाने र सुखदु:खलाई अभिव्यक्त गर्ने सामाजिक पक्ष प्रबल रहेको छ ।

काभ्रेको भकुन्डे क्षेत्रमा गाइने पर्वगीतहरुमा तिजे गीत, मालासिरी, देउसी, भैलो गीत आदि पर्दछन् । तिनीहरुको सङ्कलन निम्नानुसार गरिएको छ :

### ४.२.१. तिजे गीत

भाद्र शुक्ल तृतीयालाई तिज भन्दछन् । यो दिन महिलाहरु निराहार व्रतबस्ने र शिवजीको पूजाआजा गर्ने चलन छ । अघिल्लो दिन विवाह गरेर घर गएका चेलीहरु पनि माइत जाने र मिठो मसिनो खाएर सबै पीडा बिर्सिएर दिदिबहिनी भेला भई रमाउने गर्दछन् । यस्तो पर्वमा गाइने भकुन्डेमा प्रचलित तिजका गीत निम्नअनुसार छन् :

#### ४.२.१.१.भुरुरु मैनाचरी

भुरुरु मैनाचरी ऐँसेलुको झाङैमा
मलाई सम्झी नरोऊ आमा झिम्के साँझैमा
घिउ भरेर राख आमा फुल भरेको टिनमा
बाँचे भेट हुन्छ आमा बर्से तिजमा

हुलाकबाट चिठी पठाई रेडियोमा खबर
मलाई सम्झी आमा तिम्ले रुने नगर ।
माइत जाने बेला भो बजै कुन चैँ सारी लाउने हो ?
बिदा दिनु पर्‍यो बजै कहिले आउने हो ?
भरे छोरो आउँछ मलाई गाली गर्दछ ,
पञ्चमीको भोलिपल्ट आउन पर्दछ ।
आज मेरी श्रीमती खोइ त आमा कता गई?
उसकै बुबा लिन आए उसकै माइत गई ।
आफ्ना आफ्ना श्रीमतीको आफ्नै थियो खटन
कसले लायो आमा तिम्लाई बुहारीपठाउन
सासूलाई ढोग्न जाँदा देब्रे गोडो लर्काइन्
मैले देको कोसेली मैलाई फर्काइन् ।
दुइटै दैलो लगाएमा उर्घाछु तालले
रिस नगर सासूबजै पाल्नु पर्छ नाक चालले ।

स्रोत : राधा खनाल, वर्ष, ३५
खनाल थोक - ६

**४.२.१.२.नपढेकी चेली**

नपढेकी चेलीलाई पढेकालाई दिनु भो
बाबा र आमाले पाप लिनु भो
स्वामीज्यूले भन्नु भयो दुधलाई मिलिक
नबुझेर मैले हेरेँ मुखमा पिलिक्क
नपढेकी चेलीलाई पढेकालाई दिनु भो
बाबा र आमाले पाप लिनु भो ।
पानीलाई अङ्ग्रेजीमा भन्दा रैछन् वाटर
नबुझेर मैले ल्याएँ काँचो कटर
नपढेकी चेलीलाई पढेकालाई दिनु भो

बाबा र आमाले पाप लिनु भो ।
अङ्ग्रेजीमा भन्दारैछन् केरालाई बनाना
नबुझेर म त घुमे त्यहीँ फनन
नपढेकी चेलीलाई पढेकालाई दिनु भो
बाबा आमाले  पाप लिनु भो ।

स्रोतःराधा खनाल, वर्ष, ३५
खनालथोक - ६

### ४.२.१.३ वर्ष दिनको तिजमा

वर्ष दिनको तिजमा बाबा लिन आउनु भो
पठाएनन् स्वामीजीले फर्की जानु भो
अलिपर चौतारीमा बस्नुस् मेरा बाबा
स्वामी मन बुझाएर आउँछु बरिलै ।
सिमसिमे पानी पर्‍यो शिरको टोपी रुझ्दैन
रानी तिम्ले बुझाएर यो मन बुझ्दैन
वर्ष दिनको तिज घुमिफिरी आइरहने
टाढा माइती जान पाइन यो मन रोइरहने
तलमाथि वरपर दिदी बहिनी आए हुन्
मलाई सम्झी मेरी आमा कति रुँदी हुन् !
छोरी आइन भनेर नरुनुस् है आमा !
अर्को सालको तिजमा आउँछु बरिलै

स्रोत : सरस्वती खनाल, वर्ष ,३२
खनालथोक-५

### ४.२.१.४. बिहानै उठ्छिन्

बिहानै उठिछिन् हातमुख धोइछिन्
खेतमा पानी लाउन गइछन् बरिलै
सासू र स्वामीजीले लगाएको वचन
सम्झीसम्झी हुँक्कहुँक्क रोइछिन् बरिलै
एकैछिन बसेर पानी पनि लाइछिन्

त्यही बेला ठुलो वर्षा भएछ बरिलै
घर जान्छु भनेर अलिओर आइछिन्
माथिबाट पैरो आई पुऱ्यो बरिलै
रातै थियो गुनिउँ चोलो रातै थियो रिबन
बिस बर्षे टुहुरीको गयो जीवन ।

स्रोतःधनुमाया तामाङ, वर्ष ,२८

खनालथोक-४

**४.२.१.५.सासूको विलौना**

बुहारी ल्याएर सुख होला भनेको
आफ्नै छोरो बुहारीको पेउटो बनेको
बिहानै उठेर दैलोपोतो गरेर
गईकन ल्याउनुपर्छ पानी भरेर ।
माथि घाम आइसके एक्लै के के गर्ने हो ?
चिया पाक्यो उठ दुलै भन्नु पर्ने भो ।
लाली पाउडर घसेर लुगा मात्रै फेरेर
बिहानभरि बिताउने ऐना हेरेर ।

हामीलाई त सिँगारपटार नानाभाँती चाहिएन
नक्कल गर्ने बुहारीको काम पाइएन
कुराले त हामीसित खेल्छन् जुहारी
दुनियाँमा नभएकी पाएँ बुहारी

स्रोत :लक्ष्मी खनाल, वर्ष , ५६

खनालथोक-३

**४.२.२. भैलो गीत**

भैलिनी आइन् आँगन
बढारीकुँढारी राखन
हे औँसीवार, गाईतिहार-भैलो ।

कलम काटी मलाम छ

सबैलाई सलाम छ

आयौँ भैलो खोल्नलाई

लक्ष्मीले गरुन् भलाइ

हे औँसीवार, गाईतिहार-भैलो ।

थाँक्रामाथि घिरौँला
के के दिन्छन् हेरौँला?

हे औँसीवार, गाईतिहार-भैलो ।

हामी त्यसै आएनौँ
बलि राजाले पठाए

हामी सधैँ आउँदैनौँ

वर्ष दिनको एकचोटि

हे औँसीवार, गाईतिहार-भैलो ।

भँगेरी उड्यो भुरुक्कै

उठ न आमै जुरुक्कै

भर्सेली माथिको सिन्की

कन्याकेटी बिन्ती

हे औँसीवार, गाईतिहार-भैलो ।

रुपैकारे दुवार

सुनैका रे सँघार

झिलिमिली तालले

घुरुक्क दैलो उघार

हे औँसीवार, गाईतिहार-भैलो ।

दिने भए सिदा देऊ

नदिने भए बिदा देऊ

हे औँसीवार, गाईतिहार-भैलो ।

सखर खन्ड गुलियो
यौटै घरमा भुलियो
हे औँसीवार, गाईतिहार-भैलो ।

औँसीको यो दान
नाङ्लाभरि धान
गुनियाँ चोली फारी
हामी जान्छौँ पारि
हे औँसीवार, गाईतिहार-भैलो ।

यो घरकी आमै कस्ती छन् ?
चामल छाँटे जस्ती छन्
यो घरकी आमै जाती छन्
दिनलाई आँटी छन्
हे औँसीवार, गाईतिहार-भैलो ।

यो घरको चाला कस्तो छ ?
दरबारको तालिमीजस्तो छ
यो घरकी मुखिनी कस्ती छन् ?
चन्द्रमा मुहार जस्ती छन्
हे औँसीवार, गाईतिहार-भैलो ।

गाई, भैसीँ, पाडा
कहिल्यै नहुन् थारा
हे औँसीवार, गाईतिहार-भैलो ।

यो घरका जहान
होऊन् ठुला महान

हे औँसीवार, गाईतिहार-भैलो ।

यो घरमा दुःखकष्ट नपरोस्
सुख, शान्ति छाइरहोस्
हे औँसीवार, गाईतिहार-भैलो ।

स्रोत : श्रद्धा खनाल, वर्ष ,१३
खनालथोक-५

### ४.२.३. देउसी गीत

| **भट्ट्याउने** | | | **समूह** |
|---|---|---|---|
| आ | है | झिलिमिली झिल्ला | देउसी रे |
| आ | है | तातो रोटी मिल्ला | देउसी रे |
| आ | है | झिल्लामा उडाइ | देउसी रे |
| आ | है | खेल्दै खेल्दै | देउसी रे |
| आ | है | जाँदा जाँदा | देउसी रे |
| आ | है | बलिराजाले | देउसी रे |
| आ | है | आँगनैमा | देउसी रे |
| आ | है | पुग्दामा क्यारे | देउसी रे |
| आ | है | बलिराजाले | देउसी रे |
| आ | है | सोध्नु भयो | देउसी रे |
| आ | है | केको झिल्ला ? | देउसी रे |
| आ | है | भनीकन | देउसी रे |
| आ | है | सोध्दा क्यारे | देउसी रे |
| आ | है | हामीले पनि | देउसी रे |
| आ | है | उत्तर दियौँ | देउसी रे |
| आ | है | बर्से दिनको | देउसी रे |
| आ | है | तिहारको झिल्ला | देउसी रे |
| आ | है | मेरा भाइ हो | देउसी रे |

| | | | |
|---|---|---|---|
| आ | है | देउसी रे भन | देउसी रे |
| आ | है | स्वर मिलाईकन | देउसी रे |
| आ | है | झिलिमिली झिलिमिली | देउसी रे |
| आ | है | केको झिलिमिली? | देउसी रे |
| आ | है | फुलैको झिलिमिली | देउसी रे |
| आ | है | बत्तीको झिलिमिली | देउसी रे |
| आ | है | वर्ष दिनको | देउसी रे |
| आ | है | चाड तिहार | देउसी रे |
| आ | है | मनाउन भनी | देउसी रे |
| आ | है | रातो माटो | देउसी रे |
| आ | है | चिप्लो बाटो | देउसी रे |
| आ | है | बलि राजाको | देउसी रे |
| आ | है | हुकुम हुँदा | देउसी रे |
| आ | है | लड्दैपड्दै | देउसी रे |
| आ | है | घुँडा टेक्दै | देउसी रे |
| आ | है | आएका हामी | देउसी रे |
| आ | है | देउसी खेल्नलाई | देउसी रे |
| आ | है | यसै घरमा | देउसी रे |
| आ | है | लछिमीले | देउसी रे |
| आ | है | बासै गरुन् | देउसी रे |
| आ | है | भोटको नुन | देउसी रे |
| आ | है | ल्हासाको सुन | देउसी रे |
| आ | है | घरभरि होऊन् | देउसी रे |
| आ | है | गाईगोठ | देउसी रे |
| आ | है | भैंसी गोठ | देउसी रे |
| आ | है | बढ्दै जाऊन् | देउसी रे |
| आ | है | भकारीमा अन्न | देउसी रे |
| आ | है | भरिभराउ होओस् | देउसी रे |

| | | | |
|---|---|---|---|
| आ | है | ढुङ्गा छोए | देउसी रे |
| आ | है | द्रव्य होओस् | देउसी रे |
| आ | है | माटो छोए | देउसी रे |
| आ | है | अन्न होओस् | देउसी रे |
| आ | है | लेकको काने | देउसी रे |
| आ | है | अब हामी जाने | देउसी रे |
| आ | है | नमरी बाँचे | देउसी रे |
| आ | है | कालले साँचे | देउसी रे |
| आ | है | आघौँ आउँला | देउसी रे |
| आ | है | खेलौँला गाउँला | देउसी रे |

स्रोत : हेमन्त खनाल,वर्ष ,२०

खनालथोक-५

**४.२.४.मालसिरी**

जयदेवी भैरवी दर्शन देऊ भवानी
असुर विनाशिनी जगत्की हितकारिणी
श्रीदेवी भगवती दुर्गा भवानी
जय देवी गोरखकाली दर्शन देऊ भवानी
हे हृदयकी जननी , हे चण्डिके त्रिलोककी
जगत्को प्रतिपाल गर आई
हा हा दुर्गा प्रचण्डरूपिणी
कालिके प्रतिपाल गर ।

शुभ निशुभ असुर मारी दुःख हरने श्रीकालिका
गङ्गा यमुना त्रिवेणीसँगमा मोक्षदायिनी कालिका
चन्द्ररूपिणी प्रचण्डरूपिणी रक्तबीज निपातिनी
शङ्ख, चक्र, गदा ,पद्मले कोटी वान साजिनी

लालरूप कपडा बीज असुरमारिणी सुधारिणी

रक्तबीजको नाश गर्न प्रकट हुनुभो है कालिका
जयदेवी कालिका हे अम्बिका माता
शरण आयौँ बालक हामी हर है सब दुःख अम्बिका

स्रोत :कुलचन्द्र खनाल, वर्ष ,३५
खनालथोक - ५

**४.३ कर्मगीत**

नेपाल कृषि प्रधान देश हो ।यहाँका अधिकांश मानिसहरु खेतीपाती र पशुपालन गरेर जीवन बिताइरहेका हुन्छन् । भकुन्डे क्षेत्र पनि ग्रामीण भेग भएकाले यहाँका ८० प्रतिशतभन्दा बढी मानिसहरु कृषि पेसामा नै निर्भर छन् । त्यसकारण यहाँका मानिसहरु बाली लगाउँदा र बाली भित्र्याउँदा विभिन्न कर्म गीतहरु गाउने गर्दछन् ।ती कर्मगीतहरु निम्नअनुसार छन् :

**४.३.१असारे गीत**

असारे मासको भारी राम्रो घाँसको
पातै राम्रो गोगनको
आज आज भन्दा भोलि भोलि भन्दा
पापै लियो जोबनको ।

वारि पनि सल्लो पारि पनि सल्लो
चिर्न पाए बल्दो हो
थानकोटको डाँडो काटी जान पाए
एउटा निर्वाह चल्दो हो ।

डोको राम्रो माच्छे निगालाको
डाली राम्रो बेतको
थानकोटको डाँडो काटी जान पाए
छैन माया यताको ।

छुपुमा हो रोपेर लेउन
 त्यो हातको बिउ छन्जेल
मिठोमा खानी हो राम्रोमा लाउने
आमाबाबुको ज्यान छन्जेल ।

पानीलाई पऱ्यो उही त रिमिझिमी
घाम लागेर घमाइलो
ढुङ्गाको सिली हजुर हामी मिली
गरी जाउन् रमाइलो ।

अहिले साल गुन्द्री बन्ने
सत्तेसालको हतास
बिजुली बत्ती मेरी माया जाति
उडाइ लेउन बतास ।

आज मैले हो भातै खाएँ
पित्ले थाल चाटेर
कवासे सुई त हामी बहिनी दुई त
जाऊँ जाऊँ डाँडा काटेर ।

सेतोमा सेतो हो चामलको पिठो
हो पहेँलो बेसार
यो बुढेस कालमा रोई रोई हिँड्नु पऱ्यो
तिमी भको के सार ।

दिदीको हातमा रानी बम्बै चुरा
म बहिनीको हातमा बई
आजको दिनमा बोलिनौ रे भने
बोल्नु पर्ला कहिले काहीँ ।

असारे मासको दबदबे हिलो

छुनलाई घिन लाग्यो

पातली ज्यानलाई फरिया किन्दा

छ बिस रिन लाग्यो ।

स्रोत :कमला खनाल , वर्ष ,४५

खनालथोक - ५

### ४.३.२ दाइँ गीत

मङ्सिरमा धान झारिसकेपछि बाँकी रहेको परालको धान झार्नको लागि गरिने कर्मलाई दाइँ भनिन्छ । खलामा आवश्यक गोरु मियोमा परालमाथि घुमाएर दाइँ गरिन्छ । यसले गर्दा पराल नरम हुनुको साथै परालमा बाँकी रहेको धान झर्ने गर्दछ ।काभ्रेको भकुन्डेमा प्रचलित दाइँ गीत निम्नअनुसार छन् :

#### ४.३.२.१ दाइँ गरिदेऊ

दाइँ गरिदेऊ खलो भरिदेऊ

ह ह तारे ह ह

ह ह माले ह ह

तेरो बाबु झाले

तेरी आमा कैली

कसो गरी छुटाउलास्

जोबन भयो वैरी

लक्ष्मीको छोरो

कामधेनुको नाति हिँड्न लागिस्

मेरो परालमाथि

ह ह तारे ह ह

ह ह माले ह ह

अल्छीको बल्छी बढ्दो हो

पाखुरीको जाल

मर्दको दुवाली

मेरो बढ्दो हो

माछाको काल

ह ह माले ह ह

ह ह झाले ह ह

मियाको टुप्पामा बढ्दो हो

बसिगयो रूपी

गोरु धपाउने केटाको

उखेलौँकी टुप्पी ।

स्रोतः विजय खनाल, वर्ष, ३१

खनालथोक -६

### ४.३.२.२. खलो भरिदेऊ

हो हो असी मुरी झरुवा, बाऱ्ह बिस रास

चम्पा फुल फुल्यो, लङ्का पुग्यो बास

हो हो बरादो, हो हो

हो हो हाम्रो बरदालाई बाँध्यौ नि मेरा भाइ राजै हो
माल दाम्ला फिँजारि दिए मेरा भाइ बरादै

मियोको गोरु चर्दो हो

हो हो दाइँ गर बरादो, दाइँ गर

पराल टिपी भुइँ भर
तारे झाले माले हिँड बरादो हो

मियोको टुप्पोमा बसिगयो कोइली

आजका दयैँरालाई घिउका चोइली

हो हो हो हो, हह

तिल्के ,मिल्के गोरु मिली परालका माथि
काम सक भाइ, बरादो थन्काइ धानको राशि
हो हो माली गाईको  बाच्छो धेनु गाईको  नाति
हिँड हिँड बरादो, पाटी मिली परालमाथि
धान पराल छुट्याई सक आफ्नो काम
अनि पाउँछौ बरादो, कामको माम
वरिपरि बरादो हो सिमलचरीको मुनु
खाउला खाउला दयेरा हो
भातका चोइली, घिउको दुनु
हिँड बरादा, परालका भारी तिमीलाई
घन्च न मन्च यति दाइँ सकेपछि तिमीलाई सन्च
हो बरादो हो, हह ।

स्रोत :भीम बहादुर खनाल, वर्ष ,८५
खनालथोक -६

### ४.४. संस्कार गीत

नेपाली जीवन विभिन्न जातजाति र भाषाभाषीको साझा स्वरूप हो । यहाँको समाजमा आफ्नै किसिमका संस्कारहरु रहेका छन् । यस्ता संस्कारहरुमान्वारन, पास्नी,व्रतबन्ध, विवाह, दाहसंस्कार आदि प्रमुख संस्कार मानिएका छन् । काभ्रेको भकुन्डे क्षेत्र पनि यी संस्कारबाट टाढा रहन सक्दैन । यस क्षेत्रमा पनिविभिन्न संस्कारहरु मान्दै आएको पाइन्छ ।यस्ता संस्कारहरु मान्ने क्रममा गाइने लोकगीतहरु निम्नअनुसार छन् :-

#### ४.४.१ रत्यौली गीत

विवाहमा केटा पक्षबाट बेहुलासहित जन्तीहरु बेहुली लिन भएपछि जन्ती नआउन्जेलसम्म बेहुलाका घरमा रमाइलो गरेर नाच्ने गाउने गरिन्छ । यस्तो नाच्ने गाउने कार्यलाई रत्यौली भनिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा विवाहमा गाइने रत्यौली गीतहरु तल प्रस्तुत गरिएका छन् :-

##### ४.४.१.१.बाटोमाथि बाटोमुनि

बाटोमाथि बाटोमुनि घैया गोडेकीलाई

नचलाउनू नबोलाउनू पोइले छोडेकीलाई

मेथिन्कोटको डाँडाडाँडा ढल्क्यो तितेपाती

राम्रा राम्रा तरुनीको पोइ मेरेकै जाती

मेथिनकोटका डाँडामाथि धान कुटेको ढुटो

नखाऊँ भने करै लाग्छ राले पोइको जुठो

स्रोत :बिनीता खनाल,वर्ष , ४५

खनालथोक - ८

**४.४.१.२. खोजी खोजी ले लाटा**

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलीकी आमालाई खोजी खोजी ले ।

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलीकी भाउजूलाई खोजी खोजी ले ।

खोजी खोजी ले लाटा खोजी ले

बेहुलीकी दिदीलाई खोजी खोजी ले ।

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलीकी बहिनीलाई खोजी खोजी ले ।

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलाका आफन्तलाई खोजी खोजी ले ।

कहाँ हो लाटा, तेरो घर? सिस्ने ओडार

आज लाटो भोकै छ ढिँडो ओडाल ।

स्रोत :मीरा सिग्देल, वर्ष , ३१

खनालथोक - ७

**४.४.२.सिलोक**

विवाहमा घर गाउँले र जन्ती यसरी सिलोक भन्दछन् :

**४.४.२.१. विवाहमा गाइने सिलोके प्रश्नोत्तर**

घरः कहाँबाट आयौ जनतीमनती, कहाँसम्मको दाउ ?

धरती तमरे भान्जे बुहारी, केमा टेकी आयौ पाउ?

जन्जीः घरबाट आयौँ जनतीमनती, यहीँसम्मको दाउ ।

धरती हामरे भान्जे बुहारी, “विष्णु विष्णु” भनी टेकी आयौँ पाउ ।

घरः कहाँबाट आयौ जनतीमनती, कहाँ बस्छौ बास ?
अघि खाका फुरौला घाँटीमा अड्के, कहाँबाट फेर्छौ सास ?
जन्जी :घरबाट आयौँ जनतीमनती, यहीँ बस्छौँ बास ।
अघि खाका फुरौला घाँटीमा अड्के, नाकबाट फेर्छौं सास ।

घरः कति बाट्यौ नाम्लादाम्ला,कति बाट्यौ कुचा ?
कति आयौ बुढापाका, कति आयौ फुचा ?
जन्जी : धेरै बाट्यौँ नाम्लादाम्ला,थोरै बाट्यौँ कुचा ।
धेरै आयौँ बुढापाका, थोरै आयौँ फुचा ।

घर : के भनी आयौ मातालाई, के भनी आयौ पितालाई ?
के भनी आयौ देवी देउरालीलाई, के भनी आयौ कोसीलाई ?
जन्जी : रत्यौली खेल भनी आयौँ मातालाई, साथै ल्यायौँ पितालाई
ध्वजापतङ्गा चढाई आयौँ देवी-देवतालाई, हरहर भनी आयौँ कोसीलाई ।

घरः तुलसीको लिङ्गो सातै ठाउँ बाङ्गो, सातै ठाउँ लायो चरीलेगुँड
चिन चिन चरीको के हो नाउँ,लाउँछौ अर्थ कि छोड्यौ ठाउँ?
जन्ती : तुलसीको लिङ्गो सातै ठाउँ बाङ्गो, सातै ठाउँ लायो चरीले गुँड
चिन चिन चरीको हिरामोती नाउँ, लायौँ अर्थ छाड्दैनौँ ठाउँ ।

स्रोत : भीम बहादुर खनाल,वर्ष , ८५
खनाल थोक - ६

**४.४.२.२. जन्ती पक्षले घरगाउँलेसँग सवाल गर्दै गाउने सिलोक**

जन्ती : कसरी छोरी सिरी सीता रानी ?
कसका छोरा लक्ष्मण राम ?
कसका छोरा वीर हनुमान ?
कसका छोरा चन्द्रमा घाम ?

घरगाउँले : जनककी छोरी सिरी सीता रानी
दशरथका छोरा लक्ष्मण राम

वायुका छोरा वीर हनुमान

दितिका छोरा चन्द्रमा घाम ।

जन्ती : कहाँ बस्छिन् सिरी सीता रानी?
कहाँ बस्छन् लक्ष्मण राम?

कहाँ बस्छन् वीर हनुमान ?

कहाँ बस्छन् चन्द्रमा घाम?

घरगाउँले : अयोध्यामा बस्छिन् सिरी सीता रानी
दरबारमा बस्छन् लक्ष्मण राम

जङ्गलमा बस्छन् वीर हनुमान

आकाशमा बस्छन् चन्द्रमा घाम ।

जन्ती : कति समानकी पोखरी खनायौ?

कति समानकी जल?

कति समानकी इष्टकुटुम्ब?

कति समानको बल?

घरगाउँले : कोदाली समानको पोखरी खनायौँ

पोखरी समानकी जल

आफू समानका इष्टकुटुम्ब

बाहु समानकी बल ।

स्रोत :भीम बहादुर खनाल,वर्ष , ८५

खनालथोक - ६

**४.४.२.३.गणित सम्बन्धी सिलोक**

जन्ती : एकान्त स्थलमा त पोखरीमा नै भैँसी तनौ नौ थिए

तिनका साथमहाँ त हाँस नौ नौ जम्मा बसेकै थिए

हाँसका साथमा त फुल नौ नौ जम्मा भए हुन कति ?

यसको अर्थ बताऊ पण्डितजी हो रेखा नछोडी रत्ति ।

घरगाउँले : एकान्त स्थलमा त पोखरीमा नौ भैंसी त नौ नौ थिए
तिनका साथमहाँ त हाँस नौ नौ जम्मा बसेकै थिए
हाँसका साथमा त फुल नौ नौ जम्मा भए हुन् कति
यसको अर्थ बताई पण्डित भएँ ६५६१ गनी

स्रोत : भीम बहादुर खनाल,वर्ष , ८५
खनालथोक - ६

### ४.४.३.खाँडो

पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशा जित्नको
लङ्कापलङ्का जित्नको
नागादेश घोरमुखा देश जित्नको
शूरवीर सेना चलते है

कौन कौन सवारी चलते है ?
हात्ती घोडा रथरथान चलते है
भाला बर्दा धनुर्वाण चलते है
जाग रे खाँडो, जाग रे, जाग रे, जाग रे
भोटके निकटमे , सप्तगण्डीकी के तिरमे
सप्तकोसी के तिरमे
धन्य धन्य मन्त्री के बुझ से
मन्त्री के खेल से चले बहादुर लोकलस्कर
चले सिलाङ लङ्कापलङ्का मे
तहाँ जाके वैरीसे भिड्न लागे
धर्ती कम्पन लागे, मुलुक थर्कन लागे
हँ हँ और सुनो जुद्ध देख्न महारानी चलते है
तन के साथ केटी सुसारे रामदरी
ज्यादरी,अल्लन परी हुस्न परी ।

विष्णुमाया, शिवमाया लालवदना

कमलाशोभा,ऐसी,ऐसी सुन्दरी चलते है ,देखते है

वैरी सोत्र्यान्न होते है, मुलुकै मुलुकन हात लगते है

श्री ५ महाराज शाहको खाँडो जागरे

जाग रे खाँडो, जाग रे जाग रे,जाग रे ।

भुँगागढीका भोटे   लर्कन लागे

गोर्खाली जति सर्कन लागे

चीन कोचीन महाचीन पेचीन

लाहोर,दिल्ली देशदेशावर थर्कन लागे

सिसागोला,बमगोला उपर बर्सन लागे

पर्रा गोली,छुरी कटारी चुरी च्याप्सा

खुँडा, ढाल,तरबार,खुकुरी,बर्सन लागे

शत्रुके सेना सब भागे

श्री पशुपति नाथ गुह्येकालीसँग जितबाजी मागे

उँधो गङ्गाको साँध लगाई

उँभो महाचीन मारी टिस्टामा गै

नमोन्नमा खाँडो पखाली

गोर्खे खाँडो जाग्दै जा

कुइरे लगतै भाग्दै जा

कुइरेका मुडमा खुकुरी

जक्ख्याइ दिम्ला दुगुरी

कुइरेका टाउकामा ट्वाक्क ।

स्रोत :भीम बहादुर खनाल,वर्ष , ८५

खनालथोक - ६

**४.४.४.धामी गीत**

उपर धामीले हेऱ्यो जोखाना

शिरमा पगरी जिउमा जामा

पगरीमा प्वाँख,बाबै कति लामा

थानमा माला,सेउली र सामा
हात जोरी बस्छन् धुपौरे मामा
फलाक्छ धामी हेर हेर बाना
उपर धामीले हेऱ्यो जोखाना
थरथर काम्दै तिरिमिरी देख्यो
ढ्याङ्ग्रोमा गजो मरीमरी ठोक्यो
उपर धामीले हेऱ्यो जोखाना
खड्गो काट्न कुभिन्डो र पाठो
टपरी ओरीपरी ल्याएर राख्यो
तिरिमिरी देखे सिमलीका छाना
उपर धामीले हेऱ्यो जोखाना ।

स्रोत : भीम बहादुर खनाल, वर्ष ,

८५

खनालथोक - ६

**४.५. धार्मिक गीत**

मानिसले एउटा न एउटा धर्ममा अस्था विश्वास गरेका हुन्छन्।जुन धर्ममा विश्वास गऱ्यो त्यो धर्मसँग सम्बन्धित धार्मिक गीत गाउने गरिन्छ । काभ्रेको भकुन्डे क्षेत्रका मानिसहरु पनि विभिन्न धार्मिक गीत गाउने गर्दछन् । ती गीतहरु तल प्रस्तुत गरिएका छन्:

**४.५.१. भजन**

जब मानिसहरु ४० वर्षभन्दा माथि लाग्दछन् तब उनीहरु धर्ममा आस्था राख्ने,धर्म,कर्म,तीर्थ र व्रतगर्नेगर्दछन् । काभ्रेको भकुन्डे क्षेत्रका कतिपय मानिसहरुले गाउने भजन निम्न छन् :

**४.५.१.१.हरेराम**

हरे राम हरे राम
राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण

कृष्ण कृष्ण हरे हरे

राधेश्याम राधेश्याम
श्याम श्याम राधे राधे

राधेकृण्ण राधेकृण्ण

कृष्ण कृष्ण राधे राधे

स्रोत : हिरादेवी खनाल,वर्ष ,७६

खनालथोक - ५

४.५.१.२.**भजमन राम**

भजोमन गोविन्द, भजोमन राम

गङ्गा तुलसी शालिग्राम

जय सीताराम जयसीताराम

जय जय जय जय

जय सीताराम

४.५.१.३.**पूजा प्रारम्भ गीत**

राम राम राम राम

ए पार्वतीपुत्र गणेशजीलाई पहिल्यै नमस्कार ।

आ है पहिल्यै नमस्कार ।

खेल्छौँ नाच्छौँ तिम्रै नाम जप्छौँ नमस्कार ।

स्रोत : अग्निधर खनाल,वर्ष, ७

खनालथोक - ५

४.५.१.४.**हरिभजन**

नारायण...........हरि हरि (राम राम राम राम)$^{२}$

ए गुरु गणेश ए हरेराम (जय गुरु गणेश हो हो)$^{२}$

शिरमा आई बास गरुन् जय गुरु गणेश............

नारायण,हरि हरि ।

(राम राम राम राम)$^{२}$ ए सरस्वती माई ए हेर लौ

सरस्वती मा ................ ई

मुखमा आई बास गरुन् सरस्वती माई

नारायण,हरि हरि (राम राम राम राम)[२]

ए लीला बताउँछु लौ सुन है लीला बताउँछु ।

रामचन्द्रका वनबासको लीला बताउँछु ।

नारायण,हरि हरि

कौशल्यार दशरथका छोरा रामचन्द्र थिए

दशरथले रामचन्द्रलाई युवराज पद दिए

राज्य भिशेष गर्ने जब हुन लाग्यो वेला

कैकेयी रमन्थराको भयो गोप्य भेला

ए मारानी । किन मन्थरे? नारायण हरिहरि

ए भोलि राज्या भिशेष रे सुन है राज्या भिशेष रे ।

तिम्रा सीता छोरा रामचन्द्रको राज्या भिशेष रे ।

स्रोत : केशव प्रसाद अधिकारी, वर्ष , ५६

डराउने पोखरी -७

**४.५.२.बालन**

बालन गीत जैमिनी भारत अर्न्तगत पर्छ । यसमा सर्गहरुलाई सतक भनेर छुट्याइएको हुन्छ ।श्री महा जैमिनी भारतका गीतको श्रीकृण्णका भक्तिरितको पैलो, दोस्रो, तेस्रो .......... सतक हो । यो सुन क्यै गाऊँ मनमा राख्या वैकुण्ठ जाऊँ ।

यो महाभारत कथा अर्न्तगत छ । विशेष गरेर पाण्डवले गरेको अश्वमेध यज्ञलाई ख्याल गरिएको छ । अर्जुनको छोरो जानेगकर्या तर्फको वव्रुवाहनले अर्जुनको शीर काट्दा यसरी गीत भनिएको थियो ।

हे अर्जुन सबलातबाट सह्याँ यी मैले पोल्यो ये तरवारले

वेश्याको छोरो होस् जोमलाई भन्यौ आमा वेश्या गन्यौ

पतिव्रतालाई वेश्या भनेको जारपुत्र मलाई गनेको

यो वात चैं सहन लौ भएन मेरा लौ लौ काजी सबै घेर

हिर्कायो वाणले छिनायो घाँटी वव्रुवाहन बडो आँटी

नागसँग युद्ध गर्दा मह बर्साउँछ त्यो बेलाको

नागका शरीर भया महले गिला बर्साया फेरि कमिला
महले गुल्याका बाणले चिन्याका फेर कमिलाले खायाका
जितेर बुढील्याउँछ उतानागले उनीहरुको टाउको
चोरेर लग्छन् त्यो बेला कृष्णले भनेको ।
आजतक ब्रह्मचर्य जो होला त मेरा त्यै पुण्यको लागिहोस्
वृषकेतु अर्जुनको आइपुगोस् शिर लैजानेले पाउन पिर
यति भन्नु के थियो पापी नाग म-या दुबै शिर उडी आइपुग्यो ।

स्रोत : केशवप्रसाद अधिकारी,वर्ष, ५६
डराउनेपोखरी-७

# परिच्छेद पाँच

# भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण

## ५.१. वर्गीकरण

लोक साहित्यका विभिन्न विधाहरुमध्ये बढी प्रचलित एवम् लोकप्रिय विधाका रूपमा लोकगीतलाई लिइन्छ । लोकगीतका अनेक प्रकारहरु हुन्छन् । प्रत्येक जाति, समुदाय र क्षेत्रका आआफ्नै खालका संस्कृति, रीतिरिबाज, चालचलन र परम्परा हुन्छन् । यसै अनुसार त्यहाँ गाइने लोकगीतहरु पनि फरक फरक हुन्छन् । त्यसैले लोकगीतको कुनै खास वर्गीकरणमा सबै खालका लोकगीतहरुलाई समेट्न कठिन हुन्छ ।

काभ्रेको भकुन्डे क्षेत्रमा पनि आफ्नै खालका संस्कृति, रीतिरिबाज, चालचलन र परम्पराहरु छन् । यहाँ पनि अनेक खालका लोकगीतहरु पाइन्छन् । त्यस्ता लोकगीतहरुलाई आफ्नै प्रकारले वर्गीकरण गर्नु उपयुक्त हुन्छ । त्यसैले विभिन्न विद्वान्हरुले गरेका लोकगीतका पूर्वोक्त वर्गीकरणहरुलाई आधार मानेर काभ्रेको भकुन्डे क्षेत्रमा गाइने लोकगीतहरुलाई यहाँ संरचना, सहभागिता, उमेर, लिङ्ग, र प्रस्तुतिका आधारमा वर्गीकरण गरिएको छ ।

### ५.१.१. आकारका आधारमा लोकगीतको वर्गीकरण

आकारका आधारमा काभ्रेको भकुन्डे क्षेत्रमा गाइने लोकगीतहरुलाई लघुतम र लघु गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

#### ५.१.१.१. लघुतम लोकगीत

कविता जस्तै लोकगीतमा पनि लघुतम रूप प्रचलित रहेको पाइन्छ । भावको एक तीव्र झिल्का यस्ता गीतमा तरङ्गित भएको हुन्छ । काभ्रेको भकुन्डेमा गाइने लघुतम गीतका नमुना यस प्रकार छन् :

मसी पोखेँ मैले
नजानेर अहिले
गरुँ अब कसो ?
पाइन मैले मेसो

उड्कुसी मुड्कुसी लाभाचुन
चुम्के धारा पुतली

तल्ला घरकी खेताली

माथ्ला घरकी गोठाली

नुन चुक ढुक लुक

**५.१.१.२. लघु लोकगीत**

ज्यादै छोटा, छरिता सटीक विषयवस्तु अनुसारको भावनालाई प्रस्तुत गर्ने खालका लघुतम गीतका तुलनामा यस प्रकारका गीत केही विस्तृत आकारका हुन्छन् । यस अन्तर्गत काभ्रेको भुकन्डे क्षेत्रमा प्रचलित दाइँ, तिजे, देउसी, भैलो, दोहोरी आदि गीतहरु पर्दछन् । यस प्रकारका लोकगीतको एक अंश तल प्रस्तुत छ :

भैलिनी आइन् भैलाउँदै

गुन्यौ चोली मैलाउँदै

ए औंसीबार गाइतिहार- भैलो ।

**५.१.२. सहभागिताका आधारमा लोकगीतको वर्गीकरण**

कुनै लोकगीत एक्लै गाइन्छन् भने कुनै सामूहिक रूपमा गाइन्छन् । कुनैलाई दोहरी गीतका रूपमा गाउने प्रचलन रहेको छ । यसरी काभ्रेको भकुन्डेमा प्रचलित लोकगीतहरुलाई सहभागिताका आधारमा एकल गीत, दोहोरी गीत र सामूहिक गीत गरी तिन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**५.१.२.१. एकल गीत**

एकमात्र व्यक्तिले एक्लै गाउने गीतलाई एकल गीत भनिन्छ । विभिन्न लय वा भाकामा गाइने एकल गीत मिठा र छरिता हुन्छन् । छोटा हुने हुनालेछोटो समयमै यस्ता गीतहरु गाउन र सुन्न सकिन्छ । सामान्य किसिमका नेपाली वाद्यवादन् मादल, बाँसुरी आदिका साथमा गाइने एकल गीतमा नृत्य पनि प्रस्तुत गर्न सकिन्छ । एकल गीतमा मायाप्रीति लगायत अन्य विषय पनि समेटिएका हुन्छन् । काभ्रे जिल्लाको भकुन्डे क्षेत्रमा एकल गीतहरुनिकै प्रचलित छन् जसको एक उदाहरण यहाँ प्रस्तुत छ :

घर त मेरो भकुन्डे बजार बजार

आउन भेटौँ घुमौँ न सरर

बज्यो साँढे दश

भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

### ५.१.२.२. दोहोरी गीत

दुई व्यक्ति वा दुई पक्षकाबिच सबाल जबाफ गर्दै गाइने गीतलाई दोहोरी गीत भनिन्छ । यसलाई जुहारी पनि भन्ने गरिन्छ । दोहोरी गीत विशेष गरेर युवायुवतीकाबिच अथवा युवाहरुको समूह र युवतीहरुको समूकाबिच गाइन्छ । परिचयबाट सुरु हुने यस्ता गीतका बिचबिचमा मायाप्रीतिका अनेक प्रसङ्गहरु ल्याएर ख्यालठट्टा पनि गरिएको हुन्छ । यस्ता गीत गाउँदा सबाल अनुसारको जबाफ गीतमै दिनु पर्ने हुन्छ । यी गीतमा गायक गायिकाहरु सजग र चनाखा रहन्छन् । यस्ता गीत गाउन तार्किक शक्ति र सिर्जनशीलताको पनि आवश्यकता पर्दछ । विभिन्न भाका वा लयमा गाइने दोहोरी गीतले श्रोताहरुलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरुमा कौतूहल र उत्सुकता समेत जगाउने गर्दछ । यस्ता गीत काभ्रेको भकुन्डे क्षेत्रमा पनि निकै प्रचलित रहेको पाइन्छ । जस्तै :

कसकी छोरी कसकी हौ बुहारी?
शक्ति भए आऊ खेलौँ जुवारी ।
साहुकी छोरी जर्नेलकी बुहारी
आएँ म त लौ खेलौँ जुवारी ।

### ५.१.२.३. समूह गीत

सामूहिक रूपमा गाइने गीतलाई सामूहिक गीत भनिन्छ । यस्ता गीतमा पहिले एक व्यक्तिले गीतको भाका झिक्छ वा उठान गर्छ र त्यसैमा भाका मिलाएर गीत अगाडि बढाउन अन्य व्यक्तिहरुले स्वर थप्छन् । यस्ता गीतहरुमा सामान्य किसिमका वाद्यवादन् मादल, बाँसुरी, खैंजडी, मुजुरा आदिको प्रयोग गरिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित यस्ता सामूहिक गीतहरु बाह्रमासे गीत, कर्मगीत, पर्वगीत, संस्कार गीत आदि हुन् । भकुन्डे क्षेत्रमा गाइने सामूहिक गीतका रूपमा असारे गीतलाई लिन सकिन्छ । जस्तैः

असारे मासको भारी राम्रो घाँसको
पातै राम्रो गोगनको
आज आज भन्दा भोलि भोलि भन्दा
पापै लियौ जोवनको ।

### ५.१.३.उमेरका आधारमा लोकगीतको वर्गीकरण

केही लोकगीतहरु बालबालिकाहरुले गाउँछन् भने केही लोकगीतहरु युवायुवतीहरुले गाउने गर्दछन् । त्यस्तै गरी यहाँका कुनै गीतहरु पुरुषले मात्र गाउने गर्दछन् भने कुनै महिलाहरुले मात्र गाउने गर्दछन् । यसरी काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई उमेर र लिङ्गका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### ५.१.३.१. बालगीत

बालबालिकाहरुले गाउँने गीतलाई बालगीत भनिन्छ । काभ्रेको भकुन्डेका बालबालिकाहरु पनि विभिन्न अवसरमा बालगीत गाएर मनोरञ्जन लिने, आफ्ना अधिकार खोज्ने, आफूमा भएको प्रतिभा प्रस्फुटित गर्ने गर्दछन् । बालगीतका रूपमा निम्नलिखित  गीतलाई लिन सकिन्छ

यो घर कसको? आलेको
भित्र बाहिर टालेको
बिजुली बत्ती बालेको
भोटे कुकुर पालेको

### ५.१.३.२. युवा गीत

यौवनकाल जीवनका उत्साह र उमङ्गको सबल क्षण हो । यस बेला लोक जीवनले मायाप्रीति गाँस्छ भने बिरह-व्यथाको अनुभूति पनि गर्छ । त्यसैले युवाकालमा उत्साह-उमङ्गका साथै पारस्परिक मायाप्रेम र मनका वेदनापूर्ण स्वरलाई नै गीतले वरण गरिरहेको पाइन्छ । काभ्रेको भकुन्डे क्षेत्रका युवायुवतीहरुले पनि प्रेम-विरहका गीतहरु गोठालाँ जाँदा, घाँस दाउरा गर्दा, साथी कोही नहुँदा, नियाँस्रो लाग्दा, आफ्ना आफन्तको बिछोड हुँदा, आफ्ना पतिपत्नीको बिछोड हुँदा लोकगीत गाएर आफ्नो मनलाई बुझाउने गर्दछन् । खासगरी युवाहरुले उमेर पुगेर पनि घरजम नहुँदा, यात्रा गर्दार परदेशमा रहँदा यस्ता गीत गाउने गर्दछन्  भने युवतीहरुले चाहिँ घरमा दु:ख पर्दा, लोग्ने परदेश जाँदा, डोकोनाम्लो गर्दा, माइत जान नपाउँदा, घरमा सासू, ससुरा र पतिबाट पीडा दिइँदा यस्ता गीत गाउने गर्दछन् । यस्ता गीतका रुपमा तलका गीतलाई लिन सकिन्छ :

कमेराले सिँगारेको तुलसीको मोठ
झकमक्क फुलिसक्यो झुसे तिलको बोट

फाँटभरि झल्याकझुलुक झुल्किसके घाम
यसैवेला पऱ्यो मैले मलायामा जान

भन्न थाले साइँला दाइले साइँलीतिर हेरी
विरहका झक्कानालाई दबाएर फेरि
तिमी मात्रै बसहै साइँली, जान्छु ! म त मलाया छाउनीमा

**५.१.३.३. प्रौढ गीत**

जबानी ढल्दै गएपछि युवाकालका उत्साह उमङ्ग क्रमशः पहेँलिन थाल्छन् र युवाभावका गीत गाउने क्रम पनि मत्थर हुँदै जान्छ । अर्कातिर बाँचेका क्षणसम्म लोकजीवनमा गीत कहिल्यै रित्तिँदैन, बरु त्यसले अर्कै मोडलिन पुग्छ । लोकका विषयवस्तुमा, शैलीमा र भावमा पनि केही न केही परिवर्तन देखा पर्छ । यस बेला जीवनमा परिपक्वता आउँछ , विचार खारिन्छ, भावुकता हराउँदै जान्छ र मन विचलित भएर चिन्तनतिर ढल्कन्छ । त्यसकारण वृद्ध-वृद्धाहरु प्रेमका गीत गाउन छाडेर भजन, सिलोक, सबाई भन्ने गर्दछन् । काभ्रेको भकुन्डे क्षेत्रका प्रौढहरुले गाउने लोकगीतका रूपमा सिलोकलाई पनि लिन सकिन्छ ।जस्तै :

घरः कहाँ पलायो जलुको निउरो, कहाँ पलायो तामा ?
कसकी छोरी तिम्री आमा कसलाई भन्छौ मामा ?

जन्ती : चिसामि पलायो जलको निउरो, बाँसघारीमा पलायो तामा
ढुङ्गेलको छोरी हाम्री आमा, ढुङ्गेललाई भन्छु मामा ।

भजन : श्रीकृष्ण गोविन्द हरे मुरारे
हे नाथ नारायण वासुदेव
हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे

### ५.१.४. लिङ्गका आधारमा लोकगीतको वर्गीकरण

काभ्रेको भकुन्डे क्षेत्रमा गाउने लोकगीतहरु कुनै पुरुषलेमात्र गाउने गर्दछन् भने कुनै महिलाहरुले मात्र गाउने गर्दछन् । यस हिसाबले लोकगीतलाई पुरुषले गाउने लोकगीत र महिलाले गाउने लोकगीत भनी दुई भागमा वर्गीकरण गरिएको छ ।

#### ५.१.४.१. पुरुषले मात्र गाउन लोकगीत

केटा मानिसले मात्र गाउने लोकगीतलाई पुरुषले गाउने लोकगीत भनिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा पनि खाँडो, दाइँ गीत, देउसी गीत, मालसिरी गीत पुरुषलेमात्र गाउने गर्दछन् । यहाँका पुरुषलेमात्र गाउने गीतका केही अंश तल प्रस्तुत गरिएका छन् :

जस्तै : आ है मेरा भाइ हो देउसी रे
आ है देउसी रे भन देउसी रे
आ है लड्दैपड्दैदेउसी रे
आ है आएका हामी देउसी रे

खाँडो : पूर्वपश्चिम उत्तरदक्षिण
चारै दिशा जित्नाको
लङ्कापलङ्का जित्नाको
नागदेश, घोरमुखा देश जित्नाको
शूरवीर सेना चलते है चलते

#### ५.१.४.२. महिलाले गाउने लोकगीत

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुमा महिलालेमात्र गाउने लोकगीतहरु पनि रहेका छन् । महिलाहरुलेमात्र गाउने लोकगीतहरुमा रत्यौली, भैलो, तिजेगीत आदि पर्दछन् । उदाहरणका रूपमा भैलो गीतलाई तल प्रस्तुत गरिएको छ :

हामी त्यसै आएनौं
बलि राजाले पठाको
हे औंसी वार गाईतिहार- भैलो!

भौलिनी आइन् भैलाउँदै

गुन्यौं चोलो मैलाउँदै

हे औंसी वार गाईतिहार- भैलो !

**५.१.५. प्रस्तुतिका आधारमा लोकगीतको वर्गीकरण**

लोक गीतहरुलाई प्रस्तुतिका आधारमा सामान्य रूपमा गाइने नृत्यवाद्यरहित गीत र बाजानृत्य सहित गाइने नृत्यवाद्य गीत गरी दुई भागमा विभाजन गर्न सकिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई पनि यसै गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**५.१.५.१.नृत्यवाद्यरहित गीत**

काभ्रेको भकुन्डेक्षेत्रमा बसोबास गर्ने मानिसहरु सामान्य रूपमा बाजा र नृत्य नभए पनि धेरै गीत गाउने गर्दछन् । कृषकहरुको बढी बसोबास भएको क्षेत्र भएकाले घाँसदाउरा गर्दा, खेती लगाउँदा, बाली भित्र्याउँदा, नृत्य र बाजाबिनाका सामान्य गीत गाउँछन् । यी गीतमा बाजा पनि बजाइँदैनर गीतसँगै नाच्ने काम पनि गरिँदैन । यस्ता गीतका नमुना तल प्रस्तुत गरिएका छन् :

धान है रोप्नु छुपु र छुपु असारको मासमा

राजाको बेठी म कन्नेकेटी बाँच्नु छ आसमा ।

पानी पऱ्यो हरियो हुनलाई
कुहिरो झऱ्यो मन मेरो रुनलाई ।

काटे खरु पलाउँला बरु
नपलाए मन मेरो के गरुँ ।

**५.१.५.२. नृत्यवाद्य गीत**

गीतसँग सँगै बाजा बजाउने र नाचिने लोकगीतलाई नृत्यवाद्य गीत भनिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा पनि नृत्यवाद्य गीत प्रशस्त मात्रामा गाउने गरिन्छ । यस्ता गीतका रूपमा रत्यौली, तिजेगीत, दोहोरी आदिलाई लिन सकिन्छ । नृत्यवाद्य गीतमा विभिन्न बाजाहरु मादल, खैंजडी, सारङ्गी, गितार, चाँप आदि प्रयोग गरिन्छन् । यी गीत विशेष अवसरमा गाइने हुँदा नयाँनयाँ लुगा

लगाएर त्यसमा पनि महिलाहरुले त रातो पहिरनमा, गरगहनासहित झकिझकाउ भएर रमाउँदै गीत र बाजाको तालमा नाच्ने गर्दछन् । नृत्यवाद्य गीतका केही अंश तल प्रस्तुत गरिएको छ :

लक्ष्मणले लगेको सुनचुरा
लक्ष्मीलाई पुगेन कुन कुरा?

पहिलो चरण कुन गीत गाउने?
सरस्वती मुखैमा नआउने

भुरुरुरु मैनाचरी ऐँसेलुको झाडैमा
बाँचे भेट हुन्छ आमा बर्से तिजैमा

### ५.२. विश्लेषण

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुले यहीँका मानिसहरुका पीडाव्यथा, सुखदुःख, र मिलनबिछोड प्रस्तुत गरेका छन् । भकुन्डे क्षेत्रका मानिसहरुको जस्तो अवस्था छ त्यही अवस्था लोकगीतमा उतारिएको छ । यहाँको जनजीवनमा प्रचलित भाषा नै लोकगीतमा प्रयोग भएका छन् । यहाँ कुनै लोकगीत लामो भाकामा गाइन्छन् भने कुनै छोटो झ्याउरे भाकामा गाइन्छन् । यहाँका गीतहरुले यहीँको सामाजिक वस्तुस्थितिलाई उतारेको पाइन्छ । त्यस कारण काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई विषयवस्तु, लय वाभाका, भाषा र मौलिकताका दृष्टिले विश्लेषण गरिएको छ ।

### ५.२.१.विषयवस्तुका आधारमा लोकगीतको विश्लेषण

कुनै पनि साहित्यिक रचना एक न एक विषयमा केन्द्रित भए जस्तै लोकगीतहरु पनि कुनै न कुनै विषयमा कन्द्रित रहेका हुन्छन् । भकुण्डे क्षेत्रका लोकगीतहरु पनि सामाजिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक आदि विभिन्न विषयवस्तु समेटेर गाइएका पाइन्छन् ।

#### ५.२.१.१. सामाजिक दृष्टिले लोगीतको विश्लेषण

हाम्रो समाज विविधताले भरिपूर्ण रहेको छ । यहाँ विभिन्न जातजाति, धर्मावलम्बीहरु बसोबास गर्दछन् । उनीहरुका आआफ्नै रीतिरिबाज, चालचलन, धर्मर संस्कृति रहेका छन् । यस्ता

धर्मसंस्कृतिमा केन्द्रित भएर भकुन्डेबासीहरु लोकगीत गाउने गर्दछन् । यसरी गाइएका लोकगीतहरु भनेका सामाजिक विषयवस्तुमा आधारित लोकगीतहरु हुन् ।

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुमा मानवीय माया ममता ,संयोग वियोग, हर्ष विस्मात, दुःख सुख आदिलाई गीतका माध्यमाबाट प्रकट गरिएको पाइन्छ । यस्ता गीतहरुमा मानवीय पीडालाई उज्यालो शिर गरेर हिँड्न नदिने विषयका रूपमा लिएको पाइन्छ । हाम्रो जीवन पूर्णिमाको जुनजस्तो हुन्छ । जसरी जुनको पूर्णिमाका दिन आकाशमा पूर्ण रूप देखिन्छ र फेरि विस्तारै यो क्षिणभएर औंसीको दिन हामीलाई देख्नै गाह्रो हुन्छ । त्यसरी नै हाम्रो जिन्दगी पनि कहिले पूर्णिमाको जुन र कहिले फक्रिएको फुलको रूप जस्तै सुन्दर र पूर्ण हुन्छ भने कहिले औंसीको चन्द्रमा तथा ओइलाएको फुल जस्तै हुने गर्दछ । यसो भन्नुको अर्थ हाम्रो जीवनमा दुःखसुख भन्ने कुरा जुनको रूप फेरबदल भए जस्तै परिवर्तन भइरहन्छ र हाम्रो अनुहार पनि फक्रिएको सुन्दर फूलबाट फूल ओइलाएजस्तै ओइलाउँदै चाउरी पर्दै जान्छ ।

भकुन्डे क्षेत्रका मानिसहरुका आर्थिक अवस्था समान किसिमको पाइँदैन । कोही धनी छन् भने कोही दिनभरि हातका नङ्ग्रा खियाउँदा पनि बिहान बेलुका खान धौधौ पर्ने मानिसहरु पनि यहाँ छन् ।धनी मानिसको जीवनमा गरिबको जस्तो दुःख कहिल्यै आएको हुँदैन तर गरिब मानिसहरुमा पनि छोरी चेलीहरु म गरिबकी छोरी भएर जीवन आँधी र भुमरी जस्तै विना गन्तव्यको भयो भनेर आफ्ना पीडा गीतमा व्यक्त गर्ने गर्दछन् । त्यस्तै गरी  आफ्ना दिदी बहिनीको भेट कहिल्यै नहुने, एकले अर्कालाई भेटेर आफ्ना दुःखसुख साटासाट गरेर मनको डाहा कम गरौँला  भनेर प्रतीक्षामाबसिरहेका हुन्छन् अनि भेट भएपछि दुःखसुख साटासाट गर्दछन् । मानिसले विवाह हुनुभन्दा अगाडि वा बालककालमा कस्तो मान्छे बनौँला भन्ने आस गरेका हुन्छन्तर त्यस्तो हुन सक्दैन अनि यहाँका मानिसहरु यसरी गीतमा आफ्ना पीडा व्यक्त गर्दछन्स ।

कस्तो जीवन सोच्याथैं मैले ता मैले ता
सपनी झैँ भयो नि अहिले ता
बज्यो साँढे दश
भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस ।

काभ्रेको भकुन्डे क्षेत्रका करिव ८०% मानिसहरु कृषि पेसा अपनाउने कृषकहरु रहेका छन् । कृषक भएकाले यहाँका मानिसहरु गाईवस्तु पाल्ने, घाँस दाउँरा, मेलापात आदि गर्ने गर्दछन् । यस्ता कार्यहरु गर्दा यहाँका मानिसहरु घाँसे गीत गाउँने गर्दछन् । घाँसे गीत गाउने क्रममा पानी परेपछि वन हरियो हुन्छ, कुहिरो झरेपछि मन रोइरहन्छ, कर्मले गर्दा अर्थात् भाग्यले गर्दा दुःख पऱ्यो भन्दै

आफ्ना मनका पीडा व्यक्त गर्दछन् । त्यसै गरी हाम्रो समाजमा छोरा र छोरीबिच गरिने भेदभावहरु, छोरालाई राम्रो शिक्षा दिने, छोरीलाई घाँस दाउँरा कटाउने, छोरालाई मिठो मिठो खान खुवाउने, काम नलगाउने, तर छोरीलाई छोराको भन्दा खाने, लगाउने, र हिडँडुलमा त्यति प्रर्याप्तता र स्वतन्त्रता नहुने हुँदा यहाँका छोरी अर्थात् चेलीहरु यसरी गीत गाउने गर्दछन् :

दाजुभाइ आई.ए. र बी.ए.पास
म छोरीलाई रातो दिन दाउरा घाँस

मानिसहरुका अन्य आवश्यकता जस्तै सङ्गीत वा मनोरञ्जन पनि एक आवश्यकता  नै प्रमाणित भइसकेको छ । सङ्गीतबिना मानिस बाँच्न असम्भव हुन्छ । त्यसकारणभकुन्डे क्षेत्रका मानिसहरुअन्य ठाउँको जस्तै घाँसे गीतका साथै दोहोरी गीत  गाएर पनि मनोरञ्जन गर्ने गर्दछन् । यहाँका मानिसहरु कुनै तालिम, गोष्ठीहरुमा वा विद्यालयमा विद्यार्थीहरुबिचमा नै पनि दोहोरी गीत गाएर मनोरञ्जन गरिरहेका हुन्छन् । दोहोरी गीत महिला महिला, महिला पुरुष वा पुरुष पुरुष बिचमा गाउने गर्दछन् । दोहोरी गीतमा दुई पक्षबाट मायाप्रीतिका गीत गाउने गर्दछन् । एउटा पक्षले गाएको गीतको प्रत्युत्तर अर्को पक्षले गीतमा नै दिने गर्दछन् । यसरी गीत गाउँदै अन्त्यमा एउटा पक्षले अर्को पक्षलाई लाने वा जानेसम्मका गीत गाएर बिदाबारी हुने गर्दछन् ।जस्तै :

केटी : पानी पऱ्यो चैतको तोरीलाई
लाउन माया जिन्दगीभरिलाई
केटा :   हिमालमा हिउँ झुसी झुसी
त्यसो भए मेरो नि मन खुसी

छोरीचेलीहरुले विवाह गरेर जन्मघर छोडी पराई घरमा जानु पर्ने नेपालका अन्य ठाँउको प्रचलन भकुन्डेक्षेत्रमा पनि कायमै रहेको छ ।विवाह नगरुन्जेल माइतलाई नै घर भनेर बसेका चेलीहरु विवाह गरेर गएपछि आफ्नै घरको काममा व्यस्त हुन्छन् ।उनीहरुलाई माइतमा विभिन्न चाडबाडमा मात्र डाक्ने प्रचलन रहेको छ । यसरी डाक्नका लागि पहिले माइतबाट आफ्नै परिवारका सदस्यहरु दाइभाइ, आमाबुबा, दिदीबहिनी जाने गर्दथे तर अहिले आम सञ्चारको विकासले मोबाइल वा फोन मार्फत खबर गर्ने प्रचलन विकास हुन लागेको पाइन्छ ।चेलीहरु घरबाट माइत जाँदा घरका मान्यजनसित बिदा मागेर जाने गर्दछन्। बिदा दिएअनुसार माइतमा बसेर आफ्नै घर फर्कने गर्दछन्। चेलीहरुलाई माइतीभन्दा घरपरिवार धनी भएपनि अरूको लाख आमाको भनेजस्तै आफ्नी आमा र माइती देश छोडेर जान भने पटक्कै मन लागेको हुँदैन । यता आमा पनि आफूले

जन्मदिएका छोराछोरीमा छोरीलाई टाढा पठाउन मन नभए तापनि बाध्यताले घर पठाउने गर्दछन् । छोरीचेलीहरुलाई आमा लगायत आफ्ना माइतीलाई चिन्ता नपरोस् भनेर भित्र जे जस्तो भए पनि बाहिर मन बुझाएर सबै परिवारलाई सम्झाएर घरतिर फर्कने गर्दछन् ।

वास्तवमा माइती जे जस्ता भए पनि घर जस्तो छ त्यस्तैमा छोरी चेलीहरु आफ्नो चित्त बुझाएर बसेका हुन्छन् ।आफ्नै घरमा दशनङ्ग्रा खियाएर आफ्नो जिन्दगी बिताएका हुन्छन् । आफ्नो चित्त बुझाउँदै चेलीहरु यसरी गीत गाउने गर्दछन्:

जन्मघर छोडी पराई घर गर जिन्दगी बिताउँछु
सुखदुःख जे भए पनि आफ्नो मन बुझाउँछु ।

भकुन्डे क्षेत्र पनि नेपालका अन्य ठाउँ जस्तै सामाजिक कुरीति र कुसंस्कारबाट अलग रहन सकेको छैन । यहाँका मानिसहरुमा पहिलेका दाँजामा केही परिर्वतन आए तापनि छोराछोरीबिच गरिने व्यवहार अझै समान हुन सकेको पाइँदैन । यहाँ छोरालाई राम्रो विद्यालयमा पढाउने र छोरीलाई सरकारी विद्यालयमा पढाउने प्रचलन रहेको पाइन्छ । खाने लगाउने कुरामा पनि छोराले रोजेको खान लगाउन पाउँछन् तर छोरीले भने छोडेको मात्र पाउँछन् । हाम्रो समाजमा छोरीका आकाङ्क्षाभन्दा छोराका आकाङ्क्षा बढी रहेको पाइन्छ । यस्तो अभिभावकको व्यवहारबाट रुष्ट भएका छोरीचेलीहरु यसरी गीत गाउने गर्दछन् :

दाजुभाइ स्कुल पठाउने
म छोरीलाई घाँस दाउरा कटाउने
मिठो खाना दाजुभाइलाई खुवाउने
म छोरीलाई ढिँडो नि नपाउने

नेपालका अन्य ठाउँहरुमा जस्तै काभ्रेको भकुन्डे क्षेत्रमा पनि छोरीचेलीहरु विवाह गरेर घर गएपछि घरका स्वामी, सासू ससुरा, नन्द आमाजूहरुको बचन सहनु पर्ने बाध्यात्मक स्थिति रहेको छ । प्रत्युत्तर गऱ्यो भने मुखमुखै लाग्ने मुखाले, चोथाले भन्ने उपनाम पाइने भएकाले छोरीचेलीहरु आफ्ना मनका दुःखहरु मनमा नै दबाएर राख्ने गर्दछन् । सकेसम्म सहने नसके एकान्त ठाउँमा आँसुले धोएर वा दौंतरीसँग कुराकानी गरेर आफ्ना पीडाहरु केही कम गर्ने कोसिस् गर्दछन् । कोही महिलाहरुले त घर माइत कहीँ पनि सहारा पाएनन् भने आत्महत्या गरेर मृत्युको मुखमा पुग्न बाध्य हुने गरेको पनि पाइन्छ । चेलीहरुका पीडाहरु यसरी प्रस्तुत भएका हुन्छन् ।

बिहानै उठिछिन् हातमुख धोइछिन्
खेतमा पानी लाउन गइछन् बरिलै
सासू र स्वामीजीले लगाएको वचन
सम्भी सम्भी घुँक्कघुँक्क रोइछिन् बरिलै ।

काभ्रेको भकुन्डे क्षेत्रमा कतिपय बुहारीहरुले आफ्ना आदरणीय व्यक्तिहरुलाई सन्तुष्ट राख्न नसकेको, काम गर्न अल्छी मान्ने प्रवृत्ति बढेको, सुखसयल मात्र खोज्ने तथा सिँगारपटारमा लाग्ने जस्ता विकृति आएको कुरामा सासू ससुराहरु नयाँ पुस्ताप्रति असन्तुष्टि व्यक्त गरेको पाइन्छ । अहिले पहिलेका जस्ता बुहारीहरु चुलोचौकामा मात्र सीमित नभएर बाहिरी काममा पनि हिँडेको पाइन्छ । यसरी बाहिरी काममा हिँड्ने बुहारीहरुमा कोही त घरको काम पनि गर्ने गर्दछन् तर कोही बाहिरको काम गरेपछि भित्रको काम हेर्दैनन् । उता अशक्त भएका सासू ससुरा बुहारी भित्र्याएपछि सुख पाइएला र बोझ कम होला भन्ने आस गरेका हुन्छन् तर त्यसको विपरीत झन् बोझ थपिन्छ । यस्तो अवस्थामा सासूससुराहरु यसरी लोक गीत गाउने गर्दछन् :

*बुहारी ल्याएर सुख होला भनेको*
आफ्नै छोरो बुहारीको पिउटो बनेको
बिहानै उठेर दैलोपोतो गरेर
आफैँ गई ल्याउनु पर्छ पानी भरेर

नेपालमा बेरोजगारी समस्या रहेको छ । त्यसकारण यहाँका युवायवतीहरु रोजगारीका सिलसिलामा विभिन्न देशहरुमा पुगेका छन् ।आफ्नो देशमा पसिना बगाउन नचाहेर आफ्नै मनलाई चञ्चल बनाउँदै विदेशमा गएता पत्कर सोरेझैं पैसा सोहोर्न पाइन्छ भन्ने मनसायले धेरै दाजुभाइ दिदीबहिनी खाडी मुलुक पुगेका छन् । त्यहाँ गएपछि म्यानपावरले पहिले भनेजस्तो काम नपाएर तल्लो स्तरको काम गर्नुपर्ने वाध्यता सिर्जना भएको पाइन्छ । यसरी आफ्नो देश छोडेर आएपछि साहुको ऋणतिर्नलाई भनेपनि जस्तोसुकै काम गर्नुपर्ने हुन्छ । यसरी विदेश जाँदा नेपाली युवायुवतीहरुले अनेक दुःखकष्ट सहनुपर्ने त छँदै छ त्यसका अतिरिक्त कोही कोही त अपाङ्ग भएर आउँछन् भने कोही रित्तो हात लिएर आउनुपर्ने हुन्छ । अझ कतिपय व्यक्तिहरुको त विभिन्न कारणले मृत्यु समेत हुने गर्दछ अनि भविष्य सुखमय बनाउने उद्देश्यले पाइला उचालेका यहाँका युवायुवतीहरुको लासमात्र आउने गर्दछ र परिवारमा शोकाकुल वातावरण सिर्जना हुने गर्दछ । दम्पत्तीमा एकको बिछोडमा जिन्दगी कसरी बिताउँला?, विदेशमानै मरियो भने दागबत्ती कसले देला

र घरपरिवारको कस्तो अवस्था होला  भन्ने चिन्ता मनमा हुँदाहुँदै पनि आर्थिक समस्याले यहाँका मानिसहरु विदेश जान बाध्य भएका हुन्छन् । यस्ता मानिसहरु यसरी आफ्नो विचार लोकगीतमा प्रस्तुत गर्दछन् :

राजाको हात्ती फुकेछ राती
तरेछ बागमत्ती
सानोमाया तरेछ बागमत्ती
बिरानो देशमा मै मरेँ भने
को देला दागबत्ती ?
सानो माया को देला दागबत्ती ?

समाजनै लोकगीतको सिर्जना स्थल हो । लोकगीतमा जे व्यक्त गरिएको हुन्छ त्यो समाज सापेक्ष नै हुन्छ । काभ्रेको भकुन्डे क्षेत्रका मानिसहरुको मुख्य पेसा कृषि हो । कृषकहरुले अन्न लगाउने र भित्र्याउने समय निश्चित हुन्छ । कुनै बाली हिउँद समयमा हुन्छ भने कुनै वर्षा समयमा हुने गर्दछ । मकै वैशाखमा लगाएर भाद्रमा भित्र्याइन्छ । गहुँ हिउँदमा लगाइन्छ भने धान बाली मुख्य वर्षा याम असारमा लगाएर मङ्सिरमा भित्र्याइन्छ । असारमा धान रोप्दै गीत गाउने गरिन्छ । ती गीतलाई असारे गीत भनिन्छ । असारमा धान रोप्न सुरु गर्नुभन्दा अगाडि मुहानमा एक मुठी बिउ समेत राखेर पूजाआजा, धूपबत्ती गरी राता टीका लगाएर रोप्न सुरु गरिन्छ । धान रोप्न सुरु गर्दा भकुन्डेबासी यसरी असारेगीत गाउने गर्दछन् :

एकै र मुठी खरको घाँस थुम्काकी देवीलाई
पहिलो चरण अरूलाई होइन यहीँकी भूमिलाई ।

असारमा धान रोप्ने क्रममानै आफ्ना रोपार दौँतरी साथीहरुसँग हिलो खेल्दै, रमाइलो गर्दै, आफ्ना मनका पीडाव्यथाहरु र आफ्ना इच्छ चाहनाहरु असारे गीतका माध्यमबाट व्यक्त गर्ने गर्दछन्(पराजुली, २०६४: २१२) । असारे गीतमानै जुहारी खेल्ने पनि गर्दछन् । यस्ता गीतले गर्दा खेतमा हिलोमा भासिएर बाउसे गर्ने, धान रोप्ने जस्ता पट्यार लाग्दा काम पनि सजिलैसँग सम्पन्न गर्न सहयोग मिल्छ ।असार महिनामा असारे गीत यसरी गाउने गरिन्छ :

धान है रोप्नु छुपु र छुपु असारको माससमा
राजाको बेठी म कन्ने केटी बाँच्नु आसमा ।

बाबा र ज्यूको यो गैरी खेत पानी है छिरुवा
माथैमा लाऊँ कि हातैमा लाऊँ कि बाबरी बिरुवा ।

छुपु र छुपु खेत है रोप्नु हातैमा बिउ छउन्जेल
राम्रैमा लाउँला मिठैमा खाउँला यो जीवन रहुन्जेल ।

भकुन्डे क्षेत्रका कृषकहरुले असारमा धान बाली पानीमा रुभ्दै अनेक दुःखकष्ट गर्दै लगाउँछन् । त्यसपछि गोडमेल, मलजल गरेर धान फलेर मङ्सिर मासमा धान पाकेपछि भित्र्याउँछन् । भित्र्याउँदा पहिले ठुलो ठुलो धान भ्कारेर खलामा निखारपिखार गर्नलाई परालको माच बनाएर राख्छन् । चारपाँच दिन भएपछि खलाकोबिचमा मियो गाडेर त्यो मियोमा गोरु घुमाएर दाइँ गर्ने प्रचलन पनि रहेको छ । यसरी दाइँ गरेर आएको धानलाई पट्ट्वा धान भनिन्छ । दाइँ गर्दा जति गोरु हिँडायो त्यति चाँडो हुने भएकाले गोरुलाई पुच्छर निमोठ्दै कुदाउने गरिन्छ । यसरी दाइँ गर्दा मियोका गोरुहरु भ्काले, माले , तारे, कामधेनुको नाति, लक्ष्मीका छोरा दाइँ गरेर खलो भरिदेऊ भन्दै गीत गाएर गोरु धपाउने अनि पराल फाल्नेले माडिएको पराल फाँक्ने गरिन्छ । कृषकहरु दाइँ गीत यसरी गाउने गर्दछन् :

दाइँ गरिदेऊ खलो भरिदेऊ
ह ह तारे ह ह
ह ह माले ह ह

काभ्रेको भकुन्डे क्षेत्रका छोरीचेलीहरु विवाह गरेर पराई घरमा गएपछि विशेष चाडबाड वा न्यास्रो लागेपछि मात्र त्यही पनि फुर्सद भएको खण्डमा आफ्नो माइत जाने गर्दछन् । त्यसमा पनि माइतमा आमा बुबाको ज्यान  छउन्जेल र घरमा पनि सासू ससुरा रहुन्जेल अनि बालबच्चा साना हुँदा मात्र माइत जाने गर्दछन् । आफ्ना छोराछोरी ठुला भएर घरपरिवार जम्माजाल भएपछि माइत जान पाउँदैनन् । यसरी माइतमा चाडबाडमा जान पाउन्जेल त्यसमा पनि तिज पर्वमा त माइती लिन आउनै पर्छ भन्ने धारणा रहेको पाइन्छ । तिजमा माइती छोरीचेलीलाई लिन आउने गर्दछन् । माइती लिन आएपछि घरका स्वामी, सासू वा ससुरालाई सोधेर मात्र चेलीहरु माइत  जाने गर्दछन् ।बिदा सकिएपछि उनीहरु पुन आफ्नै घरमा नै फर्कने गर्दछन् ।

महिलाहरुको ठुलो चाड तिज पर्वमा केही गरी घरमा नै बस्नुपऱ्यो भनेपनि छोरीचेलीहरु दुःख मानिरहेका हुन्छन् ।  यस्तो अवस्थामा घरबाट पठाउन मानिएन भने विभिन्न कामहरु तिजभरि

गर्ने कार्य गरेर वा पछि आएर गर्ने वाचामा नै लामो समयसम्म आफू माइत नगएको हुँदा पठाइनिन आग्रह गरेर भएपनि माइत जाने गर्दछन् । माइती लिन आउँदा छोरीचेलीहरु घर परिवारसँग यसरी बिदा माग्दछन् :

वर्ष दिनको तिजमा बाबा लिन आउनुभो
पठाएनन् स्वामी ज्यूले फर्की जानुभो
अलिपर चौतारीमा बस्नुस् मेरा बाबा
स्वामी मन बुझाएर आउँछु बरिलै ।

तिज पर्वमा महिला दिदी बहिनीहरु माइत जाने आफ्ना दौँतरी साथीसँगिनीसित दुःखसुखका कुरा गर्ने मनमा भएका पिरचिन्तालाई केही कम गराउने गर्दछन् । तिज पर्वमा आफ्ना लुगाहरुमध्ये राम्रो र विशेष गरेर राता सारी लगाउने अनि साथीहरुसँग कुनै चउर वा महादेवको मन्दिरमा गएर शिवको पूजा गरेर नाच्ने गाउने गर्दछन् । तिजका गीतमा आफ्ना मनका तिता मिठा अनुभूतिलाई ओकल्ने गर्दछन् । तिजमा आफ्ना गरगहनाका साथै उनीहरु भाडामा समेत अरूका गरगहना ल्याएर लगाउने गर्दछन् । तिज पर्वमा विवाह नभएका केटीहरु राम्रा पति पाउनर विवाह भएका महिलाहरु आफ्ना श्रीमान्को सुस्वास्थ्य र दीर्घायुको लागि निराहार ब्रत बसेर शिव भगवान्को आराधना गर्ने गर्दछन् । तिजे गीतमा मादल, चाँप र झ्याम्टा जस्ता वाद्यवाद् पनि प्रयोग गर्ने गरिन्छ । पञ्चमीको दिन पञ्चमी नुहाएर रनदेवताको पूजा गर्दै गीत पनि गाउने गरिन्छ । रनदेवताको थानमा छोरीचेलीहरु यसरी गीत गाउने गर्दछन् :

रनदेवताका थान वरिपरि कसका बत्ती बले है धिपिधिपी?
रनदेउताका थान वरिपरि चेलीका बत्ती बले है धिपिधिपी ।

रनदेउताका थानका वरिपरि कसका चेली नाच्छन् है छमछम ?
रनदेउताका थान वरिपरि बाबाका चेली नाच्छन् है छमछम ।

नेपालका अन्य ठाँउमा जस्तै काभ्रेको भकुन्डे क्षेत्रमा पनि सामाजिक कुसंस्कारको जरो उखेल्न सकिएको छैन । हाम्रो समाजमा पुण्य प्राप्त हुन्छ ,जिम्मेवारी पुरा हुन्छ र स्वतन्त्र हुन पाइन्छ भनेर छोरीको विवाह चाँडै गरिदिने प्रचलन रहेको छ । त्यस्तै काममा सहयोग पुग्छ भन्ने दृष्टिकोणले छोराको पनि आमाबाबुले चाँडै विवाह गरिदिने प्रचलन केही मात्रामाकायमै रहेको पाइन्छ । चाँडै

विवाह गर्दा छोरा वा छोरी कुनैले पनि शिक्षाको अवसर पाउन सक्दैनन् । शिक्षा प्राप्त गर्ने वेलामा पारिवारिक झमेलामा फस्नुपर्ने हुदाँ महिला वा पुरुष सक्षम हुन सक्दैनन् । त्यसमा छोराहरुले चाहिँ छोरीको भन्दा विवाह गरेपछि पनि केही अध्ययन गर्ने अवसर पाउने हुन्छन् र पछि गएर ठूलो व्यक्ति बन्न पनि सक्छन् । यसो भएमा पनि ती दुई पतिपत्नीमा एक शिक्षित अर्को अशिक्षित हुने हुँदा दुईको मनसाय नमिलेर सम्बन्ध विच्छेद वा बहु विवाह पनि हुन सक्छ । केटाहरु पढेर ठुलो व्यक्ति भई कामको शिलशिलामा टाढा पुग्ने र आफू सुहाउँदी केटीसँग पुनः विवाह गर्ने गरेको पनि पाइन्छ । यता घरकी पहिले विवाह गरेकी श्रीमती घरधन्दा र दुःखपीडाले श्रीमान् असुहाउँदो हुन्छे । अनि सानै उमेरमा बालबच्चा हुँदा शारीरिक स्वास्थ्य पनि प्रतिकूल भएर दुःख पाउनु पर्ने हुन्छ । यस्तो अवस्थामा एउटी चेलीले आफू नपढेको तर आफ्नो पतिपढेको पर्दा देखिएको समस्या यसरी प्रस्तुत गर्दछिन् :

स्वामीज्यूले भन्नु भयो दुधलाई मिलिक
नबुझेर मैले हेरैं मुखमा पिलिक्क
नपढेकी चेलीलाई पढेकालाई दिनुभो
बाबा र आमाले पाप लिनु भो ।
अङ्ग्रेजीमा भन्दा रैछन् पानीलाई वाटर
नबुझेर मैले ल्याएँ काँचो कटर
नपढेकी चेलीलाई पढेकालाई दिनु भो
बाबा र आमाले पाप लिनु भो ।

काभ्रेको भकुन्डे क्षेत्रमा पनि सासूले बुहारीलाई अनेक तरहका दोष लगाएर छोरालाई कुट्न लगाउने अझ ठुला भएका नन्द आमाजू वा विवाह गरेर माइत बसेका नन्द आमाजू घरमा छन् भने झन् बुहारीलाई बाँच्न गाह्रो हुन्छ । कसै कसैको त पुरुष (श्रीमान्) र महिला (श्रीमती) धेरै उमेरको फरक हुन्छ र केटीको उमेरमा नै पतिको मृत्यु भएर विधुवा हुन पुग्छन् । यस्तो अवस्थामा भकुन्डेबासी महिलाहरु त्यो पीडा झल्काउने गीत यसरी गाउँछन् :

सासु भन्छे बुहारी, बुहारी भन्छे जिउ
सिङ्माङमा राखेको कसले खायो घिउ?
खानु न पिउनु त्यसै मलाई दोष
चाहिँदैन सासूबजै तिम्रै छोरो पोष ।

नेपालीहरुको महान् चाड दसैंमा नौरथाभरि दुर्गा, भवानी, देवी, काली जस्ता शक्तिका प्रतीकहरुको पूजा आराधना गर्दै मालसिरी गाउने गरेको पाइन्छ । कुनै मन्दिरमा हो भने सामूहिक रूपमा र घरमा हो भने एकल रूपमा राग हालेर गीत गाउने गरिन्छ । मालसिरी गीत गाउँदा दुर्गा भवानीका विभिन्न नाम जप्दै यहाँ अहित गर्नेको नाश गरी अरूको सधैँ हित चिताउने सज्जन व्यक्तिहरुको रक्षा गर भन्दै पूजाआजा गरिन्छ । असुरहरुलाई मारी दुःख हर्ने शक्तिका पीठहरु दुर्गा कालीको धुमधामसँग पूजा गर्ने गरिन्छ । यसरी नौरथामा गाउने मालासिरी गीत यसरी गाउने गरिन्छ :

जयदेवी भैरवी दर्शन देऊ भवानी
असुर विनाशिनी जगत्की हितकारिणी
श्रीदेवी भगवती दुर्गा भवानी
जयदेवी गोरखकाली दर्शन देऊ भवानी ।

नेपालीहरुको दोस्रो महान् चाडका रूपमा लिइने तिहार कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल पक्षको द्वितीयासम्म पाँच दिन मनाइन्छ । तिहारको पहिलो दिन काग तिहार हो । यो दिन यमराजको दुत कागको पूजा गरिन्छ । दोस्रो दिन कुकुरको पूजा गरिन्छ । तेस्रो दिनलाई गाईतिहार भनिन्छ । यो दिन बेलुका धनकी देवी लक्ष्मीको पूजा गर्ने प्रचलन रहेको पाइन्छ । यसै दिन बिहानै लक्ष्मीको प्रतीक गाईलाई मानेर पूजा गरिन्छ भने बेलुका घरका झ्यालढोकामा, घरका कुनाकाप्चामा सरसफाई गरेर बत्ती बाली उज्यालो पार्ने गरिन्छ । यो दिन केटीहरुले भैलो खेल्ने प्रचलन् भकुन्डे क्षेत्रमा पनि रहेको पाइन्छ । भैलो खेल्दा कहिले एउटाले भट्याउने अरूले भैलो भन्ने गरिन्छ । कहिले सबैले भट्याउने र भैलो भन्ने गरिन्छ । भैलो खेल्ने क्रममा हामी त्यसै आएनौँ बलि राजाले पठाएको, भैलिनी आइन् आँगन गुनियाँ चोलो मागन, हामी सधैँ आउँदैनौँ,वर्ष दिनको एकपटकभन्ने जस्ता वाक्यहरु भन्दै भैलो खेल्छन् र अन्त्यमा आशिष दिएर बाँचे अर्को साल आउने बाचा गरी यसरी विदा हुन्छन् :

हामी त्यसै आएनौँ बलि राजाले पठाए
हे औँसी वार गाईतिहार-भैलो
कालले साँचे नमरी बाँचे
आघौँ आउँला खेलौँला
हे औँसी वार गाईतिहार -भैलो

काभ्रेको भकुन्डे क्षेत्रमा तिहारको चौथो दिन अर्थात् जुन दिनलाई गोरु तिहार भनिन्छ  त्यो दिन केटा मानिसहरु बेलुका र भाइटीकाको दिन बिहानसमेत देउसी खेल्ने गर्दछन् । "झिलिमिली झिल्ला तातो रोटी मिल्ला, रातो माटो चिप्लो बाटो" भन्दै देउसी खेल्ने गर्दछन् । रमाइलोको लागि वा कुनै संस्थामा आर्थिक सङ्कलन् गर्ने उद्देश्यले खेलिएको देउसी भैलोमा मादल बजाउने, देउसीकै भाकामा गीत गाउने र नाच्ने प्रचलन पनि रहेको पाइन्छ । बूढापाका मानिसहरु छन् भने बालन भजनसमेत भनेर एउटै घरमा धेरै बेर देउसी भैलो खेलेर धेरै पैसा झार्ने कोसिस् गर्ने गर्दछन् । अन्त्यमा भैलोको जस्तै आसिक दिएर देउसी गीत समाप्त गरिन्छ। देउसी गीत यसरी गाउने गरिन्छ :

आ है रातो माटो  - देउसी रे
आ है चिप्लो बाटो - देउसी  रे
आ है लड्दै पड्दै- देउसी रे
आ है आएका हामी -देउसी रे

काभ्रेको भकुन्डे क्षैत्रमा विवाहमा रत्यौली र सिलोक पनि भन्ने गरिन्छ । विवाहमा केटाका घरबाट वेहुला लगायत अन्य जन्तीहरु दुलही लिन केटीको घरमा गएपछि दुलही नआउन्जेल केटाका घरमा रत्यौली खेलिन्छ । यी गीत नृत्य वाद्यसहित गाइने गरिन्छ । रत्यौली गीत विशेष गरेर केटी अर्थात् महिलाहरुले मात्र खेल्ने गरिन्छन् । केटाहरुले खेले भने आयु घट्छ भन्ने किंवदन्ती रहेको पाइन्छ ।रत्यौली गीतमा केराको थाम वा परालको मुठाको घोडा बनाएर महिलाले पुरुषको कपडा लगाई जोगी बन्ने अनि घोडामा चढेर केटीलाई जिस्क्याउने, समाउने र तानेर नचाउने अभिनयात्मक लीला पनि देखाउने गरेको पाइन्छ । रत्यौली गीत एकोहोरी वा दाहोरी जुन पनि हुन सक्छ । रत्यौली गीतमा जोगीले घर परिवारका प्रायः सबै महिला सदस्यहरुलाई खोजेर नचाउने प्रचलन् रहेको पाइन्छ । रत्यौली गीतमा तिजको जस्तै राता सारी चोली लगाएर नाच्ने गर्दछन् । विवाहमा आफ्ना सम्पूर्ण गरगहना लगाई झकिझकाउ भएर चाँप लगाई मादलको तालमा नाच्ने गरिन्छ । रत्यौली गीत महिलाहरु यसरी गाउने गर्दछन् :

गोवर्द्धनले लगेको सुन चुरा
गीतालाई पुगेन कुन कुरा
जाई फुलको वासना नबोलेनी हाँसी राखन ।

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलाकी आमालाई खोजी खोजी ले

खोजी खोजी ले लाटा खोजी खोजी ले

बेहुलाकी दिदीलाई खोजी खोजी ले ।

उता दुलहीका घरमा दुलही लिन गएका जन्तीहरु र घर गाउँलेहरु रमाइलो गर्न र समय बिताउन सिलोक भन्ने गर्दछन् । सिलोक भन्दा एक पक्षले गीतका रूपमा प्रश्न गर्ने गर्दछ र अर्को पक्षले गीतमानै त्यस प्रश्नको उत्तर दिने गर्दछ । जन्ती र घर गाउँले यसरी सिलोक भन्ने गर्दछन् :

घरगाउँलेःकहाँ बाट आयौ, जनतीमनती कहाँसम्मको दाउ ?

धरती तमरे भान्जे बुहारी, केमा टेकी आयौ पाउ ?

जन्तीः घरबाट आयौँ जनतीमनती, यहीँसम्मको दाउ

धरती हामरे भान्जे बुहारी विष्णु विष्णु भनी टेकी आयौँ पाउ ।

बालबालिकाहरुको रमाइलो संसारमा गुन्जने बालगीतको आधारभूमि हुन्छ, आफ्नै सीमा हुन्छ । बालकहरु हुर्केको समाज र उनीहरुले नै देखेभोगेका विषयवस्तुले बालगीतमा स्थान पाएका हुन्छन् । ससाना केटाकेटीहरुको उत्साह, जिज्ञासा , मनोरञ्जन, मनोविज्ञान आदि बालगीतहरुमा गाँसिएर आउँछन् । बालगीत सरल रकोमल पाराका हुनुको साथै रमाइला, बुद्धि तिखार्न कुतकुताउने र सिर्जनाप्रति चासो जगाउने खालकासमेत हुन्छन् ।काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित बाल लोकगीतहरु बिसवटा सङ्कलन् गरिएको छ जसमा यो घर कसको, बसबस मौरी, ढुकुमुकु, ए लहरे, आमाबाबु थिएनन्, के कसरी कराउँछ ?, घामपानी, कुखुरी काँ, चीँ मुसी चीँ, ताराबाजी लैलै, जब पुग्यो, बाबा र ज्यूको नि त्यो टारी खेत, टपटप टोपी, काफल पाक्यो, मसी पोखेँ मैले , मेरी हजुरआमा, अस्ताएका घाम, झ्याइँ झ्याइँ बाजा, पानी पऱ्यो झमझम र आयो जुरेली पर्दछन् । बालगीतमा बालबालिकाहरुका जिज्ञासा र खुल्दुलीहरुलाई प्रकट गरेको पाइन्छ । बालगीतहरु अन्य गीतमा जस्तो विभिन्न प्रतीकहरुको प्रयोग नगरी सरल भाषामा गाइएका पाइन्छ् । यस्ता बालगीतको नमुना तल प्रस्तुत गरिएको छ :

आयो जुरेली नाच्यो जुरेली

जुरेलीले झिम्क्याएको हेर परेली

जुरेलीको गुँड छ वनको झाङमा

गुगा उसको पखेँटा आफ्नै आङमा

मानिस बालक, युवक र प्रौढ हुँदै समयको गतिसँगै वृद्ध हुन पुग्छन् । यौवन अवस्थामा मानिससक्रिय र सुन्दर देखिन्छन् । मानिस वृद्ध हुँदै गएपछि विस्तारै शारीरिक र मानसिक रुपमा शिथिल हुँदै जान्छन् । त्यसकारण वृद्ध अवस्थामा मानिसहरु यौवन अवस्थाको जस्तो काम गर्न पनि सक्दैनन् । यात्रा गर्नु त कहाँ हो कहाँ बाहिरभित्र गर्न पनि हम्मेहम्मे पर्ने हुन्छ । त्यसबेला उनीहरुलाई आँगनमै परदेश हुन्छ । जसले बुढो भएपनि घरको भार आफ्ना सन्तानलाई सुम्पन पाएका हुँदैनन् ती व्यक्तिहरुले जीवनले विश्रान्ति पाए पनि हुन्थ्यो भन्ने सोचेका हुन्छन् । जसले सबै कार्यभार सन्ततिहरुलाई सुम्पेका छन् । तिनीहरु पनि पहिला सबै काम आफैँले गरेको र बुढेसकालमा अर्काको खटनमा बस्नु पर्दा कता कता चित्त नबुझेको अनुभूति गरिरहेका हुन्छन् । गर्न नसकेकालाई हेरी जानु न गरी मर्नु भएको हुन्छ । फेरी नयाँ पिँढीले गरेको बुढापाकालाई त्यति चित्त बुझेको पनि हुँदैन । यदाकदा छोरा, नाति र बुहारीहरुले बुढापाका व्यक्तिहरु बोझ भएको अनुभूति पनि गरेको पाइन्छ । बुढाबुढीहरु यसरी आफ्नो अनुभूति प्रकट गर्दछन् :

बुढो भयो सब रङ्ग गयो
आँगन भयो परदेश
माझीलाई छपक्कै जालपनि
म दुःखीलाई आउँदैन काल पनि ।

भनिन्छ -कि पढेर जानिन्छ, कि परेर जानिन्छ । बुढापाका व्यक्तिहरु धेरै हन्डर र ठक्कर खाएर खारिएका हुन्छन् । त्यसकारण युवापिँढीलाई उनीहरुले धेरै सल्लाह र सुझाब दिने काम गरिरहेका हुन्छन् । बुढापाका व्यक्तिहरुको व्यवहार सरल र भरपर्दो हुन्छ । उनीहरु युवापिँढी पनि आफू जस्तै सरल र स्वच्छ होउन् भन्ने चाहन्छन् । कतिपय युवायुवती चाहिँ बुढापाका व्यक्तिहरुले दिएको अर्ती पटक्कै रुचाउँदैनन् । बुढापाका व्यक्तिहरुले नयाँ पुस्ताहरुको घिनौलो व्यवहार देख्दा उनीहरुलाई नपचेर यसरी गीत गाउने गर्दछन् :

ए नानी तिमी त पहेँली पुतली
दन्तैमा लाउने बिरी
आफ्नो जोबानीको उपयोग नगरे
आउँदैन जीवन फिरी
जङ्गलमा उडने जुरेली चरी हो ।

मासु मिठो ढुकुरको
मान्छे हेर्दा तिमी भलाद्मी चालको
बानी रै छ कुकुरको ।

### ५.२.१.२. धार्मिक दृष्टिले लोकगीतको विश्लेषण

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित केही लोकगीतहरु धार्मिक विषयसँग सम्बन्धित छन् । यी गीतहरु धार्मिक वा भक्तिभावका हुनुका साथ साथै साँस्कृतिक परम्परासँग जोडिएका पनि हुन्छन् । धार्मिक गीतहरुमा भजन, प्रार्थना, बालन आदि पर्दछन् । (पराजुली, २०६४:२३२)

धार्मिक चाडवाडका पूजाआराधना, सत्य नारायण, श्री स्वस्थानी ब्रतपूजाकको बेलामा विशेष धार्मिक गीतहरु सबै बालक, युवा र बृद्धले गाउने गर्दछन् । बृद्ध व्यक्तिहरु हरक्षण धर्मकर्ममा विश्वास राख्दछन् । त्यसकारण उनीहरु बिहान मुख धुने बेलामा, पूजाआजा गर्दा, बेलुका धूपबत्ती गर्दा, साँझको बत्ती बाल्दा विभिन्न देवी देवताहरुलाई पुकार्दै धार्मिक गीत गाउने गर्दछन् । जुनसकै शुभकार्य गर्दा दियो, कलश र गणेशको पूजा गरेर कार्यक्रम सुरु गरिन्छ । त्यसमा बलेको बत्तीलाई पाप विनाशको प्रतीकको रूपमा मानिन्छ भने पूर्ण कलशलाई पूर्णताको र शुभको प्रतीक मानेर पूजा गरिन्छ । शिव पुत्र गणेशलाई पनि पहिले नै पूजा गरेरमात्र कार्य सुरु गरिन्छ । यसरी ब्रत आरम्भ गर्ने बेलामा भजन गाउने गरिन्छ । जस्तै :

राम राम राम राम
ए पार्वती पुत्र गणेशजीलाई पहिल्यै नमस्कार
आहै पहिलो नमस्कार ।
राम राम राम राम
कैलाश पर्वतका महादेवजीलाई दोस्रो नमस्कार
आ है दोस्रो नमस्कार ।

काभ्रेको भुकन्डे क्षेत्रमा प्रचलित धार्मिक गीतहरुमा हरि भजन पनि गाउने गरिन्छ । हरिभजन कुनै ब्रत पूजाको बेलामा र पूजाको फुलपाती सेलाउने बेलामा घरबाट फुलपाती लिएर जलाशयतिर जाँदा हरिभजन गाउँदै गाउँदै जाने गरिन्छ । यस्तो भजन गाउँदा एउटा बुढोपाको व्यक्तिले भट्याउने र पछि अरू व्यक्तिहरुले हो हरेराम भनेर सँगै गाउने गरिन्छ । यस्ता भजनहरु रामायण वा महाभारतका राम, कृष्ण आदि चरित्रसँग सम्बन्धित हुन्छन् । हरिभजनमा झ्याली, मादल, ट्याम्पो, भ्याम्टा आदि बाजाहरुको प्रयोग गरिन्छ । हरिभजन गाउँदा सँगसँगै नाच्ने प्रचलन पनि यहाँ रहेको पाइन्छ । यस्तो भजन मण्डलीको अगुवा वा नाइके अनुभवी र वृद्ध व्यक्ति रहेको हुन्छ । यहाँका मानिसले अरू साँस्कृतिक कार्यक्रम गरे जस्तै घरमा हरि भजन मण्डली बोलाएर एक दिउँसभरि र त्यो रात पनि हरिभजन लगाउने अनि भोलिपल्ट बिहान जलाशयमा समेत भजन

गाउँदै फुलपाती सेलाउन जाने प्रचलन पनि रहेको छ । हरिभजन गाउँदा कृष्णलीला बताउने, रामलिला बताउने तथा राम र कृष्ण कसका छोरा हुन् भनी प्रश्न गरिन्छ । राज्य अभिषेकको वेलमा कैकेयी र मन्थराको गोप्य भेला भएका कुराहरु पनि गीतका माध्यमबाट व्यक्त गर्ने गरिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा हरि भजन यसरी गाउने गरेको पाइन्छ :

नारायण ............................ हरिहरि (राम राम राम राम)[२]

ए गुरु गणेश, ए हरेराम

जय गुरु गणेश हो,जय गुरु गणेश हो

शिरमा आई वास गरुन् जय गुरु गणेश ....................

नारायण हरि हरि

### ५.२.१.३.प्राकृतिक दृष्टिले लोकगीतहरुको विश्लेषण

प्रकृति ज्ञान, स्रोत र सौन्दर्यको अपार निधि हो । यसमा रहस्यमय विषयहरुको भण्डार रहेको पाइन्छ । काभ्रेको भकुण्डे क्षेत्र पनि प्राकृतिक गुणले भरिपूर्ण ठाउँ हो । यहाँ ससाना फाँटदेखि लिएर सानाठुला डाँडाहरु पनि रहेका छन् । भकुन्डे क्षेत्रमा घमाइला डाँडादेखि लिएर ओसिला ठाउँहरु पनि रहेका छन् । मेथिन्कोट पश्चिमपट्टि मोहडा फर्केकाले घमाइलो रहेको छ । फुलबारी पनि दक्षिणपट्टि फर्किएकोले यो ठाउँ पनि उछ्याइलो देखिन्छ तर खनालथोक र डराउनेपोखरीको भकुन्डे क्षेत्रमा पर्ने भूभाग उत्तरपट्टि फर्किएकाले गर्मी याममा शीतल हुन्छ भने जाडोमा एकदम ओसिलो र चिसो हुन्छ ।

ऋतु परिवर्तन भइरहन्छ । ऋतु परिवर्तन सँगै प्रकृतिले रूप फेरिरहन्छ । चैत वैशाख वसन्त ऋतुमा पर्ने महिना हुन् । यी महिनामा पर्ने ऋतुलाई ऋतुहरुको राजा मानिन्छ । वसन्त ऋतुमा शिशिर महिनामा झरेका रुखका पातहरु पलाएर वनजङ्गल हरियालीपूर्ण हुन्छ । वसन्त ऋतुमा वनजङ्गलमा फुल्ने फुलहरुले गर्दा वातावरण नै सुवासमय हुन्छ । वसन्त ऋतुमा बहने पवन पनि सुगन्धित् हुन्छ । वसन्त ऋतुमा वनजङ्गलमा कराउने कोकिलको मधुर स्वरले वातावरण नै सङ्गीतमय बनेको हुन्छ । वसन्त ऋतुले प्रकृतिलाई नै बेहुली जस्तै पारेर सिँगारेको हुन्छ । वसन्त ऋतुले प्रकृतिलाई जस्तै मानिसहरुको मन, सोचाइ व्यबहारमा समेत परिवर्तन ल्याएको हुन्छ ।
चैत वैशाख वसन्त ऋतुमा पर्ने महिनाहरु हुन् ।यस समयमा प्रकृतिमा विभिन्न किसिमका फुलहरु फुल्ने गर्दछन् । यसले गर्दा वरपरको वातावरण नै सुवासमय र हरियालीपूर्ण देखिन्छ । प्रकृतिमा रूख विरुवाहरु विभिन्न किसिमका हुन्छन् । वनजङ्गलमा विविध चराचुरुङ्गीहरु रहेका हुन्छन् । ती चराहरुमध्ये कोइली चरीको कुहूकुहू स्वरले वातववरणलाई नै सङ्गीतमय बनाएको हुन्छ । जेठको

चर्को घामले गर्दा काकाकूल पनि आफ्ना विरहवेदना पोख्दै चिन्तित भइरहेका हुन्छन् । वर्षा ऋतुमा पानी झमझम पर्ने गर्दछ । पानी परेपछि किसानहरु बाली लगाउँछन् । असोज कात्तिक शरद ऋतुमा पर्ने महिनाहरु हुन् । यी महिनामा न जाडो न गर्मी मध्यम किसिमको हावापानी हुन्छ ।यस समयमा आकाश खुला र स्वच्छ हुने गर्दछ । आकाशभरि ताराहरु झलमल देखिन्छन् । मङ्सिर र पुस महिना हेमन्त ऋतुमा पर्दछन् । यस समयमा मानिसहरु वर्षा याममा लगाएको बाली भित्र्याउँछन् ।अन्न थन्क्याएपछि मानिसहरु पहार तापेर हिउँद बिताउने गर्दछन् । माघ फागुनमा शिशिर ऋतु पर्दछ । शिशिर ऋतुमा रूखहरुका पात झरेर धर्ती नाङ्गो देखिन्छ ।

यसरी नेपालमा अन्य ठाउँमा जस्तै काभ्रेको भकेन्डे क्षेत्रमा पनि ऋतुपरिवर्तन भइरहन्छ र ऋतु अनुसार यहाँका मानिसहरुले गर्ने क्रियाकलाप पनि फरक फरक हुने गर्दछन् । वातावरणमा देखिने रुपरङ्ग पनि फरक फरक हुने गर्दछ । प्रकृतिमा देखिने रुपरङ्गलाई यहाँका मानिसहरु यसरी व्यक्त गर्दछन् :

चैत वैशाख वसन्तमा
फुल्छन् फुलै फुल
जेठ असार ग्रीष्म ऋतु
रुन्छन् काकाकुल
मङ्सिर पुस हेमन्तले
अन्न थन्क्याउँछ
माघ फागुन शिशिरले
धर्ती नङ्ग्याउँछ

### ५.२.२. लय वा भाकाका दृष्टिले लोकगीतको विश्लेषण

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरु मुख्यतया झ्याउरे लयमा गाउने गरिन्छ । झ्याउरे गीतलाई पनि लामो र छोटो लयमा गाउन सकिन्छ । भकुन्डे क्षेत्रमा गाइने लोकगीतहरुनिम्न अनुसार लयका दृष्टिले फरक फरक छन् :

#### ५.२.२.१. असारे लय वा भाका

काभ्रेको भकेन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुमा कर्म गीतका रूपमा चिनिने असारे गीतहरुलामो झ्याउरे लयमा गाइन्छन् । असारे भाकामा गाइने असारे गीतमा प्रत्येक गीतको हारमा सत्र वा अठार अक्षरहरु हुन्छन् । जस्तै :

सेतोमा सेतो हो चामलको पिठो, हो पहेँलो बेसार

यो बुढेसकालमा रोइ रोइ हिँड्नु पऱ्यो,तिमी भाको के सार ।

**५.२.२.२.तिजे लय वा भाका**

नेपाली महिला दिदीबहिनीहरुको महान् चाडका रुपमा लिइने तिज पर्वमा छोरीचेलीहरु सधैँको घरको चटारोलाई  छोडेर दुई दिनलाई भएपनि माइती लिन आएपछि माइत जाने गर्दछन् । माइत गएर आफ्ना सँगैका साथीभाइसँग भेटघाट गर्ने र दुःख सुख पोख्ने गर्दछन् । दुई तिन दिन सँगसँगै बस्ने ,खाने रमाइलो गर्ने, तिजे लयमा गीत गाउने गर्दछन् । गीत सँगैसँगै मादल बजाएर नाच्ने काम पनि सामूहिक रूपमा गरेका हुन्छन् । तिजे गीतमा तेह्रदेखि सोह्रअक्षरसम्म एक हारमा हुने गर्दछन् । तिजे गीत लामो भ्याउरे लयमा सामूहिक रूपमा नाच्ने गाउने गरिन्छ । तिजे गीत यसरी गाइन्छन् :

भुरुरुरु मैना चरी ऐँसेलुको झाडैमा

मलाई सम्झी नरोऊ आमा झिम्के साँझैमा

घिउ भरेर राख आमा फूल भरेको टिनमा

बाँचे भेट हुन्छ आमा वर्षे तिजमा

**५.२.२.३.मालसिरी लय वा भाका**

मालसिरी शरद् ऋतुमा पर्ने बडा दसैँको अवसरमा गाइन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा मालसिरी गीत नौरथाभरि शक्तिका प्रतीकहरु दुर्गा, भवानीको आराधना गर्दा गाउने गरिन्छ । यी गीत व्यक्तिगत वा सामूहिक रूपमा राग हालेर गाइन्छन् । मालसिरी गीतमा छदेखि पन्ध्र अक्षरसम्म हुन्छन् । मालासिरी गीतमा शक्तिका दाताहरु दुर्गा, भवानी, काली, देवी आदि नाम जपेर पूजा आजा गरिन्छ । नौरथा सुरुहुनु भन्दा पन्ध्र दिन अगाडिदेखि पन्ध्रदिन पछाडिसम्म पनि मालसिरी गीतको धुनमा हरेराम वा नारायण नारायण भजन भनेर मन्दिरहरुमा पूजाआजा गरिन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा गाइने मालसिरी गीत यसरी गाइन्छन् :

जय जय दुर्गा गोरखकाली देवी

दर्शन देऊ भवानी

हे हृदयजननी हे चण्डिके त्रिलोकको

जगत्को प्रतिपाल गर माई ।

### ५.२.२.४.देउसी भैलो लय वा भाका

भैलो गीतमा पहिलो र दोस्रो हारमा पाँचदेखि सात अक्षर हुन्छन् भने तेस्रो हारमा एघार अक्षर हुन्छन् । पहिलो र दोस्रो हारमा छोटो भाका हुन्छ तर तेस्रो हार लामो भाकामा गाइन्छ । भैलो गीतमा पनि कुनै गीत सबैले सँगसँगै गाइन्छ भने कुनै एक जनाले भट्याउने र अरु भैलीनीहरुले भैलो भन्ने गरिन्छ । भैलो गीतमा हामी भैलिनी आयौँ आँगन , बढारीकुँढारी राखन, आयौँ भैलो खेल्नलाई, लक्ष्मीले गरून् भलाइ आदि भनेर सामुहिक रूपमा भैलो गीत गाइन्छ । हामी बलि राजाले पठाएर आएका हौं, हामी सधैं आउँदैनौं, वर्षदिनको एकचोटी, दिने भए सिदा देऊ, नदिने भए विदा देऊ आदि भन्दै भैलो खेल्ने गर्दछन् ।

अन्त्यमा भैलिनीहरुले आशिष दिने क्रममा गाई भैँसी पाडा,कहिल्यैनहून् थारा, यो घरका जहान होऊन् ठुला महान् ,यो घरमा दुःखकष्ट नपरोस् ,सुख शान्ति छाइरहोस् आदि भन्ने गर्दछन् । भैलौ गीत यसरी गाइन्छ :

हामी त्यसै आएनौँ
बली राजाले पठाए
हे औँसी बारो गाईतिहारो भैलो

भैलो भन सङ्गी हो भैलो
भैलोकी भारी भैलो

तिहारको चौथो दिन देउसी गीत गाइन्छ । देउसी गीत केटाहरुले गाउने गर्दछन् । देउसी गीतको प्रत्येक हारमा नौ वा दस अक्षर हुन्छन् । देउसी गीतमा एउटाले भट्याउने  अनि अरू सबैले देउसी रे भन्ने प्रचलन् रहेको छ । देउसी भैलो गीतमा मादल,भ्याम्टा बजाएर देउसी वा भैलोकै भाकामा देउसी भैलो गीत गाउने अनि नाचगान गर्ने र जतिसक्दो धेरै दक्षिणा झार्ने प्रयत्न पनि हुने गर्दछ । देउसी गीत यसरी गाइन्छन् :

आ है रातोमाटो देउसीरे
आ है चिप्लो बाटो देउसी रे
आ है लड्दै पड्दै देउसी रे

आ है आएका हामी  देउसी रे

**५.२.३ झ्याउरे लय**

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरु झ्याउरे लयमा पनि गाउने गरिन्छ । झ्याउरे लयका गीतहरुलाई लघुतम र लघ गरी दुई भागमा विभाजन गर्न सकिन्छ । लघुतम झ्याउरे गीतहरु छोटा पाँच छ अक्षरका हुन्छन् भने लघु  झ्याउरे लयका गीतहरु आठ नौ अक्षरदेखि सत्र अठार अक्षरका हुन्छन् । यस्ता गीतका नमुना तल प्रस्तुत गरिएका छन् :

चढेर माथि

रुखको डाली

म छुन सक्तिन

ढुकुमुकु ढुकुमुकु कसको हात ? राजाको ।

ढुकुमुकु ढुकुमुकु कसको हात ? रानीको ।

**५.२.४. विविध लय**

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित गीतहरु अन्य लयमा पनि गाउने गरिन्छ । यहाँ गाइने बालगीतहरुको छुट्टै लय रहेको पाइन्छ । बुढापाका व्यक्तिहरुले गाउने सिलोक र सबाईको पनि छुट्टै लय रहेको पाइन्छ । हरिभजन र बालन भजनको पनि आफ्नै किसिमको भाका वा लय रहेको पाइन्छ । भकुन्डे क्षेत्रमा विवाहमा गाइने खाँडो गीतको पनि एउटा लय रहेको पाइन्छ । यहाँ गाइने घाँसे गीत अन्य कार्यक्रममा गाइने गरेका एकाहोरी तथा दोहोरी गीतको पनि आफ्नै किसिमको लय पाइन्छ । यो लयमा दुवै हारमा दश दश अक्षरहरु छन् ।जस्तै :

आलुकाटी थालैमा चकना

चिठी हेर्दा मुटुमै भक्काना ।

बालगीतहरु कुनै लघुतम झ्याउरे लयमा गाइन्छन् भने कुनै लघु झ्याउरे लयमा गाइन्छन् । लघुतम झ्याउरे लयमा प्रत्येक हारमा पाँच अक्षर हुन्छन् भने लघु झ्याउरे लयमा सोह्र अक्षर हुन्छन् । जस्तै :

ढुकुमुकु ढुकुमुकु कसको हात ? राजाको ।

ढुकुमुकु ढुकुमुकु कसको हात ? रानीको ।

बुढापाका व्यक्तिहरुले गाउने सवाई र सिलोकमा पनि छुट्टै लय रहेको पाइन्छ ।यो लय लघु झ्याउरे लयभित्र पर्ने गर्दछ । सवाईमा प्रत्येक हारमा बाह्र तेह्र अक्षर हुन्छन् भने सिलोकमा

उन्नाईस  अक्षर हुन्छन् ।प्रश्न र उत्तरको भाकामा विवाह वा अन्य कार्यक्रममा सिलोक भन्ने गरिन्छ। सवाई रसिलोक यसरी भन्ने गरिन्छ :

सासू भन्छे बुहारी बुहारी भन्छे जिउ
कसले खायो सिङमाङको घिउ ?
खानु न पिउनु त्यसै मलाई दोष
चाहिँदैन सासू बजै तिम्रै छोरो पोस
नन्द आमाजूको गोडा मिच्नु पर्ने
नमिच नमिच भन्छन् ठन्टी पार्छन् कोला कोला

घर: कहाँबाट आयौ जनतीमनती, कहाँसम्मको दाउ ?
धरती तमरे भान्जे बुहारी, केमा टेकी आयौ पाउ ?

जन्जी : घरबाट आयौँ जनतीमनती, यहीँसम्मको दाउ ।
धरती हामरे भान्जे बुहारी, "विष्णु विष्णु" भनी टेकी आयौँ पाउ ।

हरि भजन र बालन भजनको पनि आफ्नै किसिमको भाका वा लय रहेको पाइन्छ । यी गीतहरु लघु झ्याउरे लयमा गाउने गरिन्छ । बालन भजनमा चौधदेखि सत्र अक्षर हुन्छन् ।बालन भजनको नमुना तल प्रस्तुत गरिएको छ :

हरे राम हरे राम
राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण
कृष्ण कृष्ण हरे हरे

विवाहमा खाँडो पनि भन्ने प्रचलन छ । खाँडोमा दसदेखि अठाह्र अक्षर हुन्छन् ।यो लघु झ्याउरे लयमा भन्ने गरिन्छ। जस्तै :

पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशा जित्नको
लङ्कापलङ्का जित्नको
नागादेश घोरमुखा देश जित्नको
शूरवीर सेना चलते है

### ५.२.५. भाषिक दृष्टिले विश्लेषण

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुमा प्रयुक्त भाषिक स्वरूप पनि आफ्नै प्रकारको छ । यस क्षेत्रका लोकगीतहरुमा कृत्रिमता वा बनावटरहित सरल,सरस र स्वाभाविक भाषाको प्रयोग भएको पाइन्छ । यहाँका गीतहरुमा अनुकरणात्मक शब्दहरु सरर,बाँबाँ, काका, दङदङ, घुँकघुँक, थप्राकथुप्रुक, गडगडाइ ,चीँ चीँ, स्यापै, झिलिमिली आदि प्रयोग भएको पाइन्छ । लौ, रे,कि,झैँ,त,खै, पो, नि, है, हे जस्ता निपातहरुका प्रयोगले गीतमा मिठास थपेको पाइन्छ ।

यहाँका प्रचलित गीतहरुमा अर्मले, खरु, रेखी जस्ता स्थानीय शब्दहरु प्रयोग भएका पाइन्छन् । त्यस्तैगरी शिर, सपनी, पत्र जस्ता तत्सम शब्द र भगवान, चैत, जेठ, असोज, मङ्सिर, माघ, साउन, फागुन, आँसु जस्ता तत्भव शब्दहरु पनि प्रयोगमा आएका छन् । जस्तै :

चीँ चीँ मुसी
मुसीले काट्यो धान
धान खाने मुसीको
उखेल्देऊ न कान

झिलिमिली झिल्ला देउसी रे
तातो रोटी मिल्ला देउसी रे

गोरु डुक्रन्छ होक्काँ
काग कराउँछ का का
हाँस कराउँछ स्वाइँ
सुँगुर कराउँछ घुँकघुँक

### ५.२.६. मौलिकताका दृष्टिले विश्लेषण

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीहरुमा प्रशस्त मौलिकता पाइन्छ । यहाँका लोकगीत लोकतत्वले भरिएका छन् । लोकविश्वास, लोकका मान्यता एवम् स्थानीय बोलचालका भाषा, थेगा आदिको प्रयोगले यिनमा रोचकता र कौतुहलता थपिएको देखिन्छ । यहाँ सङ्कलित गीतहरुमा भकुन्डेमा आइपुग्यो आइपुग्यो सरर नेपालथोकको बस भन्ने भाकामा यहाँको छुट्टै मौलिकता रहेको छ । यहाँ वरपर पर्ने सोती र दाप्चेखोला यहाँका सिँचाइका स्रोत हुन् भनेर उल्लेख गरिएका छन् । यहाँ रोपाइँमा असारे भन्ने,दाइँ गर्दा गीत गाउने,विवाहमा रत्यौली खेल्ने,सिलोक भन्ने आदि प्रचलन रहेको पाइन्छ

# परिच्छेद छ

# उपसंहार

## ६.१. सारांश

प्रस्तुत शोधपत्रमा छ परिच्छेद तथा अनेकौं शीर्षक र उपशीर्षक रहेका छन् ।

**परिच्छेद एक**माशोध परिचय दिइएको छ  जसमा विषय परिचय, अध्ययनको उद्देश्य,अध्ययनको औचित्य, समस्या कथन, अध्ययनको सीमा, पूर्वकार्यको समीक्षा, अध्ययन विधि र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छन् ।

**परिच्छेद दुई**मा काभ्रेको भकुन्डे क्षेत्रको संक्षिप्त परिचय दिइएको छ । यसक्रममा काभ्रेको भकुन्डे क्षेत्रको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक परिचयमा प्राकृतिक स्वरूप , हावापानी, नदीनाला, वनजङ्गलको परिचय दिइएको छ । सामाजिक तथा सांस्कृतिक अवस्थामा जातजाति, धार्मिक अवस्था, भाषिक अवस्था, शैक्षिक अवस्था , स्वास्थ्य अवस्था, साहित्यिक गतिविधिको उल्लेख गरिएको छ । त्यसै गरी आर्थिक अवस्थाको परिचय दिने क्रममा उद्योगधन्दा, खेतीपाती, रोजगारीको अवस्था पनि उल्लेख गरिएको छ ।

**परिच्छेद तीन**मा लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीतको सैद्धान्तिक परिचय दिइएको छ । यस क्रममा विभिन्न उपशीर्षकमा लोकगीतको वर्गीकरण र यसका विशेषता आदिबारे चर्चा गरिएको छ ।

**परिच्छेद चार**मा काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई सङ्कलन गरी प्रस्तुत गरिएको छ । सङ्कलित लोकगीतहरुलाई वर्गीकृत रूपमा राखिएको छ ।

**परिच्छेद पाँच**मा काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीहरुलाई प्रथमत संरचना, सहभागिता, उमेर, लिङ्ग, प्रस्तुतिका आधारमा वर्गीकरण गरिएको छ । यसका साथै विभिन्न विद्वानहरुले गरेजस्तै प्रकार्यका आधारमा बाह्रमासे गीत,कर्मगीत, पर्वगीत, धार्मिक गीत र संस्कार गीत गरी पाँच प्रकारमा वर्गीकरण गरिएको छ । बाह्रमासे गीतमा जुनसुकै समयमा पनि गाइने घाँसे गीत, दोहोरी गीत, बालगीत र सबाई आदि रहेका छन् । यस्ता लोकगीतले यहाँका मानिसहरुको सम्पूर्ण पक्षलाई छोएका हुन्छन् । कर्मगीतमा पर्ने असारे र दाइँ गीतले यहाँ गरिने कामको परिचय दिनुको साथै यहाँका कृषक जीवनका भोगाइ र मनोदशालाई व्यक्त गरेका छन् । पर्वगीतले काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित विभिन्न पर्वहरु तिज, दसैं, तिहार आदि पर्वको जानकारी गराउँछन् । धार्मिक गीतहरुले यहाँका बुढापाका व्यक्तिहरुको मनोभावनालाई व्यक्त गरेका छन् ।

संस्कार गीत अन्तर्गत पर्ने रत्यौली, सिलोक, खाँडो गीतहरुले काभ्रेको भकुन्डे क्षेत्रको सँस्कारलाई देखाउनुको साथै यसको संरक्षण समेत गरेका छन् ।

प्रस्तुतिका दृष्टिले काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित सबै लोकगीतहरु आआफ्नै किसिमका छन् । कुनै गीत पुरुषद्वारा मात्र गाइन्छन् भने कतिपय गीतहरु महिलाले मात्र गाउने गर्दछन् । जस्तै; यहाँ बालन, खाँडो, दाइँ जस्ता गीतहरु पुरुषले मात्र गाउँछन् भने तिजे, रत्यौली, भैलो जस्ता गीतहरु महिलाले मात्र गाउँछन् । त्यस्तै कुनै गीतहरु महिला पुरुष दुवैले गाउने गर्दछन् । एकोहोरी, दोहोरी, बालगीत, असारे, सिलोक आदि दुबैले गाउने गीतहरु हुन् ।

यहाँका गीतहरु संरचनाका दृष्टिले लघुतम र लघु गरी दुई भागमा बाँडिएका छन् । लघुतममा छोटा गीतहरु बालगीत, दाइँ गरी देऊ जस्ता गीतहरु पर्दछन् भने लामा खालका सिलोक, खाँडो आदि गीतहरु लघु गीतमा पर्दछन् । सहभागिताका आधारमा काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित गीतहरु एकोहोरी, दोहोरी र सामूहिक गरी तिन भागमा विभाजन गरिएको छ । घाँसे गीत एकोहोरी गीतका रूपमा रहेका छन् भने केही दोहोरी गीतका रूपमा रहेका छन् । त्यस्तै कुनै गीत सामूहिक रूपमा पनि गाइन्छन् ।

यहाँ गाइने गीतहरु कुनै बाजा र नृत्यसँगै गाइन्छन् भने कुनै बाजा र नृत्य नभए पनि गाइन्छन् । सिलोक, रत्यौली, बालन, देउसी, भैलो बाजा र नृत्यमा गाइन्छन् । असारे घाँसेगीत दाइँगीत बाजा र नृत्य प्रयोग नगरी गाइन्छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने काभ्रेको भकुण्डे क्षेत्रमा गाइने लोकगीतहरु बाह्रमासे, पर्व, धार्मिक, कर्म र संस्कारगीत गरी पाँच प्रकारका छन् । यी लोकगीतहरुमा स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक स्थिति, बाल अवस्थाका साथै लोकमानसका विविध पक्षको चित्रण गरिएको पाइन्छ । त्यसैगरी यी लोकगीतहरुमा यहाँका मानिसहरुको आँसुहाँसो, मिलनविछोड, उत्साहउमङ्ग, हर्षबिस्मात प्रकट भएका छन् ।

## ६.२.प्राप्ति

जुनसुकै कार्य गर्दा पनि त्यसकार्यको पछाडि केही न केही कुरा प्राप्त हुन्छ । काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनबाट पनि केही कुरा प्राप्त भएका छन् । यस अध्ययनले काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरु के कति रहेछन् भन्ने कुराको ज्ञान भयो । त्यस्तै गरी यहाँका मानिसहरुका घरघरमा पुगेर क्षेत्रीय अध्ययनका माध्यमबाट उनीहरुको मुखबाटै सङ्कलित लोकगीतहरु लिपिबद्ध भए । भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुलाई के कति हिसाबले वर्गीकरण

गर्न सकिँदो रहेछ भन्ने कुरा सबैलाई जानकारी भयो । भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको विश्लेषणबाट त्यहाँ सामाजिक,धार्मिक र प्राकृतिक विषय भएका लोकगीतहरु रहेको निष्कर्ष निक्लियो । यसरी नै झ्याउरे,तिजे,भैलौ,देउसी, मालसिरी आदि अनेक लयहरु ती गीतमा रहेको र तिनलाई गाउँदा मादल ,झ्याम्टा चाँप आदि प्रयोग हुने कुरा स्पष्ट भयो । भाषिक रूपमा विभिन्न तत्सम ,तत्भव र अनुकरणात्मक शब्दका साथै स्थानीय शब्दहरु पनि त्यहाँ देखिएका छन् ।

### ६.३. भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरु

काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतहरुको अध्ययन भन्ने शीर्षकमा गरिएको अध्ययनले लोकगीतका क्षेत्रमा  महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । भविष्यमा यस क्षेत्रका लोकगीतहरुको अध्ययनका निम्ति निम्न शीर्षकहरु सम्भाव्य देखिन्छन् :

१.काभ्रेको भकुन्डे क्षेत्रका धार्मिक लोकगीहरुको अध्ययन

२.काभ्रेको भकुन्डे क्षेत्रका सामाजिक लोकगीतहरुको अध्ययन

३. काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित संस्कार गीतहरुको अध्ययन

४.काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित बालगीतहरुको अध्ययन

५.लयका आधारमा काभ्रेको भकुन्डे क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन


# परिशिष्ट एक

## सामग्री सङ्कलनमा सहयोग गर्नेहरुको नामावली

| क.सं. नाम | ठेगाना | लिङ्ग | उमेर | योग्यता |
|---|---|---|---|---|
| १.अग्निधर खनाल | खनाल थोक - ५ | पु | वर्ष ७६ | साक्षर |
| २.अञ्जु वि.क | खनाल थोक- ६ | म | वर्ष २ | स्नातक |
| ३.कमला खनाल | खनाल थोक- ५ | म | वर्ष ४५ | कक्षा ५ |
| ४.करुणा खनाल | खनाल थोक - ५ | म | वर्ष १० | कक्षा ४ |
| ५.कुलचन्द्र खनाल | खनाल थोक - ५ | पु | वर्ष ३५ | स्नातकोत्तर |
| ६.कुशल खनाल | खनाल थोक- ५ | पु | वर्ष ६ | कक्षा १ |
| ७.कुसुम खनाल | खनाल थोक - ५ | म | वर्ष ९ | कक्षा २ |
| ८.गीता श्रेष्ठ | फुलबारी- ६ | म | वर्ष ३१ | साक्षर |
| ९.धनुमायाँ तामाङ | खनाल थोक-४ | म | वर्ष २८ | आई.ए |
| १०.प्रदिप कुइँकेल | डराउने पोखरी- ५ | पु | वर्ष १० | आई.ए. |
| ११.प्रमिला कुइँकेल | खनाल थोक -४ | म | वर्ष १६ | कक्षा १० |
| १२.बिमला खनाल | खनाल थोक - ७ | म | वर्ष ६० | साक्षर |
| १३.विनीता खनाल | खनाल थोक - ८ | म | वर्ष ४५ | साक्षर |
| १४.बिनीता वि.क | डराउने पोखरी - ६ | म | वर्ष १४ | कक्षा ९ |
| १५. बिन्दा अधिकारी | फुलबारी- ५ | म | वर्ष २२ | आई.ए |
| १६.बिन्दा काफ्ले | मेथिन्कोट - ५ | म | वर्ष १३ | कक्षा ८ |
| १७.बिन्दा खनाल | खनालथोक - ६ | म | वर्ष २२ | स्नातक |
| १८.माधव प्रसाद खनाल | खनाल थोक - ५ | पु | वर्ष ५० | एस.एल.सी. |

| | | | | |
|---|---|---|---|---|
| १९.मीरा प्याकुरेल | फुलबारी- ६ | म | वर्ष ३५ | एस.एल.सी. |
| २०.मीरा सिग्देल | खनाल थोक - ७ | म | वर्ष ३१ | एस.एल.सी. |
| २१.रमा खनाल | खनाल थोक -८ | म | वर्ष ११ | कक्षा ६ |
| २२.रमा श्रेष्ठ | खनाल थोक - ५ | म | वर्ष १३ | कक्षा ८ |
| २३.रविना श्रेष्ठ | डराउने पोखरी - ७ | म | वर्ष १२ | कक्षा ७ |
| २४.राधा खनाल | खनाल थोक - ६ | म | वर्ष ३५ | साक्षर |
| २५.लक्ष्मी खनाल | खनाल थोक-३ | म | वर्ष ५६ | साक्षर |
| २६.विजय खनाल | खनाल थोक-३ | पु | वर्ष ३१ | स्नातक |
| २७. श्रद्धा खनाल | खनाल थोक-५ | म | वर्ष १३ | कक्षा ९ |
| २८.सरस्वती खनाल | खनाल थोक - ५ | म | वर्ष ३२ | एस.एल.सी. |
| २९. सुशीला तामाङ | मेथिन्कोट - ४ | म | वर्ष १४ | कक्षा ९ |
| ३०.सीता प्याकुरेल | फुलबारी - ४ | म | वर्ष ७८ | निराक्षर |
| ३१.हिरा कुमारी खनाल | खनाल थोक-५ | म | वर्ष ७६ | निराक्षर |
| ३२. हिरादेवी काफ्ले | मेथिन्कोट - ८ | म | वर्ष ८७ | निराक्षर |
| ३३. हेमन्त खनाल | खनाल थोक - ५ | पु | वर्ष २० | एस.एल.सी. |

## अध्ययन क्षेत्रको नक्सा



# सन्दर्भ कृति सूची


१. उपाध्याय, कृष्णदेव (१९९८), ***लोकसाहित्यको भूमिका,***सा.सं., प्रयाग : साहित्य भवन लिमिटेड ।

२. उपाध्याय, केशव प्रसाद (२०४८), ***पूर्वीय साहित्य सिद्धान्त,*** दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

३. कन्दङ्वा, काजीमान (२०२०), ***नेपाली जनसाहित्य,*** काठमाडौँ: रोयल नेपाल एकेडेमी ।

४. कोइराला, कृष्णराज (२०४९), ***नेपालीलोकगीत सङ्ग्रह,*** विराटनगर : कोइराला प्रकाशन ।

५. कोइराला, शम्भुप्रसाद (२०५५), ***लोकसाहित्य सिद्धान्त र विश्लेषण,*** विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

६. खनाल, यन्त्रनाथ (२०६२), "साहित्यकार तेजप्रकाश श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन",त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित एम.ए. शोधपत्र ।

७. गिरी, जीवेन्द्रदेव (२०५७), ***लोकसाहित्यको अवलोकन,*** काठमाडौँ: एकटा प्रकाशन ।

८. घिमिरे, कृष्णप्रसाद(२०५४), "लोकगीतको परिभाषा र वर्गीकरण", ***कुञ्जिनी,*** (साहित्य समालोचना विशेषाङ्क), वर्ष ५, अङ्क ३,पृ ५८ देखि ६१ ।

९. जोशी, सत्यमोहन (२०४१), ***हाम्रो लोकसंस्कृति,*** काठमाडौं : रन्तपुस्तक भण्डार ।

१०. त्रिपाठी, वासुदेव (२०३२), ***सिंहावलोकन,*** दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

११. थापा, धर्मराज (२०३०), **गण्डकी सुसेली,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१२. थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), ***नेपाली लोकसाहित्यको विवेचना*** , काठमाडौँ : पा.वि.के. त्रि.वि. ।

१३. नेपाल, पूर्णप्रकाश यात्री (२०४१), ***भेरी लोकसाहित्य,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१४.नेपाल, वसन्तकुमार शर्मा (२०५८), ***नेपाली शब्दसागर,*** दो.सं, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

पन्त, कालिभक्त (२०२८),हाम्रो सांस्कृतिक इतिहास, स्याङ्जा: लेखक स्वयम् ।

१५.पराजुली, कृष्णप्रसाद (२०६४), ***नेपाली लोकगीतको आलोक,*** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

१६.पोखरेल, बालकृष्ण र अन्य सम्पा. (२०४०), ***नेपाली बृहत् शब्दकोश ,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१७.बन्धु, चूडामणि (२०५८), ***नेपाल लोकसाहित्य,*** काठमाडौं : एकता बुक्स ।

१८.लोहनी, लक्ष्मण (२०२२), **रोदीघर,** दो.सं., काठमाडौं : रत्न पुस्तक भण्डार ।

१९.वर्मा, धीरेन्द्र सम्पा., (२०२०), ***हिन्दी साहित्यकोश,*** भाग १, दो.सं., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

२०.शर्मा, शारदा (२०६२),“सङ्खुवासभामा प्रचलित उखानहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण” त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित एम.ए. शोधपत्र ।